साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

वेबसाइट: www.sanghunews.com

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १०२औं दिन

वर्ष ४३, अंक २९, २०८२, पुस ७ गते, सोमबार (Dec. 22, 2025) मूल्य रू. १०/-

## जेन-जी बलप्रयोग काण्ड छानबिन :
# पूर्व गृहमन्त्री लेखक बयान दिन तयार

**काठमाडौं । जेन-जी आन्दोलनका क्रममा भएको बलप्रयोग, मानवअधिकार उल्लङ्घन, भौतिक क्षति तथा अन्य घटनाको छानबिन गर्न गठित तीन सदस्यीय जाँचबुझ आयोगले सम्बन्धित व्यक्तिहरूको बयान तीव्र रूपमा लिइरहेको छ । आयोग गौरी बहादुर कार्कीको नेतृत्वमा गठन गरिएको थियो ।**

अन्तरिम सरकारले २०८२ असोज ५ गते जाँचबुझ आयोग ऐन, २०२६ ९ऋयकक्ष्क्कथ्यलक या क्ष्लत्रगष्चथ ब्अत, १९६९) को आधारमा उक्त आयोग गठन गरेको हो । ऐनको दफा ३ अनुसार नेपाल सरकारले सार्वजनिक महत्वका विषयमा सत्य-तथ्य पत्ता लगाउन आवश्यक ठानेमा जाँचबुझ आयोग गठन गर्न सक्ने कानुनी व्यवस्था छ ।

उक्त ऐनले आयोगलाई घटना सम्बन्धी तथ्य संकलन गर्ने, साक्षी बोलाउने र बयान लिने, आवश्यक कागजात तथा प्रतिवेदन माग गर्ने, स्थलगत निरीक्षण गर्ने तथा सरकारलाई सिफारिससहित प्रतिवेदन बुझाउने अधिकार प्रदान गरेको छ। यही कानूनी अधिकार प्रयोग गर्दै आयोगले जेन-जी आन्दोलनका क्रममा सुरक्षा निकायबाट भएको बलप्रयोग, नागरिकका मानवअधिकार उल्लङ्घन, व्यापक भौतिक क्षति तथा समग्र राज्य संयन्त्रको भूमिका र जिम्मेवारीबारे छानबिन अघि बढाइरहेको छ ।



यसै बीच, जेन-जी आन्दोलन जाँचबुझ आयोगमा तत्कालीन गृह मन्त्री रमेश लेखक पनि बयान दिन जाने भएका छन् । नैतिकताको आधारमा २०८२ भदौ २३ गते नै गृह मन्त्री पदबाट राजीनामा दिएर सरकारबाट बाहिरिएका लेखकले कानूनको सम्मान गर्दै आयोगसमक्ष उपस्थित भई बयान दिने तयारी गरेको डीएलए(डेमोक्रेटिक लयर्स एशोसियसन) स्रोतले जनाएको छ ।

स्रोतका अनुसार, पूर्व गृह मन्त्री लेखकले केही दिनअघि डीएलएसम्बद्ध वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूसँग आयोगमा बयान दिने कि नदिने भन्ने विषयमा परामर्श गरेका थिए । परामर्शमा सहभागी प्रायः वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले कानूनको सम्मान गर्दै आयोगसमक्ष गएर बयान दिनु उपयुक्त हुने सुझाव दिएका थिए ।

पूर्व गृह मन्त्री लेखकले आफूले गोली चलाउने आदेश नदिएको, कुनै पनि हिंसात्मक गतिविधिको पक्षमा नरहेको र यही कारणले नै नैतिक जिम्मेवारी स्वीकार गर्दै गृह मन्त्री पदबाट राजीनामा दिएको धारणा व्यक्त गर्दै आएका छन् । २०८२ भदौ २३ र २४ गते भएका अकल्पनीय घटनाबारे उनले अधिवक्ताहरूको साथमा आयोगसमक्ष उपस्थित भई बयान दिने र दुःख व्यक्त गर्ने तयारी गरेको स्रोतले जनाएको छ ।

डीएलए स्रोतका अनुसार, आयोगसमक्ष उपस्थित भएपछि बयान दिनै पर्ने जबर्जस्ती कानूनी बाध्यता भने छैन । कानूनअनुसार बयान नदिने वा "यस विषयमा केही नबोल्ने" अधिकार पनि सम्बन्धित व्यक्तिलाई रहन्छ । तर, सार्वजनिक महत्वको (बाँकी पृष्ठ ८ मा)

# निर्वाचन कि प्रतिनिधि सभा पुनर्स्थापना ?
# फुट्दै जेनजी, दोधारमा दल र धरापमा २१ फागुन

**काठमाडौं । राजनीतिक अन्योल अझै कायम : नेपालको राजनीतिमा अझै पनि स्पष्ट खाका देखिन सकेको छैन । २०८२ फागुन २१ गते निर्वाचन हुने कि प्रतिनिधि सभा पुनर्स्थापना हुने भन्नेमा अझै पनि दोधारको अवस्था छ । नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचनमा प्रतिबद्ध भएर लागेको देखिन्छ भने नेकपा एमाले र नेपाली कांग्रेस अझै पनि दुई डुंगामा खुट्टा राखिरहेका छन् ।**

**जेन-जी धारणा र आन्दोलनको व्याख्या**

यसैबीच केही जेन-जी युवाहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको कित्तामा आफ्ना धारणाहरू सार्वजनिक गर्न थालेका छन् । यसको पछाडिको कारणका रूपमा जेनजीको सुरुवाती माग प्रतिनिधिसभा विघटन र निर्वाचन नै थिएन । उनीहरूको व्याख्या अनुसार यो सरकार निर्वाचन गराउनका लागि गठन भएकै होइन । त्यसैले उनीहरू २०८४ मा हुने निर्वाचन २०८२ मा सार्नका लागि यो आन्दोलन र सहमति गरिएको होइन भन्ने निष्कर्षमा पुगेका छन् । उनीहरूले यसो भनिरहँदा प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दालाई सघाउ पुगेको देखिन्छ ।

**निर्वाचन रोक्ने चेतावनी र त्यसका कारण**

अर्को कुरा, जेनजीहरूले आफ्ना माग पूरा नभएमा निर्वाचन हुनै नदिनेसम्मका धारणाहरू सार्वजनिक गरिरहेका छन् । यसका पछाडि समेत केही कारणहरू छन् । पहिलो कारण, जेनजी आन्दोलन कुनै पूर्व-नियोजित वा योजनाबद्ध आन्दोलन थिएन । सामान्य माग राखेर युवा जमातले प्रदर्शन गर्न खोजेकोमा यसले भयावह रूप लियो र जनधनको ठूलो क्षति भयो। यसको जिम्मेवारी लिन सक्ने ल्याकत र हैसियत जेनजी आन्दोलनका अगुवाहरूसँग छैन ।

दोस्रो कुरा, नेकपा एमाले लगायतका केही राजनीतिक दलका नेताहरूले यो आन्दोलन र सरकारलाई 'हाहा हुहु' भनेर नजरअन्दाज गरेका थिए । तर अहिले एमालेले महाधिवेशनमार्फत शक्ति प्रदर्शन गरिसक्दा अन्तरिम सरकार र जेनजी आन्दोलनकारीहरूमा पहिलेको जस्तो राजनीतिक दलहरूलाई पाखा लगाउने भन्ने सोचमा आमूल परिवर्तन आइसकेको छ। उनीहरूले राजनीतिक दल र शक्तिहरूलाई कम आँकलन गर्नु घातक हुने बुझिसकेका छन् ।

**कानूनी जोखिम र समझदारीपत्रको प्रश्न**

यदि प्रतिनिधि सभा पुनर्स्थापना भयो भने आन्दोलनमा भएको जनधनको क्षतिको जिम्मेवारी लिनुपर्ने र आव्हानकर्ता एवं जेनजीका अगुवाहरू कानूनी कठघरामा उभिनुपर्ने जोखिमको आँकलन उनीहरूले गरेका हुन सक्छन् । अर्कोतर्फ, सरकार र जेन-जीबीच २०८२ मंसिर २४ गते एक समझदारीपत्र वा सम्झौतामा हस्ताक्षर भएको छ । उक्त सम्झौताको संवैधानिक र कानूनी मान्यताका बारेमा समेत राजनीतिक दल, बौद्धिक क्षेत्रका साथै सर्वत्र प्रश्न उठाइएको छ । त्यो संविधान विपरीतका कतिपय सम्झौता कसले र कसरी लागू गर्ने भन्नेमा समेत ठूलो प्रश्न छ ।

**निर्वाचन भए पनि प्रतिनिधित्वको समस्या**

यदि हालको सरकारले जेन-जीका यी समस्या समाधान नगरी निर्वाचनतर्फ होमिँदा निर्वाचनबाट विभिन्न राजनीतिक दलहरूमा युवा पुस्ताबाट केही सिट त जितिएला, तर प्रतिनिधि सभामा उल्लेख्य उपस्थिति भने अहिलेकै राजनीतिक दलका प्रतिनिधिहरूको हुने अवस्था छ । यस्तो अवस्थामा जेन-जीका माग पनि पूरा हुने छैनन् र संसदमा प्रतिनिधित्व समेत देखिने गरी हुनेछैन । अन्ततः जेनजी आन्दोलनको औचित्यमाथि ठूलो प्रश्न उठ्नेछ र त्यसको जिम्मेवारी कसै न कसैले लिनुपर्ने हुन्छ। यी सबै कारणले पनि केही युवाहरू प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा उभिएको अनुमान गर्न सकिन्छ ।

**'रात रहयो अग्राख पलायो' राजनीति**

त्यसैगरी नेपाल 'रात रहयो अग्राख पलायो' हुने देश हो । यसमा जेनजीहरूलाई पनि विभिन्न राजनीतिक दल र स्वार्थ (बाँकी पृष्ठ ८ मा)

## कांग्रेस : महाधिवेशन हुँदा देउवा बाहिरिने त्रास



*काठमाडौं । नेपाली कांग्रेसले महाधिवेशन सार्ने संकेत गरेको छ । महाधिवेशन सार्ने विषयमा सभापति शेरबहादुर देउवाले छलफल अघि बढाएका छन् । आफूनिकट नेताहरुसँग यो विषयमा छलफल हुन थालेको कांग्रेस स्रोतले उल्लेख गरेको छ । कार्यबाहक सभापति पूर्णबहादुर खड्कासहित शीर्ष नेताहरुसँग छलफल अघि बढाएका हुन् । कृष्ण सिटौला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, प्रकाशरण महत, शंशाक कोइराला, शेखर कोइरालासहितका नेताहरुसँग देउवा अनौपचारिक संवादमा जुटेको कांग्रेस स्रोतको भनाइ छ । स्रोतका अनुसार, देउवाले उक्त संवादमा क्रममा चुनावअघि महाधिवेशन गर्नु घातक हुने पनि विश्लेषण गरिरहेका छन् ।*

*महाधिवेशनमा पक्ष र विपक्षमा टीम बन्ने र त्यो टीमको हारजितले असन्तुष्टि बढाउने त्यसरी बढाएको असन्तुष्टिले चुनावी नतिजामा प्रभाव पार्ने भन्दै देउवाले महाधिवेशन सार्न खोजेका हुन् । स्रोतका अनुसार, देउवालाई त्यसरी सार्न दबाब दिनेमा चाहिँ सात भाइ भनेर चिनिएकानेताहरु नै सक्रिय रहेका छन् । ती सात भाइको दबाबपछि देउवा पनि महाधिवेशन सार्ने मुडमा पुगेको चर्चा छ । त्यसो त, एमाले अध्यक्ष केपी ओलीले देउवालाई सहमत गराएर संसद* (बाँकी पृष्ठ ८ मा)

## ओलीले नेतृत्व जिते, मन भने जित्न सकेनन् !
### घमण्डले एमालेमा असन्तुष्टि झन् बल्झियो



काठमाडौं । एमाले अध्यक्ष केपी ओलीले आफूसँग अध्यक्षमा पराजित ईश्वर पोखरेल र उनको टीमका नेताहरुलाई साथमा नराख्ने नीति लिएका छन् । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग निकट भनिएका नेताहरुलाई पाखा लगाएर नै अध्यक्ष ओलीले पार्टी चलाउने नीति लिने संकेत गरेका छन् । पार्टीको शपथ ग्रहण र केन्द्रीय कमिटीको पहिलो बैठकले उक्त संकेत गरेको हो । अध्यक्ष ओलीको व्यवहार र बोलीले नै पोखरेल समूहलाई बाहिर राख्ने नीति देखिएको हो ।

अध्यक्षमा पराजित भएका पोखरेललाई ओलीले शपथ ग्रहणको निम्ता पनि नगरेको एमाले स्रोतले उल्लेख गरेको छ । अहिलेसम्म ओलीले सामान्य हार्दिकतासमेत नदेखाएर ओलीले पोखरेलसँग संवाद नगरेको पनि एमाले नेताहरुले उल्लेख गरेका छन् । त्यतिमात्र होइन, पार्टीको सक्रिय राजनीतिबाट विदा लिएका नेताहरुर्लाइ पनि अपमानजनक रुपमा विदा गरिएको पनि एमालेमा चर्चा हुन थालेको छ । पोखरेल समूह निकै असन्तुष्ट भइसकेको छ । चुनावको मुखमा एमालेभित्र बढ्दो असन्तुष्टिलाई निम्टारा लगाउनेभन्दा पनि थप बल्झाउने नीति अध्यक्ष ओलीले लिएको देखिएको छ । (बाँकी पृष्ठ ८ मा)

## केन्द्रमा एकता-प्रदेशमा दुई पार्टी किन ?

काठमाडौं । माओवादी केन्द्र र एकीकृत समाजवादी(एस)को एकतापछि पार्टी एकीकरणका प्रयासहरु भने सुस्त भएका छन् । पार्टी कमिटीहरुलाई मर्ज गर्ने र प्रदेशसभालाई एकत्रित गर्ने जस्ता काम उनीहरुले गर्न सकेका छैनन् । नेताहरुको व्यवस्थापनमा समस्या भएपछि उनीहरुले उक्त निर्णय लिन सकेका छैनन् । केन्द्रमा नेताहरु मिलेपनि केन्द्रमा सचिवालय पनि बनाउन सकेका छैनन् । त्यो सचिवालयले काम गर्ने पनि सकेका छैनन् । कतिसम्म भने उपल्लो तहका नेताहरुको औपचारिक बैठक पनि बसेको छैन । अहिलेसम्म अनौपचारिक छलफलबाट मात्रै कार्यक्रमहरु तय गरिएको नेताहरुले बताएका छन् ।

औपचारिक रुपमा बैठक बसेर एजेण्डा तय गर्ने र कमिटीहरु जनसंगठनहरु मर्ज गर्ने कुरामा पनि केही मिलेको छैन । नेताहरुले जनसंगठनलाई कसरी मिलाउने भन्नेमा पनि छलफल गर्न नसकेको बताइन्छ । अखिल, मजदुर संगठन, महिला संगठदेखि प्रेस संगठनसम्मको नेतृत्व कसरी भागवण्डा गर्ने भन्नेमा पनि तयारी भएको छैन । संगठनको हैसियत र नेताहरुको अवस्था अनुकूलमा संगठनको मर्ज गर्नुपर्ने हो । तर, अहिलेसम्म उनीहरुले त्यसमा पनि तयारी गरेका छैनन् ।

त्यसैगरी, प्रदेशसभामा दुवै पार्टीका सांसदहरु रहेका छन् । तर, अहिलेसम्म ती प्रदेशसभालाई पनि मर्ज गरिएको छैन । उनीहरुले हैसियत अहिले पनि दुवै पार्टीको रुपमा प्रदेशसभा सचिवालयमा रहेको छ । त्यसो गर्दा, भागवण्डामा फाइदा हुने चर्चाम पनि रहेको छ । मधेशकै हकमा पनि अहिले बनेको सरकारसँग बार्गेनिङ गर्न सजिलो हुने अनुमान पनि गरिएको छ । (बाँकी पृष्ठ ८ मा)

## पशुपतिमा मापदण्डको हत्या सिंहदरबारका मन्त्रालयमा हाँसो

काठमाडौं । २०८२ भदौ २३ र २४ गते सम्पन्न जेन-जी आन्दोलनको पृष्ठभूमिमा संविधान मिच्दै पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो । सरकार गठनपछि प्रधानमन्त्री कार्कीले करिब तीन महिनाभन्दा बढी समय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार समेत आफैं सम्हालेकी थिइन् । तर, २०८२ मंसिर अन्तिम साताबाट उक्त मन्त्रालयको जिम्मेवारी अनिलकुमार सिन्हालाई तोकिएको छ । मन्त्री सिन्हा हाल कानूनसँगै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी पनि बहन गर्दै आएका छन् । जेन-जी आन्दोलनकै क्रममा संस्कृति मन्त्रालय मातहतको पशुपति विकास कोषको सदस्य-सचिव पद रिक्त हुन पुगेको थियो । (बाँकी पृष्ठ ८ मा)

## सरुवा प्रेमी जेन-जी 'आमा' सरकार !

काठमाठौं । भ्रष्टचारको विरोध र सुशासनको नारा दिएर गठन भएको अन्तरिम सरकारको ध्यान यी विषयमा कम, कर्मचारीको सरुवा र नियुक्तिमा बढी केन्द्रित हुन थालेको छ । यसको उदाहरण केही दिन अगाडि मात्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १५ जना सहसचिव सरुवाको लिष्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय पठाइएको थियो । तर, सरकारका मन्त्रीहरुले आफू अनुकूलका सहसचिवहरुलाई मन्त्रालयमा भित्र्याउनेदेखि विभिन्न निकायमा सरुवाको लागि बिच बाटोमा सूची थपघट गर्दा ६० जना सहसचिवको सरुवा लिस्ट बनेको चर्चा संघीय प्रशासनिक निकाय सिंहदरवारमा छ ।

०८२ पुस ३ गते बिहीवार बसेको मन्त्रिपरिषद बैठकले (बाँकी पृष्ठ ८ मा)

## प्रहरी : जेन-जी विद्रोहको घाउमा बढुवा जामको चोट
## एकदर्जन एसएसपी पद रिक्त राख्दा फोर्समै असन्तोष

● साँघु संवाददाता

**काठमाडौं । नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरूको बढुवा प्रक्रिया जाम भएको दुई महिना पूरा भएको छ । २०८२ कात्तिक ९ गते बसेको गृह मन्त्रालयको बढुवा समितिको बैठकको निर्णयअनुसार जनपद प्रहरी समूहअन्तर्गत प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)बाट पाँच जनाको प्रहरी नायब महानिरीक्षक( डीआईजीपी)मा बढुवा भएपछि रिक्त भएका पदहरूको पदपूर्ति भने दुई महिना बितिसक्दा पनि हुन सकेको छैन ।**

यसैबीच सरकारले प्रहरी वरिष्ठ उपरीक्षकका दुई वटा नयाँ दरबन्दी थपको प्रक्रिया अगाडि बढाएपछि जनपद प्रहरी समूहअन्तर्गत एसएसपीका रिक्त पद संख्या ११ पुगेको गृह स्रोतले जनाएको छ । दुई महिनाको अवधिमा पनि जनपद प्रहरी समूहअन्तर्गत एसपीबाट एसएसपीमा बढुवाका लागि सिफारिस हुन नसक्दा दर्जनौं प्रहरी निरीक्षकहरूको बढुवा समेत ठप्प अवस्थामा पुगेको छ । त्यसैगरी डीएसपीबाट एसपीमा हुने बढुवा प्रक्रिया पनि जाम भएर बसेको अवस्था छ ।



देश निर्वाचन प्रक्रियामा होमिएको वर्तमान सन्दर्भमा निर्वाचन सुरक्षा र समग्र शान्ति-सुरक्षाको मुख्य जिम्मेवारी वहन गर्ने जनपद प्रहरीका दर्जनौं अधिकृतहरू दरबन्दी रिक्त अवस्थामा रहेका छन् । अन्तरिम सरकारको ढिलासुस्तीले र जेन-जी विद्रोहबाट भौतिक र मानसिक रूपमा सबैभन्दा बढी प्रभावित जनपद प्रहरीको वृत्ति विकासप्रति गृह मन्त्रालय र प्रहरी विभागले विशेष ध्यान नदिएमा फोर्सको मनोबल थप खस्किने जोखिम रहेको स्रोतको भनाइ छ । समयमै पदोन्नति, द्रुतगतिमा बन्दोबस्ती सामग्रीको व्यवस्थापन तथा विद्रोहका क्रममा क्षतिग्रस्त प्रहरी इकाइ (ब्यारेक)हरूको पुनःस्थापनालाई विशेष अभियानका रूपमा अघि नबढाए कार्यक्षेत्रमा सक्रिय रूपमा खटिन कठिनाइ हुने चेतावनीसमेत स्रोतले दिएको छ ।

जनपद प्रहरी समूहअन्तर्गत हाल वरिष्ठ एसपीबाट एसएसपीमा बढुवाका लागि पहिलो सूचीमा १६ जना रहेका छन् । पहिलो सूचीमा क्रमशः १) रामप्रकाश शाह २) भुवनेश्वर तिवारी ३) ऋषिराम कँडेल ४) सुरेशप्रसाद काफ्ले ५) अमरेन्द्रबहादुर सिंह ६) श्याम सिंह चौधरी ७) नकुल पोखरेल ८) पदमबहादुर विष्ट ९) सुवासचन्द्र बोहरा १०) वासुदेव खतिवडा ११) प्रजित के.सी प्रतिस्पर्धामा.रहेका छन् ।

यदि हाल रिक्त ११ वटा एसएसपी पदमा वरिष्ठ एसपीहरूबाटै बढुवा सिफारिस हुने हो भने ११ नम्बरमा रहेका प्रजित के.सी.सम्मले बढुवा सिफारिसको अवसर पाउनेछन् । तर, विगतमा विभागीय कारबाहीमा परेका, कार्यक्षमतामा कमजोर रही कार्यसम्पादन, मूल्यांकनमा पनि कमजोर जस्ता समग्र मूल्यांकन र बढुवाका लागि आवश्यक प्राप्त अंकलाई आधार मानेको खण्डमा अगाडि र पछाडि पर्न सक्ने सम्भावना पनि उत्तिकै रहेको छ । ११ नम्बरपछि रहेका १२) राजकुमार सिलवाल १३) योगेन्द्र सिंह थापा १४) महेन्द्रकुमार श्रेष्ठ १५) दिलीप घिमिरे १६) वीरेन्द्रबहादुर शाही मध्येबाट पनि बढुवामा पर्न सक्ने सम्भावना कायमै रहेको स्रोतको भनाइ छ ।

यस पटक बढुवाको पर्खाइमा रहेका एसपी, डीएसपी, इन्स्पेक्टर पदमा कार्यरत प्रहरी अधिकृतहरूका लागि सकारात्मक सन्देश के छ भने, अघिल्ला सरकारहरूमा जस्तो शक्ति केन्द्रलाई जेजसरी पनि खुसी पार्नुपर्ने, गृह मन्त्री वा गृह सचिव र नेताहरुको सोर्सफार्स र 'थैलीको बोलकबोल' गर्नै पर्ने अवस्था नरहेको गृह स्रोतले दावी गरेको छ । प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार, वर्तमान प्रहरी महानिरीक्षक (बाँकी पृष्ठ ८ मा)

## माउण्टेन टिभीको कालोसूची सदर
### अन्तिम याचना पनि सर्वोच्चले गऱ्यो अस्वीकार

काठमाडौं । पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईको विषयमा मिथ्या लाञ्छना लगाउँदै भ्रमपूर्ण समाचार प्रशारण गरेको विषयमा माउण्टेन टेलिभिजनविरुद्ध परेको उजुरीमा प्रेस काउन्सिलको कारबाहीविरुद्ध सर्वोच्च अदालतमा दायर रिट निवेदन खारेज भएको छ । माउण्टेन टिभिको रिट खारेजीले कालोसूची प्रकरणमा प्रेस काउन्सिलको हात बलियो पारेको छ ।

प्रेस काउन्सिलले कालोसूचीमा राखेपछि उक्त निर्णयविरुद्ध माउण्टेन टिभिले २०७७ साल भदौ २९ गते सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो । सर्वोच्चको रिट खारेजी फैसलाले आचारसंहिता प्रतिकूल गैर पेसागत आचरण गरेको ठहर भएको मिडिया कानूनका जानकारले बताएका छन् । उक्त टिभीलाई आचारसंहिता अवज्ञाकारीको सूचीमा राखि थप कारबाही गर्ने निर्णय समेत काउन्सिलबाट भएको थियो । रिट खारेजपछि काउन्सिलले उक्त कारबाही कानून एवम् पत्रकार आचारसंहिता अनुरुप कालोसूचीमा राखेको जायज ठहरिएको छ । माउन्टेन टेलिभिजनको हकमा विष्णुबहादुर केसीलेसर्वोच्चमा रिट दिएका थिए । सर्वोच्चका न्यायाधीशद्वय शारङ्गा सुवेदी र शान्तिसिंह थापा संलग्न संयुक्त इजलासले २०८२ मंसिर २५ गते रिट (बाँकी पृष्ठ ८ मा)

## मन्दीले हल्लियो मिडिया, पत्रकार 'इँधर-उँधर' !

काठमाडौं । मिडियाहरु मन्दीका कारण संकटमा परिरहेका बेला पत्रकारहरु पनि एउटा मिडिया छाडेर अर्कोमा फड्को हान्नेक्रम बाक्लिएको छ ।

ठूला मिडिया भनेर दाबी गर्ने पत्रपत्रिकादेखि अनलाइनसम्मका पत्रकारहरु एकाएक छाडेर हिंडेको पाइएको छ । खासगरी २०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनपछि पत्रकारको मिडियामा 'इँधर-उँधर' ह्वात्तै बढेको छ । दर्जन भन्दा बढी पत्रकार एउटा मिडिया छाडेर अर्को मिडिया भित्रिएका हुन् । मिडिया छाड्नुपर्ने कारण भने अनेक छन् । कोही पत्रकार आर्थिक अवस्थाले टिक्न मुस्किल भएर, कोही आकर्षक तलवका कारण, कोही संपादकले छाडेका कारण त कोही टीममा मिल्न नसकेर मिडिया छाडेको बुझिएको छ । साँघुलाई प्राप्त सूची अनुसार पछिल्लो समय अन्नपूर्ण पोष्टमा पाँच बर्षदेखि आबद्ध पत्रकार ममता थापा बाह्रखरी मिडियामा 'जम्प' गरेकी छिन् । अन्नपूर्णबाट ममताले छाडेपछि अझै एकजना पत्रकार बाहिरिने तरखरमा रहेको चर्चा सुन्नमा आएको छ । यसैगरी २०८२ पुस २ गते एपी वान टिभीबाट आफू अलग भएको र 'मिडियामै यतै कतै भेट हुने' घोषणा गरेकी छिन् ।

यस्तै, लामो समयदेखि कान्तिपुर टिभीमा कार्यरत पत्रकार ऋषिकान्त गौतम ईमेज टेलिभिजन पुगेका छन् । गौतम भन्दा अघि पनि केही पत्रकार कान्तिपुर टिभी छाडेर ईमेजको बाटो रोजेका थिए । पत्रकार गौतमपछि पत्रकार घनश्याम खड्काले कान्तिपुर छाडेको खवर छ । खड्का कहाँ जाने हुन् भनेर अझै निधो भइनसकेको बताइएको छ । यद्यपि, उनीनिकट सहकर्मीले आफ्नै अनलाइन खोल्ने तयारीमा रहेको जानकारी दिएका (बाँकी पृष्ठ ८ मा)

## मन्त्रीलाई चक्मा दिंदै पूर्वमन्त्री ठकुरी

काठमाडौं । ०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण तत्कालीन सरकार विस्थापित हुन पुगेको थियो । त्यसपछि भने भदौ २७ गते गठित अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले वन तथा वातावरण मन्त्रालयको नेतत्व गर्दै आएकी थिइन । तर, ०८२ मंसिर २६ गतेदेखि उक्त मन्त्रालयको कार्यभार कर्णाली प्रदेशको जुम्ला निवासी माधव चौंलागाईले संहाल्ने अवसर पाएका छन् । यो बिचको अवधिमा कतै चर्चामा नआएका पूर्वमन्त्री ऐनबहादुर शाही ठकुरी नयाँ मन्त्रीको नियुक्तिसँगै सक्रियता पनि स्वत बढ्न थालेको बताइन्छ । जसको उदाहरण ठकुरी कै सिफारिसमा राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा डा. नरेश सुवेदीलाई गरेको नियुक्तिलाई लिन सकिन्छ ।

पूर्वमन्त्री ठकुरीले कोषको अध्यक्षको नाताले नव नियुक्त मन्त्री माधवलाई 'चक्मा' खुवाउँदै सदस्यसचिवमा सुवेदीलाई नियुक्ति दिलाएको स्रोत बताउँछ। मन्त्री नियुक्तिपछि अध्यक्षको हैसियतले चौंलागाई नै कोषको सदस्य सचिवको नियुक्ति गर्नुपर्ने थियो । तर, मन्त्री चौंलागाईले चाल नपाउँदै निवर्तमान मन्त्री ठकुरीले कोषको सदस्यसचिव नियुक्ति गरेर राम्रै लाभ उठाएको चर्चा चल्ने गरेको छ । मन्त्री पद गएसँगै कोषको पदेन अध्यक्षबाट हटेका ठकुरीले 'जस्केला'बाट छिरेर यसअघि सोही पदमा रहेका सुवेदीलाई पुन नियुक्ति दिएको बताइन्छ ।

जुम्ला निवासी वर्तमान मन्त्री र मुगु जिल्ला निवासी ठकुरी दुवै कर्णालीबासी हुन् । त्यसैले पनि उनीहरु दुवैजनाको मिलेमतोमा नै सवेदीलाई नियुक्ति गरिएको अनुमान भइरहेको छ। पूर्वमन्त्री ठकुरी र वर्तमान मन्त्री चौंलागाईलाई मिलाउने कार्य ठकुरीका अघोषित सल्लाहाकार हेमराज न्यौपानेले गरेको स्रोतको भनाई रहेको छ । उनै न्यौपानेले नेपाली काँग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्कादेखि सो प्रदेशका एमाले, पूर्व माओवादीका नेताहरुलाईसमेतलाई खुसी बनाएर आफ्नो स्वार्थपूर्ति गर्दै आएको चर्चा पनि छ । यतिखेर वन मन्त्रालयको नेतृत्व माधवले संहालेसँगै उनले पुन आफू मन्त्रीको सल्लाहकार रहेको दावी गर्न थालेको कर्मचारीहरु बताउछन् ।

यूएनडीपी र यूनिसेफ जस्ता विदेशी दातृ निकायमा काम गरेको धक्कु लगाउँदै यी संस्थामार्फत आफूले कर्णालीबासीको उद्धार र जीवनस्तर उकास्नका लागि परियोजना (बाँकी पृष्ठ ८ मा)

## सुरक्षा संकट शंकामा निर्वाचन !

काठमाडौं । आगामी २०८२ फागुन २१ गते घोषणा गरिएको प्रतिनिधिसभा निर्वाचनको सुरक्षा वातावरण सुनिश्चित गर्न सरकार रणनीतिक रूपमा अघि बढेको छ । जेन-जी आन्दोलनका क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट करिब १ हजार २ सय थान हातहतियार लुटिएका थिए, जसमध्ये अझै ४ सय ५० भन्दा बढी हातहतियार र हजारौं राउण्ड गोली बरामद हुन सकेका छैनन् । यही अवस्थालाई मध्यनजर गर्दै सरकारले निर्वाचन मितिभन्दा तीन महिना अघिदेखि नै नेपाली सेना परिचालन गर्ने निर्णय गरेको हो । तर, फागुन २१ मै निर्वाचन हुने सुनिश्चितता अझै देखिएको छैन । प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेको परमादेश रिट संवैधानिक इजलासमा विचाराधीन छ । यदि अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने फैसला गऱ्यो भने सरकारको निर्वाचन रणनीति स्वतः असफल हुने देखिन्छ । त्यसमाथि हिमाली जिल्लाहरू-ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दोलखा, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, बाजुरा, बझाङ लगायतमा चिसो मौसमका कारण निर्वाचन करिब (बाँकी पृष्ठ ८ मा)

## जेन-जी सम्झौता : कोशेढुंगा कि 'हात्ती आयो, फुस्सा' ?

**२०८२ मंसिर २४ गते सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिबीच सम्झौतामा हस्ताक्षर भएको कुरा सार्वजनिक भएको छ । सम्झौतामा प्रधानमन्त्री सुशीला कार्की र जेन-जी आन्दोलनका तर्फबाट शहीद परिवारका सदस्य भोजविक्रम थापाले हस्ताक्षर गरेको विवरण सार्वजनिक गरिएको छ । जेन-जी आन्दोलनको तीन महिनापछि भएको सम्झौता समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले यस सम्झौतालाई इतिहासको कोशेढुंगा भएको बताएको कुरा समेत सार्वजनिक भएको छ । तर, कतिपय बुँदा संविधान विपरीत रहेका छन् ।**

सम्झौतामा उल्लिखित कतिपय विवरणहरूले भने यो सम्झौता वास्तवमै इतिहासको कोशेढुङ्गा बन्ने हो कि "हात्ती आयो हात्ती आयो फुस्सा" मात्र हुने हो भन्ने विषयमा स्पष्ट निष्कर्ष निकाल्न सकिने अवस्था देखाउँदैनन् ।

**पहिल्यै सुनिएका प्रतिबद्धताहरू**

सम्झौताका विवरण हेर्दा विगतमा कांग्रेस-एमाले, कांग्रेस-माओवादी वा एमाले-माओवादीका गठबन्धन सरकार गठन हुँदा दलहरूले अघि सारेका नीति तथा कार्यक्रमभन्दा फरक शैली र नीतिगत प्रस्ताव भेटाउन गाह्रो देखिन्छ। त्यसबेलाका नीति तथा कार्यक्रममा पनि अहिलेझैं सुशासन, भ्रष्टाचार नियन्त्रण तथा छानबिन र कारबाहीसम्बन्धी प्रतिबद्धताहरूले स्थान पाएका हुन्थे ।

**संविधान संशोधन : प्रतिबद्धता कि पुनरावृत्ति ?**

पछिल्लो समयमा एमाले र कांग्रेसको गठबन्धन सरकार गठन हुँदा पनि संविधान संशोधन गर्ने प्रतिबद्धता प्रकट गरिएको थियो । तर सो गठबन्धन सरकारले आफ्नो कार्यकालभर संविधान संशोधनका लागि कुनै ठोस पहल गरेको देखिएन । अहिलेको सरकारले जेन-जीसँग गरेको सम्झौतामा प्रयोग गरिएको शब्दावली हेर्दा पनि यो सम्झौता परिवर्तनका ठोस र वस्तुगत कार्यसूची अघि सार्नुभन्दा हालको संविधानलाई कायम राख्दै यसको कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा बढी केन्द्रित भएको जस्तो देखिन्छ ।

**यो बेला**



युवराज पाण्डे(पीएचडी)

**सरकार र सम्झौता वार्तामा सहभागी जेन-जी प्रतिनिधिहरूले अहिलेको सरकार र प्रस्तावित जेन-जी परिषद्को सुझाव मात्रै लिने सोच बनाएर अघि बढेका हुन् भने त्यसले समस्या समाधानभन्दा थप बल्झाउने सम्भावना बढी देखिन्छ ।**

**संशोधन कि कार्यान्वयन**

फलस्वरूप, सरकार र जेन-जी प्रतिनिधि दुवै पक्षले "संविधान संशोधन सुझाव आयोग" गठन गर्ने कुरालाई प्राथमिकता दिएका हुन् कि संविधानको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउने उपाय खोज्न केन्द्रित भएका हुन् भन्ने कुरा खुट्याउन कठिन देखिन्छ । सम्झौताले संविधानको कार्यान्वयनलाई दिएको जोडको विश्लेषण गर्दा परिकल्पना गरिएको "संविधान संशोधन सुझाव आयोग" यथार्थमा "संविधान कार्यान्वयन सुझाव आयोग" मात्रै त होइन भन्ने आशंका उत्पन्न हुन्छ । (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

# धर्मको पालना

सिकन्दर र दुश्मन सेनाबीच घमसान युद्ध भइरहेको थियो । युद्धमा अनगिन्ती सेनाको मृत्यु भएको थियो । युद्धक्षेत्रमा सिकन्दरका दुश्मन सेनाको एक सिपाही मरणासन्न स्थितिमा पानीको लागि तड्पिरहेको थियो । सिकन्दरले त्यो हाल देखेर उनी स्वयं दुश्मन सेनाको सिपाहीलाई पानी पिलाउन पुगे । उसको ज्यान बच्यो । सिकन्दरका सेनानायकलाई यो कुरा चित्त बुझेन, राम्रो पनि लागेन । उनी सिकन्दरलाई भन्न थाले– तपाईंले त्यसको गर्धन काटेर आफ्नो धर्म निभाउनुपर्ने थियो, तर तपाईंले त पानी खुवाएर जीवनदान दिनुभयो । युद्धको मैदानमा दुश्मनको नाश गर्नु नै सैनिकको कर्तव्य हो । सेनानायकको कुरा सुनेर किसन्दरले जवाफ दिए–...मरिरहेको मान्छेलाई पानी खुवाउनु हरमानिसको धर्म हो र धर्म पालनामा मित्र या शत्रुबीच भेदभाव हुनुहुँदैन । पानी खुवाएर मैले मानवधर्मको निर्वाह गरेको छु । याद गर, हामी सैनिकभन्दा पहिला मानिस हौं । सिकन्दरको कुरा सुनेर सेनानायक लज्जित भए ।

साना–साना कुराहरूले पूर्णता बन्दछ, तर पूर्णता सानो कुरा होइन । **–माइकल एञ्जेलो**

## सम्पादकीय

# सुपारी तस्करी र कमजोर अर्थतन्त्र : राज्यको दोहोरो हार

देशको अर्थतन्त्र कमजोर अवस्थामा छ । उत्पादन घट्दो छ, आयात बढ्दो छ, निर्यात अपेक्षित रूपमा उकासिन सकेको छैन । सरकारले हरेक वर्ष राजस्व लक्ष्य बढाउँदै बजेट ल्याउँछ, तर लक्ष्यअनुसार राजस्व उठ्दैन । यसको प्रमुख कारणमध्ये एक हो– आयात–निर्यातको आवरणमा बढ्दो तस्करी । पर्सामा लगभग ५ करोड मूल्यको सुपारी बरामद हुनु यही गम्भीर यथार्थको एउटा उदाहरण मात्र हो ।

सुपारी तस्करीलाई अझै पनि कतिपयले सीमावर्ती सानो अवैध कारोबारका रूपमा बुझ्ने गर्छन् । तर, आजको वास्तविकता र यथार्थ फरक छ । सुपारी तस्करी अब राज्यको राजस्व प्रणालीमाथिको संगठित आक्रमण बनेको छ । भन्सार छलेर गरिने यस्तो कारोबारले सरकारले उठाउनुपर्ने कर राज्यको ढुकुटीमा होइन, माफियाको खल्तीमा पुर्‍याउँछ । जब राजस्व चुहावट यसरी संस्थागत हुन्छ, तब कमजोर अर्थतन्त्र झन् कमजोर बन्दै जान्छ ।

नेपाल अहिले आयातमा अत्यधिक निर्भर छ । आयात बढ्दा स्वाभाविक रूपमा भन्सार राजस्व बढ्नुपर्ने हो । तर, खाद्य सामग्रीलगायतका बस्तुहरु अर्बौं रुपैयाँको तस्करीका कारण आयातको ठूलो हिस्सा राजस्वको दायराबाहिर गइरहेको अवस्था छ । सुपारी, चिनी, कपडा, इलेक्ट्रोनिक्सदेखि सुनसम्म– तस्करीले राज्यलाई अर्बौंको घाटा पुर्‍याइरहेको छ । यस्तो अवस्थामा बजेटले लक्ष्य राखेको राजस्व उठ्ने कुरा कागजी आशा मात्र बन्ने निश्चित देखिन्छ ।

समस्या सुपारीमा होइन, संरचनामा छ । तस्करी ट्रक, कन्टेनर र गोदामबाट मात्र चल्दैन । यो राजनीतिक पहुँच, प्रशासनिक र सुरक्षा संयन्त्रको कमजोरी र मौन सहमतिबाट चल्छ । सीमावर्ती क्षेत्रमा करोडौंको सुपारी अनलोड भइरहँदा राज्य अनभिज्ञ रहनु सम्भव छैन । तर, जब कारबाही सधैं तल्लो तहमा सीमित हुन्छ– बोरा समातिन्छन्, मजदुर पक्राउ पर्छन्–तर तस्करीको मूल जरो भने सँधै सुरक्षित रहन्छ ।

अर्थतन्त्र कमजोर हुँदा तस्करी झन् बढ्नु स्वाभाविक हुन्छ । बेरोजगारी, व्यापारिक मन्दी र नगद अभावको अवस्थामा तस्करी 'छिटो कमाइ'को माध्यम बन्छ । यही कमजोरीलाई माफियाले उपयोग गर्छन् । राज्य संयन्त्र कमजोर हुँदा माफिया बलिया बन्छन् । यसको परिणाम के हुन्छ भने–

राज्य कर उठाउन असफल हुन्छ,
निजी क्षेत्र असमान प्रतिस्पर्धामा पर्छ,
र, इमानदार व्यवसायी दण्डित हुन्छन् ।

जेन–जी आन्दोलनपछि बनेको सरकारले सुशासन, पारदर्शिता र आर्थिक सुधारको नारा त दियो । तर, वीरगञ्ज, भैरहवा, विराटनगर, नेपालगञ्ज र काँकडभिट्टालगायतका भन्सार नाकाहरुबाट दैनिक हुने तस्करी, भन्सार छली, न्यूनीकरण र पर्साको सुपारी काण्डले स्पष्ट चित्र देखाएको छ–नारा र व्यवहारबीच ठूलो खाडल अझै छ । जब जुन र जसको सरकार परिवर्तन भए पनि तस्करी कहिल्यै रोकिँदैन, तब प्रश्न सरकारको इच्छाशक्ति र क्षमतामाथि उठ्छ । कमजोर अर्थतन्त्रलाई उकास्ने भनिएको राज्य संयन्त्र नै राजस्व चुहावट रोक्न असफल हुनु दोहोरो हार हो ।

सुपारी तस्करी केवल आर्थिक अपराध होइन । यसले राज्यप्रति नागरिकको विश्वास कमजोर बनाउँछ । जब आम नागरिक कर तिर्छन् र तस्कर सुरक्षित रहन्छन्, तब कर प्रणालीप्रतिको नैतिक आधार नै भत्किन्छ । यही अवस्थाले दीर्घकालमा अर्थतन्त्रलाई अझै अनौपचारिक बनाउँछ, जुन नेपाल जस्तो मुलुकका लागि विकासको सबैभन्दा ठूलो बाधा हो ।

अब राज्यले वस्तु परिवर्तन गरेर समस्या समाधान गर्न सक्दैन । सुपारी आज समातिन्छ, भोलि अर्को वस्तु तस्करी हुन्छ । समाधान एउटै हो– तस्करीको संरचना तोड्ने राजनीतिक साहस । राजनीतिक संरक्षण, प्रशासनिक मिलीभगत र आर्थिक अपराधप्रति देखाइने नरम दृष्टिकोण अन्त्य नगरेसम्म राजस्व चुहावट रोकिँदैन ।

पर्साको सुपारी प्रकरणले राज्यलाई स्पष्ट सन्देश दिएको छ– कमजोर अर्थतन्त्रको अवस्थामा तस्करी बढ्नु केवल संयोग होइन, राज्य असफलताको संकेत हो । अब प्रश्न यो होइन कि अर्को सुपारी कहिले समातिन्छ, प्रश्न यो हो–राज्य कहिले माफियाभन्दा बलियो बन्छ ?

# 'उल्लु' बनाउन यस्तो 'भद्दा' नक्कल !

**अपराध र आन्दोलन एउटै होइनन् । २०६३ साल मङ्सिर ५ गते प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला र नेकपा माओवादी अध्यक्ष प्रचण्डबिच भएको विस्तृत शान्ति सम्झौताको मोडलमा प्रधानमन्त्री सुशीला कार्की र जेन–जी प्रतिनिधिबिच गरिएको भनिएको असंवैधानिक, गैरकानूनी र अराजनीतिक 'सम्झौता' नेपालको राजनीतिक इतिहासमा गरिएको सबैभन्दा 'भद्दा नक्कल' सिवाय केही होइन । संविधान, कानून र मुलुकका प्रमुख राजनीतिक दलहरूले नचिन्ने सम्झौता 'केटाकेहीको भाँडाकुँडी विवाह' जस्तै हो । जसको कुनै पनि कानुनी, व्यवहारिक, सामाजिक, नैतिक र यथार्थमा वैधता केही हुँदैन । 'पोलिटिकल्ली सेन्सलेसहरूलाई उल्लु बनाउन' गरिएको 'भद्दा नाटक' मात्र हो ।**

**शाही आयोगको फोटोकपी**

'भ्रष्टाचार निवारण तथा दण्डहिनता अन्त्य गर्न भन्दै छुट्टै स्थायी प्रकृतिको संविधानले नचिनेको आयोग गठनको कुरा गर्नु तत्कालिन राजा ज्ञानेन्द्र शाहले गठन गरेको विघटित 'शाही आयोग' जस्तो हो । त्यस्तो आयोग बनाइने काम असंवैधानिक र गैरकानूनी हो । ' आन्दोलनका गतिविधिमा सहमागी भएका र फौजदारी अपराधमा संलग्नलाई समेत अनुसन्धान र अभियोजन नगरिने' जस्ता फौजदारी न्यायका मान्य विधिशास्त्रीय सिद्धान्त प्रतिकूलका बुँदा राखिएका छन् । संविधान संशोधनका सुझावका लागि उच्चस्तरीय आयोग बनाउने भन्दै 'विज्ञ, जेन-जी र युवाहरूसहित सरोकारवालाको सहभागितामा उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग' गठन गर्ने भनिएको छ । संविधान संशोधन गर्ने प्रयोजनको लागि सरकारले बनाउने 'छुट्टै अर्को आयोग'लाई संविधानले चिन्दैन । 'जेन-जी परिषद'को गठन गर्ने भनिएको छ । शासन व्यवस्था सञ्चालनका लागि भन्दै गठन गरिने त्यस्तो 'परिषद'लाई पनि संविधान र नेपालको कानुनले चिन्दैन ।

आन्दोलन, तोडफोड, आजगनी र हिँसालाई आन्दोलनको मानक बनाउने र भीडको बलमा सत्तामा पुग्ने र उही भीडको माग भन्दै भीडकै नेतृत्वकर्ता सरकार प्रमुखबाट संवैधानिक, कानूनी र राजनीतिक वैधता नहुने सम्झौता गर्नु भनेको "कुनै हिँस्रक भीडले कसैको सम्पत्ति कब्जा गर्नु र उसैको सम्पत्ति पुनः अन्यलाई उसैले बाँड्नु" जस्तै हो ।

**राजनीति नबुझ्नेको मूर्खता**

तत्कालीन माओवादी र सरकारकाबिच भएको सम्झौतालाई यहाँ कार्की सरकारको सम्झौतासँग तुलना गर्ने घृष्टता गर्नु भनेको राजनीति, राजनीतिक इतिहास, राजनीतिक संघर्ष, राजनीतिक मुद्दाहरू, राजनीतिक समाधान र नेपालको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक द्वन्द्वहरूलाई नबुझ्ने मूर्ख तर्क मात्र हो । संविधान र कानूनले नचिन्ने सम्झौता भोलि कसले कसरी लागु गर्दछ ? खाली यसले मुलुकमा अनावश्यक द्वन्द्व थोपर्ने बाहेक केही हुनेवाला छैन । संविधानले नचिनेको कुनै आयोगलाई संविधान संशोधन गर्ने अधिकार कुन संविधान, संवैधानिक विधिशास्त्र र मान्यताले दिएको छ ? अर्थात संविधानको प्रबन्ध, संविधान निर्माण र संशोधनको स्थापित विधिशास्त्रीय मान्यता र संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको विधिसम्मत्त भूमिकामार्फत मात्र संविधान संशोधनसम्बन्धी कार्य हुने प्रस्टै छ ।

संविधान आफैंमा विवाद, द्वन्द्व, असहमति र हिँसा बढाउने दस्तावेज नभएर विवादको विधिसम्मत्त, शान्तिपूर्ण, तार्किक समाधान गर्ने, द्वन्द्व र हिँसा न्यूनीकरण गर्ने, नागरिकको शान्तिपूर्ण सहभागिता र असहमति स्वीकार्ने, नागरिकको अपनत्व वृद्धि गर्ने जीवित र गतिशील दस्ताबेज समेत भएकाले संविधान अनुसार कार्य गर्नु पर्नेमा ' भद्दा नाटक मञ्चन' गरियो । संवैधानिक सर्वोच्चता, विधिको शासन, संविधान र संविधानको मूल प्रबन्ध र भावना प्रतिकूल प्रदर्शन गर्ने कुनै समूहसँग उनीहरूद्वारा नै समर्थित सरकारले आफूखुसी 'असंवैधानिक सम्झौता' गर्ने कुराले कुनै अर्को पक्ष, राजनीतिक विचारधारा, दल, समूह वा नागरिकको मौलिक हक, हित र सम्मानमा चोट पुग्दछ भने त्यस्तो निर्णय विभेदकारी, अन्यायपूर्ण र दूरासयपूर्ण हुन पुग्दछ ।

सरकारलाई संविधानमा शासन सञ्चालनको कार्यकारी अधिकार रहेको भए पनि संविधानमा नै शासन गर्ने अधिकार 'संविधान र कानुन बमोजिम हुने' भन्ने शब्दावली उल्लेख भएकोले सीमित सरकारको अवधारणा अनुसार राज्य सञ्चालन गर्नु मन्त्रिपरिषदको कर्तव्य हुने कुरा जान्दाजान्दै सुशीला कार्की सरकारले मूर्खतापूर्ण कार्य गर्‍यो ।

**सर्वोच्चका फैसला प्रतिकूल कार्य**

कुनै पनि सरकारले नेपालको संवैधानिक प्रबन्ध, संविधानको मर्म, भावना र सीमा प्रतिकूल कार्यकारी निर्णय हुनै सक्दैन । शेरबहादुर देउवा विपक्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको ०७७-डब्लु. सि.-०७१ भएको मुद्दामा संवैधानिक नैतिकताले संविधानद्वारा आत्मसात गरिएका मूल्य, मान्यता वा दर्शन प्रतिकूल भएका कार्यलाई स्वीकार गरिनु हुँदैन भनिएको छ ।

## समय र विचार

**डा. प्रेमराज सिलवाल, अधिवक्ता**



**सरकारको गठन नै असंवैधानिक भएको भनि सर्वोच्च अदालतमा १८ वटा रिट परि सुनुवाइको क्रममा भएको कार्की सरकारले 'केके न गरेको जस्तो देखाउन' र 'पोलिटिकल्ली सेन्सलेसहरूलाई उल्लु बनाउन' मात्र 'भद्दा नाटक' गर्‍यो । जसको कुनै पनि संवैधानिक, कानुनी र राजनीतिक आधार छँदैछैन ।**

शेरवहादुर देउवासमेत विपक्ष राष्ट्रपतिको कार्यालयसमेत ने.का.प. २०७९, अंक १, नि.नं. ००२८, संवैधानिक इजलास भएको मुद्दामा सर्वोच्च अदालतले संविधान र संविधानवादका मूल्य तथा मान्यताको विवेचना गर्दै लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गरेको संवैधानिक प्रणाली र कानुनको शासनमा राज्यका कुनै पनि पदाधिकारी कानुनभन्दा माथि वा कानुनको दायराभन्दा बाहिर रहन सक्दैनन् भनेको छ ।

अधिवक्ता बालकृष्ण न्यौपाने विपक्ष राष्ट्रपतिको कार्यालय, ने.का.प.२०६८, अंक ४, नि.नं.८५८८ भएको मुद्दामा संविधानको मर्म र भावनाप्रतिकूल मूल संविधानको मौलिक स्वरुप र संरचना नै क्षतविक्षत हुने गरी संविधान संशोधन गर्ने अधिकार संविधान अन्तर्गतको निकाय व्यस्थापिकालाई पनि नहुने भनियो । ज्ञानेन्द्रराज आरणसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत ने.का.प. २०८१, अंक ७, नि.नं. ११३११ भएको रिटमा २०८१ साल मङ्सिर २० गते माननीय न्यायाधीश आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको संयुक्त इजलासले 'राज्यका कुनै पनि निकायलाई संवैधानिक सीमाको उल्लङ्घन गर्ने छुट प्राप्त छैन' भनेको छ ।

अधिवक्ता ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालयसमेत ने.का.प. २०७३ अंक ११, नि.नं.९७१० भएको लोकमानसिँह कार्कीलाई अख्तियारको प्रमुखमा नियुक्तिसम्बन्धी मुद्दामा 'लोकतान्त्रिक मूल्य मान्यता, कानूनको शासन, संविधानवाद आदिको दृष्टिले हेर्दा राज्यका सबै काम कारबाही र क्रियाकलापको मापनको आधार भनेको संविधान नै हो' उल्लेख छ । राजीव पराजुलीको हकमा संजीव पराजुलीसमेत वि. भ्रष्टाचार नियन्त्रण शाही आयोग, हरिहरभवन, ललितपुरसमेत भएको मुद्दा (ने.का.प. २०६२, अंक ११, नि.नं.७६१८ मुद्दामा '..लिखित संविधान लागु हुनु भनेको कुनै पनि प्रथा, परम्पराबाट होइन लिखित प्रबन्ध अनुसार राज्य सञ्चालित हुनु, गर्नु हो' भनेको छ । सोही मुद्दामा सर्वोच्च अदालतले 'राजनीतिक परिस्थिति र सत्ता अनुकूल संविधानवाद र विधिको शासनको व्याख्या गर्दै जाने हो भने मुलुकमा कानूनी शासन ध्वस्त बन्ने खतरा हुन्छ' भनेर प्रस्टसँग बोलेको छ । अर्थात नेपालको संविधान, सर्वोच्च अदालतका विभिन्न प्रतिनिधि नजीर, कानून र प्रमुख राजनीतिक दलहरूको सहमती नभई गरिएका कुनै पनि सम्झौता भ्वाइडेवल कन्ट्याक्ट (शून्य हुने करार) समान हुन्छन् । सरकारको गठन नै असंवैधानिक भएको भनि सर्वोच्च अदालतमा १८ वटा रिट परि सुनुवाइको क्रममा भएको कार्की सरकारले 'केके न गरेको जस्तो देखाउन' र 'पोलिटिकल्ली सेन्सलेसहरूलाई उल्लु बनाउन' मात्र 'भद्दा नाटक' गर्‍यो । जसको कुनै पनि संवैधानिक, कानुनी र राजनीतिक आधार छँदैछैन ।

# काँग्रेसमा नेताको नाक जोगाउने मेलो ! दुई भन्दा बढी निर्वाचन क्षेत्रबाट सिफारिस

● साँघु राजनीतिक टिप्पणीकार

काठमाडौं : आउँदै गरेको प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीका तर्फबाट २०८२ मंसिर मसान्तसम्म उम्मेदवार सिफारिस गर्न भन्दै कांग्रेस केन्द्रीय कार्यसमिति बैठकबाट निर्णय भई मंसिर १५ गते देशैभरका मातहतका कमिटीमा सर्कुलर गरियो ।

सर्कुलर बमोजिम अधिकांश जिल्लाबाट उम्मेदवार सिफारिस गरिए । काँग्रेसबाट यसरी उम्मेदवार सिफारिस गर्दा प्रतिनिधिसभा क्षेत्रीय समितिले आठ जना पावरफूल नेताको नाम एक भन्दा बढी क्षेत्रबाट सिफारिस गरेका छन् । सिफारिस हुनेमा सभापति शेरबहादुर देउवादेखि महामन्त्री गगन थापासम्म रहेका छन् । सभापति देउवा, उनकी श्रीमती डा.आरजु राणा, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, सहमहामन्त्री किशोरसिंह राठोर, प्रवक्ता डा.प्रकाशशरण महत, लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन र सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायरको नाम एक भन्दा बढी स्थानबाट सिफारिसमा परेको छ ।

देउवाको नाम डडेलधुरा र बारा क्षेत्र नम्बर ३ बाट सिफारिस भएको छ भने डडेलधुराबाट एकल रुपमा सिफारिस भएको छ । लगातार रुपमा देउवा २०४८ सालदेखि २०७९ सम्म भएका सबै निर्वाचनमा डडेलधुरामा कांग्रेसबाट निर्वाचित हुँदै आएका हुन् । आगामी २०८२ फागुन २१ गतेका लागि तय भएको निर्वाचनमा पनि देउवा डडेलधुराबाटै चुनावी मैदानमा उत्रिने तयारीमा छन् । काँग्रेस उपसभापति गुरुङको नाम स्याङ्जा क्षेत्र नम्बर १ र २ बाट सिफारिस भएर आएको छ । उपसभापति गुरुङ स्वयम्ले चाहना गरे अनुरुप सम्मानका लागि भन्दै दुवै क्षेत्रबाट सिफारिस गरिएको थियो । उपसभापति गुरुङ २०७९ को प्रतिनिधिसभा निर्वाचनमा स्याङजा-२ बाट प्रत्यक्ष निर्वाचित भएका थिए ।

काँग्रेस महामन्त्री थापाको नाम भने



५ ठाउँबाट केन्द्रमा सिफारिस भएको छ । काठमाडौं-४, रोल्पा, सर्लाही-४, तेह्रथुम र धनकुटाबाट प्रत्यक्षतर्फ थापा सिफारिस भएका छन् । तेह्रथुमबाट थापाको नाम एकल सिफारिस भएको छ । यता, काठमाडौँ-४ मा पनि एकल रुपमा सिफारिस भएको छ । उनी २०७०, २०७४ र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा काठमाडौँ-४ बाट प्रत्यक्षतर्फ प्रतिनिधि सभामा निर्वाचित भएका थिए । पाँच ठाउँबाट थापाको सिफारिस भएपछि थापा आफैं कहाँबाट चुनाव लड्ने भनेर असमञ्जसमा परेको चर्चा कांग्रेसका नेता र कार्यकर्ताहरुले गर्दैछन् ।

यस्तै, काँग्रेस सहमहामन्त्री राठौरको नाम बर्दिया-२ र बाँके-३ बाट सिफारिस भएको छ । उनको गृहजिल्ला भने बर्दिया हो । राठौर २०७९ सालमा भएको निर्वाचनमा बाँके-३ बाट प्रत्यक्ष निर्वाचित भएका थिए । पार्टी प्रवक्ता रहेका डा.महतको नाम काठमाडौं-५ र नुवाकोट-१ बाट सिफारिस भएको छ । २०७४ को निर्वाचनमा महत काठमाडौँ-५ बाट उम्मेदवार भएर हारेका थिए । उनी एमाले उम्मेदवार ईश्वर पोखरेलसँग पराजित भएका थिए । उनको स्थायी घर भने नुवाकोट-१ म पर्दछ । यद्यपि उनले आफू यसपल्टको चुनावमा नुवाकोट-१ बाट निर्वाचन लड्ने तयारी गरेको बताउँदै आएका छन् । जेन-जी पीडित देउवा पत्नी रहेकी काँग्रेस केन्द्रीय सदस्य डा. आरजुको नाम कैलाली-५ र बर्दिया-२ बाट सिफारिस गरिएको छ । निवर्तमान परराष्ट्र मन्त्री समेत रहेकी डा.राणा २०७४ को प्रतिनिधिसभा निर्वाचनमा कैलाली-५ मा पराजित भएकी थिइन् । उनी एमालेका नारदमुनी रानासँग हारेकी थिइन् । बर्दिया-२ को ढोडरीमा उनको पैतृक जग्गा भएका कारण सिफारिस हुने आधार बनेको हो । आरजुकै इच्छा मुताविक त्यहाँबाट पनि नाम सिफारिस भएको जिल्लास्तरीय नेताको भनाई रहेको छ ।

काँग्रस सुदूरपश्चिम कार्यसमिति सभापति एवम् पूर्व मन्त्री बलायरको नाम कैलाली-४ र डोटीबाट सिफारिस भएको छ । बलायर प्रतिनिधिसभा निर्वाचन २०७९ मा कैलाली-४ बाट विजयी भएका थिए । निवर्तमान सांसद भएका नाताले कैलाली-४ बाट बलायरलाई उम्मेदवारका रूपमा सिफारिस गरिएको बुझिन आएको छ । डोटी बलायरको गृहजिल्ला हो । २०७० सालको संविधान सभा चुनावमा बलायर डोटीबाट प्रत्यक्ष निर्वाचित भएका थिए । यसपल्ट बलायरले डोटीबाट उम्मेदवार हुने संभावना रहेको उनी निकटस्थ काँग्रेसीहरुको भनाई छ ।

यता, लुम्बिनी प्रदेश सभापति रहेका अमरसिंह पुनको नाम बाँके-३ र रोल्पाबाट सिफारिस भएको छ । पुनको गृहजिल्ला रोल्पा हो । तर, उनी प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवार बन्दै हार्दै आएका छन् । २०७९ को निर्वाचनमा उनी रोल्पाबाट लुम्बिनी प्रदेशसभा सदस्यमा माओवादीका उम्मेदवारसँग हारेका थिए ।

**नेपाल सरकार**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**निजामती कर्मचारी अस्पताल**
**मिनभवन काठमाडौं**
**फोन नं. ०१४१०७०००**

**अस्पतालको सेवा विस्तार सम्बन्धी सूचना**

**यस अस्पतालमा देहायका सेवाहरु विस्तार गरिएकोले सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।**

१. अत्याधुनिक Sanger Sequencing बाट आनुवंशिक परीक्षण -(Spinal Muscular Atrophy (SMA) test)
२. बच्चाहरुको स्नायु सम्बन्धी Pediatrics Neurology सेवा
३. स्नायु प्रणाली सम्बन्धि समस्या समाधानको लागि Neuro-Surgery सेवा

**–अस्पताल प्रशासन**

# जेन-जी सरकारद्वारा नेपाल प्रहरीको बन्दोबस्ती ठेक्का रद्द

## आन्दोलनले थिलथिलो प्रहरी फोर्सप्रति राज्यबाटै अन्याय

● साँघु संवाददाता

**काठमाडौं । नेपाल प्रहरीको ३३ औँ प्रहरी महानिरीक्षक (आईजीपी) का रूपमा दानबहादुर कार्की नियुक्त भएको २०८२ पुस ७ गते ४३ दिन पूरा भइसकेको छ । उनी यस्तो बेलामा नेपाल प्रहरीको नेतृत्व सम्हाल्न पुगेका छन्, जब संगठन गम्भीर मनोवैज्ञानिक दबाब, भौतिक क्षति र संरचनागत चुनौती को अत्यन्त संवेदनशील चरणमा छ ।**

विशेषगरी २०८२ भदौ २३ र २४ गते सम्पन्न जेन-जी आन्दोलनले नेपाल प्रहरी संगठनमा अभूतपूर्व क्षति पुऱ्याएको थियो। आन्दोलनका क्रममा प्रहरीका पोस्ट, कार्यालय र वासस्थानमा आगजनी, सरकारी संरचना ध्वस्त, सहायक अधिकृतदेखि जवानसम्मको निधन, दर्जनौं सुरक्षाकर्मी गम्भीर घाइते तथा सयौं प्रहरी दीर्घ मानसिक आघातमा परेका थिए। यही पृष्ठभूमिमा दानबहादुर कार्कीले प्रहरी संगठनको कमान्ड सम्हालेका हुन् ।

तर, यति गम्भीर क्षतिको पृष्ठभूमिमा पनि प्रहरीका लागि अत्यावश्यक बन्दोबस्ती सामग्रीको आपूर्ति रोकिनु प्रहरी संगठनभित्र राज्यकै अन्यायका रूपमा हेरिन थालिएको छ । प्रहरी स्रोतका अनुसार, हातहतियार सहित बन्दोबस्ती आपूर्ति ठप्प हुनु गृहमन्त्री ओमप्रकाश अर्यालको जिम्मेवारीबाट पलायन भएको ठहर गर्दै संगठनभित्र गहिरो असन्तोष बढ्दै गएको छ ।

**आन्दोलनले प्रहरी फोर्समा गहिरो घाउ**

२०८२ भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएका हिंसात्मक गतिविधिमा नेपाल प्रहरीले अग्रपंक्तिमा उभिएर स्थिति नियन्त्रण गर्ने प्रयास गऱ्यो । तर, त्यस क्रममा प्रहरीका संरचना मात्र होइन, प्रहरी परिवारको जीवन नै तहसनहस भएको प्रहरी स्रोत बताउँछ । घाइते सुरक्षाकर्मीहरूको उपचार अझै जारी छ भने, धेरै प्रहरी कर्मचारी आघातजन्य मानसिक समस्याबाट ग्रसित छन् । यस्तो अवस्थामा प्रहरी संगठनलाई थप सुदृढ बनाउनुको सट्टा लत्ताकपडालगायतका अति जरुरी बन्दोबस्ती आपूर्ति रोकिनु मनोबलमा थप प्रहार भएको प्रहरीका जवान र अधिकारीहरूको गुनासो सुनिन्छ ।

**निर्वाचनको माहोल, तर प्रहरी कमजोर अवस्थामा**

देश अहिले निर्वाचनको संवेदनशील माहोल मा प्रवेश गरिसकेको छ । निर्वाचन शान्तिपूर्ण र विश्वसनीय बनाउन प्रहरीको भूमिका निर्णायक हुन्छ । तर, विडम्बना, यही बेला प्रहरीको आधारभूत आवश्यकता मानिने हातहतियार सहित अति आवश्यक बन्दोबस्ती सामग्री आपूर्ति पूर्ण रूपमा ठप्प छ ।

नेपाल प्रहरीका लागि आवश्यक पोसाक, सुरक्षा सामग्री, हतियार तथा सञ्चार उपकरण खरिदका लागि २०८२ साउन ५ गते सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार विधिवत बोलपत्र








आव्हान गरिएको थियो । तर, जेन-जी सरकार गठनपछि ती सबै टेण्डरहरू कुनै ठोस र औपचारिक कारण नखुलाई रद्द गरिएको तथ्य सार्वजनिक भइसकेको छ ।

बन्दोबस्ती ठप्प हुँदा प्रहरीको वास्तविक अवस्था

प्रहरी स्रोतका अनुसार हाल: धेरै प्रहररी इकाइमा हातहतियार र पोसाकको गम्भीर अभाव, दंगा नियन्त्रण सामग्री पुराना र प्रयोगयोग्य नरहेका, सञ्चार उपकरण सीमित तथा जीर्ण, बुलेटप्रुफ ज्याकेट र हेल्मेट आवश्यकताभन्दा अत्यन्त न्यून । यस्तो अवस्थामा निर्वाचन सुरक्षा, सार्वजनिक शान्ति कायम राख्ने कार्य तथा आपतकालीन परिचालनमा गम्भीर जोखिम उत्पन्न हुने प्रहरी अधिकारीहरूले चेतावनी दिएका छन् ।

**विधिवत प्रक्रिया हुँदाहुँदै किन टेण्डर रद्द ?**

नेपाल प्रहरीका लागि आवश्यक सामग्री खरिदका लागि सार्वजनिक खरिद ऐनअनुसार सबै प्रक्रिया पूरा भएको अवस्थामा टेण्डर रद्द गरिनु संस्थागत मनोबल गिराउने निर्णय भएको प्रहरी स्रोतको भनाइ छ। एक वरिष्ठ प्रहरी अधिकारी भन्छन्-"न आन्दोलनको कानूनी अवरोध देखाइयो, न प्रक्रिया त्रुटि प्रमाणित गरियो। स्पष्ट आधार बिना टेण्डर रद्द गर्नु भनेको प्रहरी फोर्सलाई नै दण्डित गर्नु हो ।"

**तत्कालै आपूर्ति हुनुपर्ने अत्यावश्यक सामग्री ?**

**१. व्यक्तिगत पोसाक तथा उपकरण**

**प्रत्येक प्रहरी कर्मचारीका लागि अनिवार्य सामग्रीहरू:**

प्रहरी पोसाक (गर्मी तथा जाडो)
टोपी (क्याप, बेरेट)
बुट तथा जुत्ता
बेल्ट र बकल
रेनकोट
स्वेटर तथा ज्याकेट
मोजा र पञ्जा
ब्याज तथा दर्ज्यानी चिन्ह
परिचयपत्र (आईडी कार्ड)

**२. हतियार तथा सुरक्षा सामग्री**

हेल्मेट
बुलेटप्रुफ ज्याकेट
ग्यास मास्क
डण्डा (लाठी)
आँसु ग्यास तथा रबर बुलेट

**३. सञ्चार तथा सूचना उपकरण**

कमाण्ड, नियन्त्रण र आपतकालीन समन्वयका लागि:
वाकी-टकी
बेस स्टेशन रेडियो
मोबाइल फोन
स्याटेलाइट फोन
हेडसेट
मेगाफोन
सीसीटीभी क्यामेरा
ड्रोन (विशेष अपरेशनका लागि)

**मनोबल खस्किने खतरा**

प्रहरी संगठनभित्रका अधिकारीहरू भन्छन्-"आन्दोलनमा सबैभन्दा अगाडि उभिने प्रहरीलाई नै आधारभूत सुरक्षा सामग्रीहरु रबरबका बुलेट, अश्रु ग्यास, पोसाक र सञ्चार उपकरणबाट वञ्चित गर्नु राज्यको सुरक्षा प्रणाली कमजोर बनाउने कदम हो ।"

विशेषगरी घाइते सुरक्षाकर्मी, आगजनी भएका इकाइहरु, वासस्थान गुमाएका जवानहरू र आघातमा रहेका परिवार हरूको पृष्ठभूमिमा सरकारको यो निर्णय असंवेदनशील भएको टिप्पणी गरिएको छ । प्रहरी संगठनभित्र व्यापक रूपमा उठेको चिन्ता के हो भने-"आन्दोलनमा सबैभन्दा अगाडि उभिने प्रहरीलाई नै राज्यले असुरक्षित बनायो ।"

**सरकारसँग उठेका प्रश्न**

विधिसम्मत टेण्डर किन रद्द गरियो ? अति आवश्यक बन्दोबस्ती आपूर्तिमा प्रहरी नेतृत्व र गृह मन्त्रालय किन मौन ?

आन्दोलनले क्षतिग्रस्त प्रहरी फोर्सलाई राहत दिनुको सट्टा दण्ड किन ? निर्वाचनको संवेदनशील घडीमा सुरक्षाकर्मीको मनोबल खस्किँदा देशको आन्तरिक सुरक्षा कसरी मजबुत हुन्छ ?

**निष्कर्ष**

नेपाल प्रहरी राज्यको अन्तिम सुरक्षा ढाल हो । राजनीतिक आन्दोलनको मूल्य सुरक्षाकर्मीले ज्यान, स्वास्थ्य र घरबार गुमाएर तिर्दा पनि व्यवसायिक रुपमा हेर्दा उनीहरूको आधारभूत आवश्यकतामाथि नै प्रहार हुनु लोकतान्त्रिक राज्यका लागि शुभ संकेत होइन ।

**यदि समयमै निर्णय सच्याइएन भने यसको असर**

केवल प्रहरी संगठनमा मात्र होइन, समग्र शान्ति, सुरक्षा र शासन व्यवस्थामै पर्ने सुरक्षा विज्ञहरूको चेतावनी छ ।

---

**आईजीपी दानबहादुर कार्की**
संकटको घडीमा नेतृत्वको परीक्षा
अवधि: ४३ दिन पूरा(२०८२ पुस ७ गते)
**सम्हालेको अवस्था:**
जेन-जी आन्दोलनपछिको क्षति
प्रहरी मनोबल गम्भीर रूपमा खस्किएको
**मुख्य चुनौती:**
बन्दोबस्ती आपूर्ति ठप्प
अति आवश्यक हातहतियारविहीन फोर्स
निर्वाचनको संवेदनशील घडी
**प्राथमिक परीक्षा:**
पीडित प्रहरी फोर्सको अति संवेदनशील बनेर उभिने ?
गृह मन्त्रालयमा बन्दोबस्ती आपूर्तिका **विषयमा स्पष्ट प्रस्ताव राख्ने ?**
१०० दिनभित्र संकेत चाहिने:
१) ठप्प टेण्डर तत्कालै खोल्ने
निर्वाचन सुरक्षा विश्वसनीय हुने
**इतिहासमा कसरी लेखिने ?**
- फोर्सको संकट समाधानमा दह्रोसँग उभिने आईजीपी ?
- फोर्सको मनोबल उच्च कायम गर्न सफल कार्की नेतृत्व ?

---

# मन्त्रीले फुल अडिट रोक्दा

## झण्डै पच्चीस अर्ब राजश्व गुम्दै !

● साँघु संवाददाता

**काठमाडौं । ठुला व्यवसायी, उद्योगी र व्यवसायिक फर्महरुले आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र ठुला करदाता कार्यालयमा गत आर्थिक वर्षको कर विवरण र कर राजस्व दाखिला गरिसकेका छन् । उनीहरुले पेश गरेको विवरणमा आशंका लागेमा कर कार्यालयहरुले पुन फुल अडिट गर्न निर्देशन दिंदै आएको छ ।**



तर, यसपटक अर्थमन्त्री रामेश्वर खनालले फुलअडिट नगर्न आन्तरिक राजस्व विभागमार्फत निर्देशन दिएको भन्दै कर्मचारीहरु असन्तुष्ट हुन पुगेका छन् । यद्यपि, विभागले २०८२ मंसिर १८ गते बिहीवार एक विज्ञप्ति जारी गर्दै अडिट कार्य नरोकेको र सुरु गरिएको जानकारी दिएको थियो ।

मन्त्रालयको यो दोहोरो चरित्रका कारण ठुला व्यवसायिक फर्म, आयात कम्पनी र उद्योगहरूको आयकर, भ्याट र अन्तशुल्क चुहावट बढ्नसक्ने चिन्ता कर प्रशासनमा कर्यरत कर्मचारीले गरेका छन् । २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि मुलुकको अर्थतन्त्र थप सुस्त र गतिहीन अवस्थामा पुगेको अर्थविद्हरु बताउँछन् । यस्तो अवस्थामा निजी क्षेत्रलाई थप चिढाउन नहुने पक्षमा अर्थमन्त्री रामेश्वर खनाल रहेको बुझिएको छ । यही कारण उद्यमी व्यवसायीले जेजति राजस्व तिरेका छन् त्यसैमा सरकार चित्त बुझाएर बस्नुपर्ने पक्षमा मन्त्री खनाल रहेको अर्थ स्रोतको बुझाई रहेको छ ।

अर्थका जानकार, अनुभवी र सक्षम अर्थमन्त्री खनाल व्यावसायीहरुलाई यो विषम परिस्थितिमा फुल अडिटका नाममा दुःख दिने पक्षमा देखिंदैनन् । विभाग मातहतका कार्यालयहरुमा करदाताहरुले विवरण गलत पेश गर्ने र राजस्व रकम कम दाखिला गरेर कर छली गर्नेक्रम मौलाउँदै गएको अवस्था पनि विद्यमान छ । कतिपय करदाताले ठुलो परिणाममा भ्याट, आयकर र अन्तशुल्क बुझाउनुपर्ने भएपनि काजजात मात्र मिलाएर कर छली गर्दै आएको बताइन्छ । विभागमातहतका ठूला, मध्यमस्तरीय, आन्तरिक कर कार्यालयहरुका कर्मचारीहरुले शंकास्पद विवरण पेश गरेको भेटिएको खण्डमा पुनः राजस्व विवरण अडिट गराई राजस्व असुली गर्दै आएका छन् ।

यसअघि विभागको नेतृत्व गरिसकेका सहसचिव दीर्घराज मैनाली, रामप्रसाद आचार्य र शोभाकान्त पौडेल, शिवलाल तिवारीलगायत महानिर्देशकहरुले फुल अडिटको आदेश दिंदै बढी राजस्व निर्धारण गरेको नजिर रहेको बताइन्छ । सहसचिव मैनाली महानिर्देशक रहेको समयमा एक हजार भन्दा बढी व्यवसायिक फर्म, उद्योगहरूको फुल अडिट गराइ रु. नौ अर्ब भन्दा बढी राजस्व दाखिल गर्न लगाएको स्रोत बताउँछ । ठूला, मध्यम र आन्तरिक राजस्व कार्यालयमा कार्यरत कतिपय कर्मचारी, चार्टर एकाउन्टेन्ट र व्यवसायीको मिलेमतोमा ३५ प्रतिशतसम्म राजस्व चुहावट हुने गरेको आरोप लाग्दै आएको छ ।

कर्मचारीकै आड भरोसामा कतिपय ठुला व्यवसायी र उद्योगीहरूले व्यापक राजस्व छल्दै आएका समाचारहरु पनि बाहिर आउने गरेका छन् । यो विषयमा अध्ययन गर्दा विभागले शंका लागेमा फुल अडिट गराएर थप राजस्व बुझाउन पनि बाध्य पार्दै आएको छ । मन्त्री खनालले शंकास्पद राजस्व विवरण दाखिलामा फुल अडिट नगर्न निर्देशन दिएपछि विभागका कर्मचारीहरू अर्बौं राजस्व गुम्ने भयो भनेर असन्तुष्ट देखिएका छन् । फुल अडिट गर्दा उद्यमी व्यवसायीहरू असन्तुष्ट हुने देखेर नै मन्त्री खनालले आँट गर्न नसकेको आशंका कर्मचारीहरुले गर्दै आएका छन् ।

फूल अडिटको नाममा कर्मचारीलाई मोटाउने बातावरण दिने पक्षमा मन्त्री खनाल नरहेको अर्थ स्रोत बताउछ । जसले गर्दा राजस्व संकलनमा करिब २५ अर्ब रूपैयाँ घटनसक्ने प्रक्षेपण विभागका कर्मचारीहरूले गर्दै आएका छन् ।

अर्थ मन्त्रालयमातहतका आन्तरिक राजस्व, मध्यमस्तरीय, ठुला करदाता कार्यालय र विभागले विगत वर्षहरूमा फुल अडिट गर्दा रु. २० अर्बदेखि २५ अर्बसम्म थप राजस्व रकम निर्धारण गरी राजस्व दाखिला गराउदै आएका थिए । तर, समयमा अडिट गर्न नपाएको कारण चालु आर्थिक वर्ष २०८२/०८३ मा यो रकम घटनसक्ने आशंका मन्त्रालयमा कार्यरत एक उच्च अधिकारीले गरेका छन् ।

---

# वरिष्ठ सहसचिवमाथि मन्त्रीबाटै अन्याय ?



काठमाडौं । मुलुकमा सुशासन, भ्रष्टाचार नियन्त्रण, बेथितिको अन्त्य र आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउने शर्तमा वर्तमान अन्तरिम सरकार गठन भएको थियो । ०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पूर्व प्रधान न्यायाधीशसमेत रहेकी सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन भएको हो । तर, यो अवधिमा अन्तरिम सरकारले जेनजी आन्दोलनको मर्म र भावनाअनुसार काम गर्न नसकेको आरोप खेप्दै आएको छ । अझ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसहित अन्य दुईवटा शक्तिशाली विकासे मन्त्रालयको नेतृत्व गर्दै आएका मन्त्री कुलमान घिसिङको कार्यशैलीप्रति पनि कर्मचारीहरु खुसी हुन नसकिरहेको गुनासो सुनिएको छ ।

जस्तो उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सबैभन्दा सिनियर सुपरिटेन्डेन्ट इन्जिनियर सहसचिव भीमार्जुन अधिकारीलाई मन्त्रालयमातहतको सबैभन्दा कनिष्ठ सहसचिवले हेर्दै आएको ट्राफिक व्यवस्थापन महाशाखामा सरूवा गरेर अपमान र अन्याय गरेको गुनासो केही कर्मचारीहरुले गरेका छन् । मन्त्रालयका सबैभन्दा सिनियर, लगनशील र राज्यको एक रुपैयाँ पनि तलमाथि गर्न नहुने मान्यता राख्दै आएका अधिकारीलाई मन्त्री घिसिङले न्याय दिनु त परै जावोस् अन्यायपूर्वक उक्त महाशाखामा सरूवा गरेको केही कर्मचारीहरुले आरोप लगाएका छन् । यसअघि सुई अधिकारीले सडक विभागको योजना, अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुखको जिम्मेवारी संहालेका थिए ।

तरपनि उनलाई यसअघिका मन्त्रीहरुले विभागको नेतृत्व दिने नैतिकता देखाएनन् । बरु उल्टै, मन्त्रालयको योजना, अनुगमन तथा मूल्यांकन, विकास सहायता समन्वय तथा गुणस्तर महाशाखामा खटाएका थिए । मन्त्रालयको यी महत्वपूर्ण महाशाखाहरुको नेतृत्व गरिसकेका वरिष्ठ सहसचिव अधिकारीलाई जेनजीहरुको माग बमोजिम मन्त्री घिसिङले विभागको नेतृत्वमा खटाउनुपर्ने थियो । तर, उल्टै योजना महाशाखाबाट खासै काम नहुने ट्राफिकतिर लखेटिएको बताइन्छ । मन्त्रीको यस्तो कार्यशैलीले विगतमा निर्वतमान उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दीपक खड्काले नेपाल विद्युत प्राधिकरणको नेतृत्वमा रहँदा घिसिङलाई गरेको जस्तै अन्याय गरेको चर्चा मन्त्रालयमातहत निकायमा कार्यरत कर्मचारीहरूले गर्दै आएका छन् ।

सुई अधिकारीमाथि मन्त्री घिसिङले गरेको व्यवहारका कारण भौतिक पूर्वाधार मन्त्रालयमा सुशासन होइन, कुशासन सुरू भएको चर्चा चल्न थालेको बताइन्छ । हाल मन्त्रालयमा प्रशासन महाशाखामा सहसचिव बलराम रिज्याल, योजना, अनुगमन तथा मूल्यांकन महाशाखाको नेतृत्व भने सुई रामहरि पोखरेलले गर्दै आएका छन् । विकास सहायता समन्वय तथा गुणस्तर महाशाखाको नेतृत्व सुई सुशीलबाबु ढकाल र पूर्वाधार निर्माण तथा यातायात महाशाखामा सुई कृष्णराज पन्थले गर्दैछन् ।

---

## समाचार/विविध

# राजश्व छली, चुहावट तस्करी बढ्दै !

## राजस्व अनुसन्धान विभाग किन निदायो ?

● साँघु संवाददाता

काठमाडौं । कुनै समय राजश्व अनुसन्धान विभागमा सरुवा भएर जान कर्मचारीहरुले ठूलै जोडबल, घुस, थैली भेटको कसरत गर्नुपर्ने अवस्था विगतमा थियो । जोखिम मोलेर काम गर्नुपर्ने विभागमा अहिले कर्मचारीहरुको आकर्षण घटेको मात्र छैनकि सरूवा भएर जानसमेत आनाकानी गरिरहेको बुझिएको छ । यसअघि विभागमा शक्तिशाली पार्टीका ठूला नेता, सांसद, अर्थमन्त्री र प्रधानमन्त्री कार्यालयको सोर्सफोर्सका साथै मोटो रकम थैलीसमेत बुझाएर सरूवा भएर जानुपर्ने स्थिति रहेको थियो । तर, अन्तरिम सरकारले सो विभागलाई प्रधानमन्त्री कार्यालयबाट अर्थ मन्त्रालयमातहत ल्याएपछि कर्मचारीहरूको चाप स्वत घटेको बताइन्छ ।




त्यतिमात्र होइन अर्थमन्त्री रामेश्वर खनालले तिहार लगत्तै एक सार्वजनिक कार्यक्रममा विभागको औचित्य नरहेको भन्दै अभिव्यक्ति दिएका थिए । जसले गर्दा भंसार चोरी निकासी र राजश्व चुहावटमा नियन्त्रणमा विभाग अहिले छानबिन, अनुसन्धानमा निरीह जस्तै बन्न पुगेका कारण तस्करी व्यापक बढेको छ । बिभागीय मन्त्रीको उक्त भनाईले गर्दा राजश्व चुवाहट गर्दै आएका केही व्यवसायीहरुको मनोवल उच्च र कर्मचारीको भने थप झस्किन, खस्किन पुगेको बताइन्छ । विभागमा दुईजना उपसचिव तहका निर्देशक पद रिक्त भएको लामो समय बितिसकेको छ । तर, अर्थ मन्त्रालयले राजस्व समूहका उपसचिव खटाउन अलमल गरिरहेको छ ।

विभागमा अर्का सरकारी वकिल समूहका उपमहान्यायिवक्ताले मात्र अनुसन्धान गरी सामान्य मुद्दाहरु दायर गर्दै आएका छन् । प्रशासनसहित पाँचजना निर्देशक, एक सहसचिव सरहका उपमहानिर्देशक र महानिर्देशकको दरबन्दी रहेको छ । विभागबाट अधिकांश उपसचिव र अधिकृतहरुको सरुवा गरिएकोले पनि अनुसन्धान प्रभावित भएको बताइन्छ । अझ अर्थ मन्त्रालयले ओएनएम सर्भेक्षण गरेर विभागमा राजश्व समूहका थप ५ जना निर्देशकको दरबन्दी थप गरेको छ । तर, राजस्व चुहावटमा महत्वपूर्ण निर्णय गर्ने दुई जना निर्देशकहरूलाई समयमा खटाउन सकिरहेको छैन । विभागमा काम गर्दा तस्कर, माफिया र राजस्व छली गर्ने उद्यमी व्यवसायीहरूले तर्साउने, धम्क्याउने र अनुसन्धानमा प्रभावित पार्न खोज्ने प्रवृत्ति मौलाउँदो रहेको छ ।

त्यसो हुँदा विभागमा आँट, साहस, हिम्मत नभएका र चुनौती मोल्न नसक्ने कर्मचारीहरू सरुवा भएर जान मान्दैनन् । विभागको भूमिकालाई नै अर्थ मन्त्रीले कमजोर पार्दै लगेपछि यतिखेर त्यहाँ कर्मचारीहरु निरास मात्र भएको पाइँदैनकि सरूवा भएर जानसमेत अटेर गर्न थालेका छन् । ०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त विभागसहित राष्ट्रिय अनुसन्धान (गुप्तचर) र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमातहत लगेका थिए ।

प्रधानमन्त्री कार्यालयमातहत रहँदा यी विभागको भूमिका मात्र नभएर गरिमासमेत उच्च बन्न पुगेको केही कर्मचारीहरु बताउछन् । कर्मचारीहरु पनि प्रधानमन्त्रीप्रति उत्तरदायी भएर काम गर्नुपर्ने भएकोले पनि उत्तिकै सतर्क र जिम्मेवार भएर प्रस्तुत हुने गरेको स्रोत बताउछ । जसले गर्दा यी विभागको नेतृत्वमा पुग्न र सरुवा भएर जान कर्मचारीहरुको बिचमा ठूलै होडबाजी नै चल्ने गरेको थियो । तर, यतिखेर पनि विभागको नेतृत्वप्रति नभएर अस्तित्वमाथि नै प्रश्न उठ्ने गरेको छ ।

# निर्वाचन अन्योलमा रहँदै पर्यवेक्षण अनुमति !

काठमाठौं । आगामी २०८२ फागुन २१ गते घोषित प्रतिनिधि सभा सदस्य निर्वाचन होला वा नहोला भन्ने विषयमा ७३ दिन बाँकी रहँदा पनि अझै मुलुकका ठूला राजनीतिक दलहरु विश्वस्त भएर निर्वाचनमा होमिन सकिरहेका छैनन् । तर, निर्वाचन आयोगले भने उक्त निर्वाचन लागि पर्यवेक्षण गर्न विभिन्न स्वदेशी र विदेशी संस्थाहरुलाई भने अनुमति प्रदान गरिसकेको छ । २०८२ कात्तिक ११ गतेको निर्णयानुसार आयोगले निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ बमोजिम १५ दिनको समय दिई प्रस्ताव आव्हान गरेको थियो । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को पर्यवेक्षण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट निवेदनसमेत आव्हान गरेपछि निवेदनहरु परेका थिए ।

जसमा ४४ वटा राष्ट्रिय र ५ वटा अन्तर्राष्ट्रिय संस्थाहरूबाट निवेदन प्राप्त भएको आयोगले जानकारी दिएको छ । पर्यवेक्षणका लागि आवेदन दिएर स्वीकृत भएका संस्थाहरूको नामावली सार्वजनिक भइसकेको छ । २०८२ मंसिर २९ गते आयोगका प्रवक्ता एवम सहसचिव नारायण प्रसाद भट्टराईले प्रेस विज्ञप्ति जारी गर्दै निर्वाचन पर्यवेक्षण निर्देशिका २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका तल उल्लेखित संस्थाहरूलाई पर्यवेक्षण गर्न अनुमति दिएको जानकारी दिएका हुन् । साथै, निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आवश्यक पर्ने कागजात पेश नगरेका संस्थाहरूलाई भने थप समयसहित कागजात पेश गर्न पत्राचार गरिएको प्रवक्ताको भनाई रहेको छ ।

हाल आयोगबाट पर्यवेक्षण गर्नका लागि अनुमति प्राप्त गरेका राष्ट्रिय संस्थाहरूमा डेमोक्रेसी रिसोर्स सेन्टर, सामुहिक अभियान, नेपाल मानव अधिकार संगठन र युवा वकालत नेपाल रहेका छन । यसैगरी आयोगले निर्वाचन पर्यवेक्षण समिति, लोकतन्त्र तथा निर्वाचन सरोकार, गैरसरकारी संस्था महासंघ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई पनि पर्यवेक्षणका लागि अनुमति दिइएको छ ।

त्यसैगरी आयोगबाट अनुमति पाउने अन्यमा संघीय बहसमा युवा, सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह, नेपाल मतदाता अधिकार मञ्च, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र राष्ट्रिय अपाङ्ग महासंघ रहेका छन । यस्तै, मानव अधिकार तथा सामाजिक रुपान्तरण अभियान, सुशासन महासंघ, नेपाल, इन्टरनेशनल यूएनएचआर काउन्सिल अफ नेपाल, राष्ट्रिय व्यवसायिक पहल, महिला कानून र विकास मञ्च, बागेश्वरी असल शासन क्लब (बास) ले पनि निर्वाचन पर्यवेक्षणको अनुमति पाएका छन ।

उता, समृद्ध आधार, कानूनी न्यायिक अध्ययन प्रतिष्ठान, महिला सेवा संस्था, नेपाल, युवालय, विश्व उपभोक्ता महासंघ, उन्नत नेपाल, प्राज्ञिक विद्यार्थी परिषद र सञ्चारिका समूह, नेपाललगायत २७ वटाले आयोगबाट अनुमति प्राप्त गरेका छन । आयोगबाट निर्वाचन पर्यवेक्षणका लागि चारवटा अन्तर्राष्ट्रिय संस्थाहरूलेसमेत अनुमति पाएका छन् । जसमा द कार्टर सेन्टर अमेरिका, एएनएफआरइएल-एशिएन नेटवर्क फर फ्रि इलेक्सन, द मूल्टीडिस्पनरी इन्स्च्यिूट अफ ट्रेनिङ एण्ड लर्निङ र इन्टरनेशनल रिपब्लिकन इन्स्चियूट रहेका छन् ।

# शहरी विकास मन्त्रालयका ४२ ठेक्का रूग्ण !

## विकास खर्च पनि चार प्रतिशतमा खुम्चियो ?

काठमाडौं । शहरी विकास मन्त्रालयले ०८२ मंसिर २४ गते अलपत्र अवस्थामा रहेका ठेक्का किन नतोड्ने भन्दै सूचना प्रकाशित गरेको थियो । त्यसपछि लामो समयदेखि आयोजना अलपत्र पारेका केही निर्माण व्यवसायीहरु भने सम्पर्कमा आउन थालेको मन्त्रालय स्रोतले जानकारी दिएको छ । मन्त्री कुलमान घिमिङले मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा रुग्ण ठेक्काका विषयमा चासो बढाएपछि शहरी विकास तथा भवन निर्माण विभागले सूचना नै जारी गरेको स्रोतले दावी गरेको छ । विभागको कार्य क्षेत्रभित्र यतिखेर ४२ वटा ठेक्का रुग्ण अवस्थामा रहेको बताइन्छ ।

जसमध्ये विभागले ३७ ठेक्का किन नतोड्ने भन्दै सूचना प्रकाशित गरेको थियो । स्रोतका अनुसार, हालसम्म ३ वटाको ठेक्का तोडिएको र ३६ वटामा निर्माण व्यवसायी सम्पर्कमा आईसकेको मन्त्रालय स्रोत बताउछ । एउटा ठेक्काको संझौता गरेका निर्माण व्यवसायी भने सम्पर्कमै नआएको विभाग स्रोतको भनाइ रहेको छ । स्रोत भन्छ-'स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गत हाल १६ ठेक्का रुग्ण रहेका छन् । त्यसमध्ये ६ वटाको ठेक्का तोड्नका लागि विभागले सूचना प्रकाशित गरिसकेको र एउटाको भने ठेक्का तोडिएको छ ।'

मन्त्रालयका लागि चालु आर्थिक वर्षमा ९१ अर्ब ३४ करोड १७ लाख रुपैयाँ विनियोजन गरिएको छ । जसमध्ये २ हजार १ सय ४० कार्यक्रमका लागि विनियोजन गरिएको ६१ अर्ब ७६ करोड ३१ रुपैयाँ रोक्का गरिएको छ । चालु आ.व.को चार महिनामा मन्त्रालयको खर्च ४ प्रतिशतमा खुम्चिएको छ । त्यसैले मन्त्रालयको नेतृत्वको ध्यान खर्च बढाउने र प्रगति देखाउनेतर्फ अग्रसर हुँदै गएको स्रोतको भनाई रहेको छ ।

# राष्ट्र निर्माण : सैन्य होइन, संस्कृतिले बाँधेको समाज



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपाल राष्ट्र-राज्यका रूपमा आजसम्म एकताबद्ध रहनु इतिहासको संयोग मात्र होइन ; यो राष्ट्रिय हितप्रतिको सामूहिक चेतना र साझा सांस्कृतिक मूल्यको निरन्तर अभ्यासको परिणाम हो । नेपाल विविध भाषा, जाति, धर्म, भौगोलिक क्षेत्र र जीवनशैलीले भरिएको देश हो । यस्तो विविधतायुक्त समाजलाई एकतामा बाँधेर राख्न राजनीति मात्र पर्याप्त हुँदैन । राजनीतिले शासन सञ्चालनको ढाँचा दिन सक्छ, तर राष्ट्रको आत्मा भने राष्ट्रिय हित र संस्कृतिबाट निर्माण हुन्छ । यही दुई आधारले नेपाललाई विगतमा पनि, वर्तमानमा पनि र भविष्यमा पनि एकताबद्ध राख्नेछन् ।**

**राष्ट्र निर्माण : सैन्य होइन सांस्कृतिक प्रक्रिया**

नेपालको इतिहासतर्फ हेर्दा राष्ट्र निर्माणको प्रक्रिया केवल सैन्य विजय वा राजनीतिक विस्तारमा सीमित थिएन। विभिन्न साना राज्य, समुदाय र पहिचानलाई एउटै राष्ट्रका रूपमा स्वीकार गरिनु सांस्कृतिक एकीकरणको दीर्घ प्रक्रिया थियो । पृथ्वीनारायण शाहले व्यक्त गरेको राष्ट्रिय हितको दृष्टिकोण भू-राजनीतिक सन्तुलनसँगै साझा पहिचानको चेतनामा आधारित थियो । भाषा, धर्म, परम्परा र सामाजिक मूल्यले मानिसहरूलाई क्रमशः “हामी नेपाली” भन्ने भावनामा बाँध्दै लगे । यही भावनाले नेपाललाई छिमेकी ठूला शक्तिबीच पनि स्वतन्त्र र अखण्ड राष्ट्रका रूपमा उभिन सहयोग पुर्‍यायो ।

**लोकतन्त्र, मतभेद र राष्ट्रिय हित**

वर्तमान समयमा नेपाल लोकतान्त्रिक अभ्यासको चरणमा छ, जहाँ फरक विचार, दल र नीति हुनु स्वाभाविक र आवश्यक पनि छ । तर, व्यवहारमा राजनीति कहिलेकाहीँ सङ्कुचित स्वार्थ, आरोप-प्रत्यारोप र ध्रुवीकरणतर्फ उन्मुख भएको देखिन्छ । यसले समाजमा असमझदारी र विभाजनको अनुभूति गराउन सक्छ । यस्ता अवस्थामा राष्ट्रिय हित साझा मानकका रूपमा उभिनुपर्छ । राष्ट्रिय हितले नागरिकलाई सम्झाउँछ कि राजनीतिक मतभेद अस्थायी हुन्, तर राष्ट्र स्थायी हो । यही राष्ट्रिय हितलाई जनस्तरसम्म अनुभूत गराउने र व्यवहारमा उतार्ने काम संस्कृतिले गर्छ ।

**संस्कृतिले बाँधेको समाज**

नेपाली संस्कृति सहिष्णुता, सहअस्तित्व र आपसी सम्मानमा आधारित छ । यहाँ फरक धर्मका मानिस एउटै चोकमा बस्छन्, फरक भाषाका मानिस एउटै बजारमा व्यापार गर्छन् र फरक परम्पराका मानिस एउटै पर्वमा सहभागी हुन्छन् । दशैं, तिहार, तीज, छठ, ल्होसार, ईद र क्रिसमसजस्ता पर्वहरूले राजनीतिक र सामाजिक भिन्नतालाई केही समयका लागि होइन, निरन्तर रूपमा नरम बनाइरहेका छन् । यिनले मानिसलाई सम्झाउँछन् कि विचार फरक भए पनि भावनात्मक रूपमा सबै एउटै समाजका सदस्य हुन् ।

**अर्थतन्त्र, संस्कृति र राष्ट्रिय हित**

आर्थिक दृष्टिले पनि राष्ट्रिय हित र संस्कृतिको गहिरो सम्बन्ध देखिन्छ । भूतकालमा गुठी व्यवस्था, मेलापात, परम्परागत कृषि प्रणाली र सामुदायिक सहयोग संस्कृतिले स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाएको थियो। ती अभ्यासहरू कुनै सरकारको निर्देशनले होइन, सामाजिक विश्वास र मूल्यले चलेका थिए । वर्तमानमा राजनीतिक अस्थिरताले विकासमा चुनौती थपे पनि पर्यटन, हस्तकला, लोककला, धार्मिक स्थल र सांस्कृतिक पर्वसँग जोडिएका आर्थिक गतिविधिले लाखौं मानिसको जीविकोपार्जन सम्भव बनाइरहेका छन् । जब विकास राष्ट्रिय हित र स्थानीय संस्कृतिसँग जोडिन्छ, तब नागरिकले त्यसलाई आफ्नो विकासका रूपमा स्वीकार गर्छन् र राष्ट्रसँगको सम्बन्ध अझ गहिरो हुन्छ ।

**सूचना प्रवाह र सामाजिक जिम्मेवारी**

सूचनात्मक क्षेत्रमा आज नेपालको समाज संवेदनशील मोडमा छ। आधुनिक सञ्चार माध्यम र सामाजिक सञ्जालले सूचना छिटो फैलाइरहेका छन्, तर त्यससँगै गलत सूचना, अफवाह र उत्तेजक विचार पनि फैलिरहेका छन् । यसले राजनीतिक विभाजनलाई तीव्र बनाउन सक्छ । तर यही सूचनाका माध्यम सही रूपमा प्रयोग गर्न सकिएमा राष्ट्रिय हित र सांस्कृतिक एकताको सन्देश समाजका हरेक तहसम्म पुर्‍याउन सकिन्छ । भाषा, कला, इतिहास र साझा मूल्यको सकारात्मक प्रस्तुतीकरणले समाजमा समझदारी र आपसी विश्वास बढाउन सक्छ ।

**आन्तरिक एकता नै राष्ट्रिय सुरक्षा**

सुरक्षाको दृष्टिले हेर्दा नेपालजस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशका लागि आन्तरिक एकता नै सबैभन्दा ठूलो शक्ति हो । बाह्य दबाब वा आन्तरिक चुनौतीको सामना गर्दा यदि नागरिकहरू राष्ट्रिय हितप्रति प्रतिबद्ध र सांस्कृतिक रूपमा एकताबद्ध छन् भने राष्ट्र सुरक्षित रहन्छ । २०७२ सालको भूकम्प, महामारी र अन्य विपद्का समयमा देखिएको राष्ट्रिय एकता यसैको स्पष्ट उदाहरण हो । ती कठिन क्षणहरूमा राजनीति होइन, मानवीय मूल्य, संस्कृति र राष्ट्रिय भावना अगाडि आए ।

**भविष्यका लागि आवश्यक समन्वय**

भविष्यतर्फ दृष्टि गर्दा नेपाललाई एकताबद्ध राष्ट्र-राज्यका रूपमा सुदृढ राख्न राष्ट्रिय हित र संस्कृतिको सन्तुलित समन्वय झनै आवश्यक हुनेछ । शिक्षा प्रणालीमा साझा इतिहास र सांस्कृतिक मूल्यलाई सम्मानसाथ समेट्नुपर्छ । नीति निर्माणमा सबै समुदायको पहिचान र सम्मान सुनिश्चित गर्नुपर्छ । संस्कृतिलाई विभाजनको साधन होइन, संवाद र सहकार्यको आधार बनाउनुपर्छ । राष्ट्रिय हितलाई दलगत वा व्यक्तिगत स्वार्थभन्दा माथि राख्ने राजनीतिक संस्कार विकास गर्नु समयको आवश्यकता हो ।

**निष्कर्ष : नेपालको वास्तविक शक्ति**

अन्ततः भन्नुपर्दा, नेपाललाई राष्ट्र-राज्यका रूपमा एकताबद्ध राख्ने आधार न त केवल राजनीतिक व्यवस्था हो, न त केवल भौगोलिक सीमा। राष्ट्रिय हितप्रतिको सामूहिक चेतना र संस्कृतिमा निहित सहिष्णुता, सहअस्तित्व र एकताको भावना नै नेपालको वास्तविक शक्ति हो । यी दुई आधार एक-अर्कालाई सुदृढ गर्दै अघि बढेमा नेपाल विविधताभित्रको एकताको उदाहरणका रूपमा आज पनि मजबुत रहनेछ र भविष्यमा पनि शान्त, स्थिर र समृद्ध राष्ट्रका रूपमा उभिइरहनेछ ।

*(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर र्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७, इमेलः thapalok53@gmail.com*

## सम्पत्ति शुद्धीकरण अनुसन्धानको नेतृत्व किन सुस्त !

# नेपाल ग्रे लिस्टको खतराबाट कहिले मुक्त ?

● **साँघु रक्षा टिप्पणीकार**

काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमातहत रहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई ०८२ असोज पहिलो हप्ता अन्तरिम सरकारले अर्थ मन्त्रालय मातहत ल्याउने निर्णय गरेको थियो । त्यसलगत्तै विभागको नेतृत्व गरिरहेका महानिर्देशक कृष्णप्रसाद मैनालीलाई सरूवा गरेर संचार तथा सूचना प्रबिधि मन्त्रालयमा कार्यरत सहसचिव गजेन्द्र कुमार ठाकुरलाई खटाइएको थियो । तर, विभागले यो अवधिमा एक जनामाथि मात्र आरोप पत्र दायर गर्न सकेको छ ।

अवैध रूपमा व्यवसायी, तस्कर, नेता, बिचौलिया र माफियाहरूले आर्जन गरेको कालोधनको छानबिन अनुसन्धान गरी उल्लेखनीय रुपमा अदालतमा मुद्दा दायर गर्न सकेको छैन । जेनजी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका अर्थ मन्त्री रामेश्वर खनालले विभागको छानबिन अनुसन्धानलाई तीव्र पार्न सहसचिव ठाकुरलाई खटाएका थिए । मन्त्री खनालले आन्दोलनको भावनाअनुसार भ्रष्ट कर्मचारी, सांसद, मन्त्री, प्रधानमन्त्री, बिचौलिया र शंकास्पद व्यापारीहरूको सम्पत्ति छानबिन र अनुसन्धान गर्न आफू सचिव हुँदासँगै काम गरेका कर्मचारी ठाकुरलाई महानिर्देशकको नेतृत्वमा खटाएको बुझिएको छ ।

तरपनि नयाँ डीजीले छानबिन अनुसन्धानलाई तिव्रता भने दिन सकेका छैनन् । विभाग भन्दा बरू नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोले शकांस्पद व्यक्तिहरूलाई छानबिन अनुसन्धान तीव्र पारेको बताइन्छ । मुलुक ग्रे लिस्टमा परेको संवेदनशील घडीमा जुन उद्देश्यले मन्त्री खनालले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नेतृत्वमा ठाकुरलाई खटाएपनि सोच अनुसार, स्पिडमा काम नभएको गुनासो विभागकै कर्मचारीले गर्दै आएका छन् । यही कारण आम नागरिक, जेनजीहरूको गुनासो र असन्तुष्टिसमेत बढ्दै गएको अर्थ स्रोत बताउछ । निवर्तमान महानिर्देशक मैनालीले पनि दुई महिना विभागको नेतृत्व गर्ने अवसर पाउँदासमेत खासै छानबिन अनुसन्धान अगाडि बढाउन सकेका थिएनन् ।

बरू तत्कालीन महानिर्देशक सुमन दाहालले १८ सयको संख्यामा रहेका उजुरीको ११ महिनामा तीव्रगतिमा छानबिन अनुसन्धान गरेको स्रोत बताउँछ । उनले त्यसपछि ६ सयको संख्यामा सीमित र केहीलाई मुद्दा र सचेत गराउने गरी फरफारक गरेका थिए । तर, महानिर्देशक ठाकुर नेतृत्वको विभाग भने छानबिन अनुसन्धान नै प्रभावकारी रुपमा गर्न नसक्दा थप सुस्त हुन पुगेको गुनासो बढेका छन् । विभागलाई प्रधानमन्त्री कार्यालय मातहतमा राखिदा सत्ताधारी दललाई चन्दा नदिने उद्यमी-व्यवसायीलाई त्रसाउने र मोटो चन्दा रकम असुल्ने थलो बनेको भन्दै उद्यमी व्यवसायीहरुले आलोचना गर्दै आएका थिए ।

वर्तमान सरकारले उक्त कार्यशैलीमा सुधार गरी विभागबाट कोही त्रसित हुनु नपर्ने अवस्थामा रूपान्तरण गरेको दावी गर्दै आएको छ । तरपनि कालो धनको ठोस छानबिन अनुसन्धानमा भने उपलब्धि हासिल गर्न नसकेको अर्थ मन्त्रालयका अधिकारीहरुले नै मूल्यांकन गर्दै आएको छ । कालोधनलाई निर्मलीकरण गर्न नेपाल सरकार कमजोर रहेको भन्दै एफएटिएफले नेपाललाई ग्रेलिष्टमा राखेको अवस्था छ ।




सो अवस्थामा सुधार गर्न नेपाल सरकार र विभागको काम कारवाही सक्रिय हुनुपर्नेमा झन सुस्त हुनु चिन्ताको विषय भएको अर्थ स्रोतको भनाई रहेको छ ।

भ्रष्टाचार, अपराध र त्यसबाट सम्पत्ति आर्जन गर्ने क्रियाकलापमाथि नियन्त्रण गर्न नसकेकाले २०८१ फागुन महिनामा नेपाल जोखिमपूर्ण मुलुकको सूची ग्रे लिस्टमा परेको थियो । अपराधबाट आर्जित सम्पत्ति व्यवस्थापन तथा सम्पत्ति शुद्धीकरणबारे विश्व्यापी अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई जोखिमपूर्ण मुलुकको सूचीमा राखेको छ । सम्पत्ति शुद्धीकरणका लागि हुने क्रियाकलापविरुद्ध नेपालले उच्चस्तरको राजनीतिक प्रतिबद्धता जनाउदै आएको छ । एफएटीएफले नेपालबारे सार्वजनिक गरेको वक्तव्यमा ‘नेपालले अगष्ट, २०२३ को प्रतिबद्धता अनुसार केही क्षेत्रमा सुधार पनि गरेको छ ।

‘कार्ययोजना अनुसार थप केही क्षेत्रमा अझै सुधार गर्नुपर्नेछ ।’ गत फागुनमा फ्रान्सको पेरिसमा सम्पन्न एफएटीएफको प्लेनरी बैठकले नेपालका सन्दर्भमा सातवटा बुँदाहरू औंल्याउँदै तिनलाई सुधार गर्नुपर्ने भनेको थियो । त्यसबेला नेपालले कार्ययोजना नै बनाएर एफएटीएफसँगको सहकार्यमा आफ्नो कार्य सम्पादन सुधार गर्ने प्रतिबद्धता जनाएको थियो । पहिलो, फाइनान्सियल एक्सन टास्क फोर्सले अपराधबाट आर्जन हुने सम्पत्तिले निम्त्याउने जोखिमवारे थप संवेदनशील हुनुपर्ने र जोखिमहरु पहिल्याउनुपर्ने औंल्याएको थियो ।

दोस्रो, एफएटीएफले जोखिमको पहिचान गरी त्यसमा आधारित अनुगमन र निगरानीलाई बढाउनुपर्ने भनेको थियो । एफएटीएफले वाणिज्य बैंकहरू, उच्च जोखिममा रहेका सहकारीहरू, क्यासिनोहरू, खानी तथा खनिजपदार्थ कारोवार हुने क्षेत्रलाई स्पष्टसँग औंल्याएको थियो । त्यसबाहेक घरजग्गा व्यवसायसँग सम्बन्धित कारोबारमाथि निगरानी गर्न भनेको थियो । तेस्रो, फाइनान्सियल एक्सन टास्क फोर्सले अपराधबाट आर्जन हुने पैसाको कारोवारमाथि उच्च निगरानी गर्न र त्यस्तो भेटिए तत्काल कारबाही प्रक्रिया अघि बढाउन सुझाव दिएको थियो ।

एफएटिएफले पैसा वा मूल्यवान वस्तुको कारोबारमाथि राज्यका निकायहरुले चनाखोपन बढाउनुपर्ने सुझाव दिएको थियो । नेपालमा समस्याको रुपमा देखिएको हुण्डिको कारोबारलाई पनि एफएटिएफले इंगित गरेको थियो । चौथो, गत वर्षको कानून संशोधनले अवैध सम्पत्तिमाथिको अनुसन्धान गर्ने सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको एकाधिकार दर्जन भन्दा बढी निकायमा पुगेको थियो । नेपाल प्रहरी, नेपाल राष्ट्र बैंक, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायतका २८ वटा विभिन्न निकायहरूले आफ्नो क्षेत्रका सम्पत्ति शुद्धीकरण छानबिन अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने अधिकार दिएको थियो ।

एफएटीफले अनुसन्धानको क्षमता बढाउन, नेपालका निकायहरू बीचको समन्वयलाई थप प्रभावकारी बनाउन सुझाव दिएको थियो । पाँचौ, फौजदारी मुद्दाहरुको अभिलेख हेर्ने हो भने आर्थिक क्षेत्रसँग सम्बन्धित अपराध बढ्दै गइरहेको देखिन्छ । तर, त्यसको अनुपातमा नेपालले अपराधबाट आर्जन हुने सम्पत्तिमाथिको अनुसन्धान र मुद्दा चलाउने कामलाई करिब-करिब निष्क्रिय बनाएको थियो । पेरिसको प्लेनरी बैठकले अपराधबाट आर्जन हुने सम्पत्ति र त्यसको व्यवस्थापन सम्पत्ति शुद्धीकरणमाथिको अनुसन्धान र मुद्दा दायर गर्ने क्षमता बढाउन सुझाव दिएको थियो ।

छैठौं, अपराधबाट सम्पत्तिको आर्जन गरी त्यसको व्यवस्थापन गरिरहेको कतिपय व्यक्तिहरुमाथि राज्य निर्मम हुन नसकेको भनी नेपालको आलोचना भइरहेको छ । एफएटीएफले उनीहरुको पहिचान गर्न, तिनका गतिविधिहरूलाई निगरानी गर्न निर्देशन दिएको थियो । एफएटीएफले उनीहरुको पहिचान गर्न, तिनका गतिविधिहरूलाई निगरानी गर्न निर्देशन दिएको थियो। उनीहरुले अपराधबाट संकलन गरेको सम्पत्तिको पहिचान गरी तिनलाई जफत गर्ने कामहरुलाई अघि बढाउनु सुझाव दिएको थियो ।

सातौं, एफएटीएफले आतंकवाद तथा हातहतियारमा हुने लगानी निरुत्साहित गर्न अपनाइएका प्रतिबन्धहरुको पालना गर्न पनि सुझाव दिएको थियो । वैध वा अवैध दुवै उपायबाट आर्जन भएको सम्पत्ति अपराधमा प्रयोग हुने जोखिम रहने भन्दै एफएटीएफले नेपाललाई त्यस्ता क्रियाकलापमाथिको निगरानी बढाउनुपर्ने भनी सुझाव दिएको थियो । सम्पत्ति अपराध नियन्त्रणका लागि नेपालले स्थापना गरेका संयन्त्रहरुमाथि खासै प्रश्न उठेको थिएन ।

तर, तिनले प्रभावकारी काम गर्न नसक्दा अन्तराष्ट्रिय छविमा धक्का आउनेगरी नेपाल ग्रे लिस्टमा परेको छ । नेपालमा अपराधबाट सम्पत्ति कमाउनेहरुमाथि कारबाही गर्न कानून बनेका छन । साथै, विभिन्न निकाय स्थापना भएको छ । आर्थिक तथा वित्तीय अपराधको अनुपातमा संलग्नमाथिको नगन्य कारबाही नै नेपाललाई ‘ग्रे लिष्ट’ मा पुर्‍याउने प्रमुख कारण भएको बताइन्छ ।

**निष्कर्ष : नेपाल ग्रे लिस्टमा बस्नुको मूल कारण सुस्त अनुसन्धान, कमजोर नेतृत्व**

नेपालमा अवैध सम्पत्ति, तस्करी, भ्रष्टाचार र आर्थिक अपराधको संरचना जटिल र शक्तिशाली बन्दै गएको छ । यस्तो अवस्थामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको निष्क्रियता, र राजनीतिक संरचना-प्रेरित ढिलाइ नै देशलाई जोखिमपूर्ण सूचीमा अड्क्याउने मुख्य कारण बनेको छ ।

यदि विभागले अब पनिः शंकास्पद केस पहिचान, तत्काल अनुसन्धान, ठूला माफिया-राजनीतिक फन्को तोड्ने स्पष्ट परिणाम देखाउने काम गर्न सकेन भने नेपाल ग्रे लिस्टबाट कालो सूची(Black List)तर्फ नजिकिन सक्छ-जसको मूल्य राष्ट्रले भारी रूपमा चुकाउनु पर्ने अवस्था आउन सक्छ ।

## स्वास्थ्य/घरेलु उपचार

### एआई डाक्टरको पहिलो वर्ष : अस्पतालमा घट्यो मृत्यु दर



*डिसेम्बर २०२५ सम्म आइपुग्दा विश्वका धेरै विकसित र विकासोन्मुख देशका अस्पतालहरूमा एआई-सहायक चिकित्सक प्रणाली नियमित प्रयोगमा आइसकेको छ । विशेषगरी आपतकालीन कक्ष (Emergency Room) मा एआईले रोग पहिचान, जोखिम मूल्याङ्कन र उपचार प्राथमिकता निर्धारण गर्दा उल्लेखनीय सुधार देखिएको छ ।*

*बेलायत, जापान र क्यानडाका सार्वजनिक अस्पतालहरूमा गरिएको अध्ययनअनुसार एआई सहयोग प्रयोग भएपछि आकस्मिक मृत्यु दर १२-१८ प्रतिशतसम्म घटेको छ । एआईले बिरामीको लक्षण, विगतको स्वास्थ्य इतिहास, रियल-टाइम रिपोर्ट र हजारौं समान केसको तुलना गरेर चिकित्सकलाई तुरुन्तै निर्णय सहयोग पुर्‍याउँछ ।*

*यद्यपि एआईले डाक्टरको स्थान लिएको होइन । अन्तिम निर्णय सधैं मानव चिकित्सककै हातमा रहने व्यवस्था गरिएको छ । चिकित्सकहरू भन्छन्-एआईले थकान कम गर्‍यो, त्रुटि घटायो र समय बचत गर्‍यो ।*

*तर गोपनीयता र डाटा सुरक्षाको विषयमा चिन्ता कायमै छ । बिरामीको संवेदनशील स्वास्थ्य डाटा सुरक्षित राख्न कडा कानूनी मापदण्ड लागू गरिएको छ । विशेषज्ञहरूका अनुसार २०३० सम्म एआई स्वास्थ्य सेवा प्रणालीको अभिन्न अंग बन्नेछ, जसले उपचारलाई छिटो, सस्तो र सुरक्षित बनाउनेछ ।*

### मानसिक स्वास्थ्यमा नयाँ मोड : ‘डिजिटल डिटक्स थेरापी’



*डिसेम्बर २०२५ मा मानसिक स्वास्थ्य क्षेत्रको सबैभन्दा चर्चित अवधारणा बन्यो-डिजिटल डिटक्स थेरापी । स्मार्टफोन, सामाजिक सञ्जाल र स्क्रिन निर्भरताले बढ्दो तनाव, अनिद्रा र चिन्ताको समस्या निम्त्याएपछि विश्वभर नयाँ उपचार पद्धति लोकप्रिय हुँदै गएको छ ।*

*अमेरिका, दक्षिण कोरिया र जर्मनीका मानसिक स्वास्थ्य केन्द्रहरूले सातदेखि २१ दिनसम्मको डिजिटल डिटक्स कार्यक्रम सुरु गरेका छन् । यस अवधिमा सहभागीलाई मोबाइल, ल्यापटप र सामाजिक सञ्जाल प्रयोग पूर्ण रूपमा बन्द गराइन्छ । यसको सट्टा ध्यान, योग, प्रकृति भ्रमण, सामूहिक संवाद र सृजनात्मक गतिविधिमा संलग्न गराइन्छ ।*

*अनुसन्धानले देखाएको छ-डिजिटल डिटक्सपछि सहभागीहरूको तनाव स्तर ३० प्रतिशतसम्म घटेको, निद्राको गुणस्तर सुध्रिएको र सामाजिक सम्बन्ध बलियो भएको छ । विशेषज्ञहरू भन्छन्-प्रविधि शत्रु होइन, तर सन्तुलन जरुरी छ । डिजिटल डिटक्स स्थायी समाधान होइन, तर मानसिक पुनःसन्तुलनको प्रभावकारी माध्यम बनेको छ ।*

### क्यान्सर उपचारमा आशा : व्यक्तिगत भ्याक्सिनको सफलता



*डिसेम्बर २०२५ मा क्यान्सर उपचार क्षेत्रमा आशाजनक खबर आयो । वैज्ञानिकहरूले व्यक्तिगत क्यान्सर भ्याक्सिनको सफल परीक्षण सार्वजनिक गरे । यो भ्याक्सिन प्रत्येक बिरामीको क्यान्सर कोशिकाको संरचनाअनुसार बनाइन्छ ।*

*अमेरिका र जर्मनीमा गरिएको परीक्षणमा मेलानोमा र फोक्सो क्यान्सरका बिरामीमा यो भ्याक्सिन प्रयोग गरिएको थियो । परिणाम अनुसार क्यान्सर पुनःफैलिने सम्भावना ४० प्रतिशतसम्म घटेको छ । यो भ्याक्सिनले शरीरको प्रतिरक्षा प्रणालीलाई क्यान्सर कोशिकालाई ‘शत्रु’ भनेर चिन्न सिकाउँछ । परम्परागत किमोथेरापीभन्दा कम साइड इफेक्ट देखिएको छ ।*

*यद्यपि उपचार महँगो छ र सबै प्रकारका क्यान्सरमा लागू भइसकेको छैन । तर विशेषज्ञहरू भन्छन्-यो व्यक्तिगत चिकित्सा (Personalized Medicine) को युगको सुरुवात हो । भविष्यमा क्यान्सरलाई दीर्घकालीन रोगका रूपमा नियन्त्रण गर्ने सम्भावना बलियो हुँदै गएको छ ।*

# प्रतिनिधि सभा विघटनपछि सत्ता नांगिंदा राष्ट्रिय सभा एक्लियो

# प्रतिनिधि सभा बिनाको शासन : अन्तरिम सरकार कति वैधानिक ?



**मायाप्रसाद शर्मा**
सभापति, राष्ट्रिय सभा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति

*(२०८२ भदौ २३ र २४ गतेको जेन-जी विद्रोहका कारण तत्कालीन सरकार मात्र विस्थापित भएन, व्यवस्थापिकाअन्तर्गतको प्रतिनिधि सभासमेत विघटन हुन पुग्यो। त्यसपछि गठित अन्तरिम सरकारले आगामी २०८२ फाल्गुण २१ गते प्रतिनिधि सभा निर्वाचनको घोषणा गर्दै तयारीसमेत गरिरहेको अवस्था छ। यतिखेर राष्ट्रिय सभा मात्र अस्तित्वमा रहेको छ। तर, यसबीच एकपटक पनि बैठक बस्न सकेको छैन। यसैबीच आगामी २०८२ फाल्गुण २१ गतेबाट राष्ट्रिय सभाका कतिपय सदस्यहरूको कार्यकाल सकिँदैछ। त्यसैले रिक्त पदका लागि सरकारले आगामी २०८२ माघ ११ गते निर्वाचन गर्ने गरी तालिकासमेत सार्वजनिक गरिसकेको अवस्था छ। अन्तरिम सरकार गठन र निर्वाचन घोषणापछि मुलुकको राजनीतिमा थप उतार-चढाव देखिन थालेको छ। यही कारण दलीय एकीकरण र ध्रुवीकरण पनि तीव्र बन्दै गएको विद्यमान अवस्था हो।*

**मुलुकको समसामयिक राजनीति, अन्तरिम सरकारको काम-कारबाही, राष्ट्रिय तथा प्रतिनिधि सभा निर्वाचनलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले राष्ट्रिय सभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापतिसमेत रहेका मायाप्रसाद शर्मासँग गरेको कुराकानीको सम्पादित अंशः- सम्पादक**)

**० पूर्व प्रधान न्यायाधीशसमेत रहनुभएकी सुशीला कार्की नेतृत्वको वर्तमान अन्तरिम सरकार गठन भएको तीन महिनाभन्दा बढी समय बितिसकेको छ। तपाईं सरकारका काम-कारबाहीको मूल्याक्तन कसरी गर्नुहुन्छ ?**

यो जेन-जीको बलमा आएको सुशीला कार्की सरकार निर्दलीय हो। त्यसैले यसले गरेका काम-कारबाहीका सवालमा अत्यधिक राजनीतिक टिप्पणी आवश्यक छैन भन्ने मेरो धारणा छ। यतिखेर सरकारको ध्यान मुख्यतः निर्वाचन केन्द्रित हुनु पर्ने हो। तर, राजनीतिक नियुक्ति, बर्खास्ती, नीति निर्धारण तथा प्रशासनिक निर्णयमा सीमित देखिन्छ। आसन्न राष्ट्रिय सभा निर्वाचन र आगामी फाल्गुण २१ गते घोषित प्रतिनिधि सभा निर्वाचनको वातावरण निर्माणका लागि सरकारले केही कदम चाल्दै आएको देखिन्छ। तर, जेन-जी आन्दोलनपछि गठन भएको सरकारले जुन स्तरमा जनताको सेवा प्रवाहमा र भ्रष्टाचार न्यूनीकरणमा अघि बढ्नुपर्ने थियो, त्यो गति अझै देखिँदैन।

**० यी सवालमा राष्ट्रिय सभा बैठकमा किन आवाज उठिरहेको छैन ?**

राष्ट्रिय सभाको अधिवेशन पनि आव्हान भएको छैन। त्यसकारण, यस अवधिमा हामीले समितिका बैठकमार्फत छलफल गर्दै समस्या र सुझाव सरकारसमक्ष प्रस्तुत गरेका छौँ। सरकारको प्रतिक्रिया सकारात्मक देखिन्छ। सांसदहरूले उठाएका विषयहरू सहयोगात्मक रहेको सरकारको बुझाइ छ। तर, हाम्रो मूल्याङ्कनमा सरकारले केही पहल थाले पनि त्यसको कार्यान्वयन र प्रभाव अझै स्पष्ट छैन। नागरिक र राजनीतिक कार्यकर्ताको दृष्टिबाट हेर्दा सरकारले सकारात्मक संकेत दिन खोजेको थोरै महसुस हुन्छ। तर, दीर्घकालीन र स्थिर परिणामका लागि अझै स्पष्ट, योजनाबद्ध र ठोस निर्णयहरु आवश्यक छन्। सरकारका काम-कारबाहीप्रति निगरानी, समन्वय र कार्यक्षमता बढाउनु अपरिहार्य छ।

**० सरकार आगामी २०८२ फाल्गुण २१ गते जुनसुकै हालतमा पनि निर्वाचन गर्ने उद्घोष गरिरहेको छ। सम्भव देख्नु हुन्छ ?**

यदि निर्वाचन नगरेको खण्डमा अन्तरिम सरकारको वैधानिकतामाथि प्रश्न उठ्छ, निर्वाचनको विकल्प पनि अत्यन्त सीमित हुन्छ। वास्तवमा प्रतिनिधि सभा विघटन नगरी जेन-जी आन्दोलनका माग सम्बोधन गर्ने प्रतिनिधि सभा भित्रबाटै राम्रो विकल्प खोज्न सकिन्थ्यो। मेरो व्यक्तिगत दृष्टिकोणमा त्यसपछि मात्र निर्वाचन घोषणा उपयुक्त हुने थियो। तर, वर्तमान अवस्थामा पछाडि फर्किने विकल्प म देख्दिन। पुनःस्थापनाको माग सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र पर्छ। तर, समय र कानूनी प्रक्रियाका कारण तत्काल समाधान कठिन देखिन्छ। त्यसैले ठूला राजनीतिक दलहरू निर्वाचनमा जान बाध्य हुनेछन्। निर्वाचनमार्फत मात्र लोकतान्त्रिक प्रक्रिया सुदृढ हुन्छ, जनचाहना सम्बोधन हुन्छ र राजनीतिक स्थिरता सम्भव हुन्छ। निर्वाचन बाहेकका अन्य विकल्पहरू जटिल र सीमित छन्।

**० शान्ति-सुरक्षाको दृष्टिले सरकारको तयारीलाई कसरी हेर्नुभएको छ ?**

निर्वाचन तयारी मिश्रित अवस्थामा छ। केही पक्ष सकारात्मक छन्, तर वास्तविकता अझै परीक्षणमै छ। जेन-जी आन्दोलनपछि शान्ति-सुरक्षाको अवस्था जटिल, संवेदनशील बनेको छ। आन्दोलनका क्रममा सुरक्षाकर्मीका हातहतियार खोसिएका छन्, व्यारेक र कार्यालयहरु खरानी पारिएका छन, केही अपराधी अझै फरार छन्। यसले निर्वाचन सुरक्षामा चुनौती थपेको अवस्था छ। गृहमन्त्री ओमप्रकाश आर्यालले अवस्था धेरै हदसम्म नियन्त्रणमा आएको दाबी गर्नुभएको छ। निर्वाचनअघि सबै आवश्यक व्यवस्थापन गरिने योजना प्रस्तुत पनि गरिएको छ।

**० यसको अर्थ फागुन २१ गते आम निर्वाचन सुनिश्चित देखिन्न हो ?**

राज्यले सुरक्षा प्रत्याभूति दिए पनि पूर्ण कार्यान्वयनमा कठिनाइ आउन सक्छ। त्यसैले सरकारमाथि भरोसा गर्नुपर्छ, तर निरन्तर निगरानी र अनुगमन पनि आवश्यक छ। सरकारले सुरुवाती पहल गरेको देखिन्छ। तर, अपराध नियन्त्रण, लुटिएका हातहतियारको अवस्था, शान्ति-सुरक्षा र निर्वाचन व्यवस्थापन अझै चुनौतीपूर्ण छन्। त्यसैले शान्ति-सुरक्षा र निर्वाचन व्यवस्थापनको अवस्था बारेमा निरन्तर मूल्याङ्कन गर्दै अघि बढ्नुपर्छ।

**० प्रतिनिधि सभा नभएको अवस्थामा राष्ट्रिय सभाको भूमिका कस्तो हुनुपर्ने थियो ?**

प्रतिनिधि सभा नभएको अवस्थामा राष्ट्रिय सभाको भूमिका झनै बढेको छ। जेन-जी आन्दोलनपछि जनप्रतिनिधि सिंहदरबारमा उपस्थित हुन नसक्ने अवस्था आयो। त्यतिबेला म, गोपी अछामीलगायत केही माननीयहरू संसद् परिसरमा पुग्यौं। कर्मचारी साथीहरू पनि साथमा हुनुहुन्थ्यो। अवस्था निराशाजनक थियो। त्यसपछि आन्दोलनबाट भएको क्षति र उपलब्धि दुवैलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ने निष्कर्ष निकाल्यौँ। विषयगत चारवटा समितिले ५०-६० वटा बैठक सञ्चालन गरिसकेका छन्। यसले राष्ट्रिय सभाको आवश्यकता र उपयोगिता झन स्पष्ट बनाएको छ। प्रतिनिधि सभा नभएको अवस्थामा सरकारसँग नीति, समन्वय र निरन्तरतामा राष्ट्रिय सभाले महत्वपूर्ण भूमिका खेलेको छ।

**० राष्ट्रिय सभा आवश्यक छैन भन्नेहरू अहिले दंग छन् भन्ने सुनिन्छ। तर, बैठक आव्हानमा ढिलाइ किन नि ?**

पहिले राष्ट्रिय सभा अनावश्यक भन्नेहरूले पनि अहिले यसको महत्व बुझ्न थालेका छन्। प्रतिनिधि सभा नरहेको अवस्थामा राष्ट्रिय सभाले शासन प्रक्रियामा स्थायित्व दिएको छ। कृषि समितिको हल व्यवस्थापन गरेर बैठक सञ्चालन गर्ने तयारी भइरहेको छ। सम्भवतः यही २०८२ पुस १५-२० गतेभित्र बैठक आव्हान हुन्छ होला। प्रतिनिधि सभा नभएकाले राष्ट्रिय सभामार्फत महत्वपूर्ण निर्णय अघि बढाउन सकिन्छ। लोकतन्त्र जोगाउन पनि सरकारले राष्ट्रिय सभालाई आवश्यक बिजनेस दिनैपर्छ।

**० जनप्रतिनिधिका संस्थाहरुले सरकारलाई सही मार्गमा डोऱ्याउन किन नसकेको होला ?**

जेन-जी आन्दोलनले स्पष्ट देखायो- सरकारलाई ट्याकमा राख्न निरन्तर दबाब आवश्यक छ। आन्दोलनमा मुख्यतः युवा पुस्ताको भूमिका देखियो। उनीहरूको दबाब अहिलेको सरकारले खेपिरहेको छ। प्रतिनिधि सभा नरहे पनि राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय तहमा निर्वाचित प्रतिनिधित्व रहेको छ। जब हामी समितिमा मन्त्री र सचिवलाई बोलाउँछौं, कहिलेकाहीँ उनीहरू उदासीन देखिन्छन्। त्यसैले नीति, कार्यक्रम र कार्यान्वयन सुधारका लागि प्रतिनिधिमूलक निकायले अझ कडा पहल गर्नुपर्छ।

**० सरकारलाई ट्याकमा ल्याउन तपाईंहरू असफल हुनुको कारण के हो नि ?**

धेरै मन्त्रीहरू राजनीति पृष्ठभूमिबाट आएका छैनन्। त्यसैले राजनीति, प्रशासनिक अवस्था बुझ्न समय लागिरहेको छ। हामीले सरकारलाई सही मार्गमा लैजान निरन्तर सहयोग गर्दै आएका छौँ। राष्ट्रिय सभा, अध्यक्ष, उपाध्यक्ष, समिति सभापति र सदस्यहरूले वैधानिक र जिम्मेवार रूपमा मेहनत गरिरहेका छन्। यसले राष्ट्रिय सभाको महत्व झन बढाएको छ।

**० वर्तमान संकट निकासका लागि बुद्धिजीवीलगायतका जनताको भूमिका के हुनुपर्ने होला ?**

जनप्रतिनिधि संस्थालाई सुदृढ बनाउँदै सामूहिक नेतृत्वतर्फ जानुपर्छ। जनता सचेत हुनुपर्छ। भीडले मात्र समाधान हुँदैन। राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश, अर्थतन्त्र र सामाजिक अवस्था बुझेर निर्णय गर्नुपर्छ। जनताको रगत र आँसुले प्राप्त गणतन्त्र, संविधान र संस्थाहरूको रक्षा गर्न जनएकता अपरिहार्य छ।

**० जेन-जी आन्दोलनमा युवाको भूमिका कसरी हेर्नुहुन्छ ?**

जे जस्तो आन्दोलन वा विद्रोह भएपनि परिवर्तन एकैचोटी हुन सक्दैन। निरन्तर र इमानदार संघर्षबाट मात्र सम्भव हुन्छ। जेन-जीलाई केटाकेटी भनेर हेर्नु पनि गलत हो। उनीहरू चेतना र चिन्तनसहित आएका छन्। युवा, वृद्ध, महिला, पुरुष सबै मिलेर अब देशलाई सही बाटोमा लैजानुपर्छ।

- **विद्रोहको लाभ लिनेहरू, समीक्षा गर्न डराउँदैछन्**
- **प्रतिनिधिसभा मरेको बेला राष्ट्र कसरी चल्दैछ ?**
- **केपी कमरेडको शैली नै अरूलाई डोमिनेट गर्नेछ।**
- **विभाजितहरूलाई एकताबद्ध गर्नु अपरिहार्य थियो।**
- **जेनजी विद्रोह कमजोरीको नतिजा हो, गल्ती पहिचान गर्नुपर्छ।**
- **पार्टीको नाम फेर्नु मात्र समस्याको उचित समाधान होइन।**
- **भीडले सबै कुरा गर्दैन, नेपाली जनता सचेत हुनैपर्छ।**

**० तपाईंको राष्ट्रिय सभाको कार्यकाल पनि सकिन लागेको हो ?**

आगामी २०८२ फाल्गुण २१ गते मेरो कार्यकाल सकिँदैछ। म लगायत १८-१९ जना सदस्यको कार्यकाल सकिँदैछ। हाम्रो पार्टी (तत्कालीन नेकपा माओवादी केन्द्र) बाट नौ जना छौँ। त्यसैले २०८२ माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनमा हामी सहभागी हुन्छौँ। सहकार्य र सहमतिबाट निर्वाचन निष्पक्ष बनाउनुपर्छ।

**० नेकपा माओवादी केन्द्र विघटन गरी नेपाली कम्युनिस्ट पार्टी गठन गर्नुको आवश्यकता थियो र ?**

कम्युनिस्ट आन्दोलन कमजोर हुँदै गएकाले एकता चाहिं अपरिहार्य थियो। १६ वटा कम्युनिस्ट घटकको एकताबाट नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको हो। यसले आन्दोलनमा नयाँ ऊर्जा दिएको छ।

**० नेपाली कम्युनिस्ट पार्टीको एकता प्रक्रिया कति प्रदेशमा सकियो नि ?**

सातमध्ये ६ वटा प्रदेशमा सम्पन्न भइसकेको छ। २०८२ पुस ५ गते बागमती प्रदेशमा सम्पन्न भयो। नेपाली कम्युनिस्ट पार्टीमा जनसहभागिता चाहिं उत्साहजनक देखिन्छ।

**० 'धेरै बिरालो हुँदा मुसा मर्दैन' भन्ने आलोचना छ ?**

बिरालो नै नभएपछि मुसा त झन् मर्दैन नि। हामी जनअपेक्षा पूरा गर्न एकताबद्ध भएका हौँ।

**० केही नेताहरु सहित एउटा ठुलो समूह अलग भएर बाहिर जाँदा संगठन कमजोर हुँदैन र ?**

जनार्दन शर्मा सुरुदेखि नै असहमत हुनुहुन्थ्यो। महासचिव चयनदेखि नै अन्तरविरोध थियो। त्यसैले नेपाली कम्युनिस्ट पार्टीको एकतामा नआउनु उहाँको व्यक्तिगत राजनीतिक निर्णय हो।

**० नव गठित नेपाली कम्युनिष्ट पार्टीको संयोजक स्वयम् पुष्पकमल दाहाल प्रचण्ड हुनुहुन्छ, उहाँले नयाँ युवा पुस्तालाई नेतृत्व दिन तयार भएको भए मात्र अझ क्रान्तिकारी मान्न सकिन्थ्यो होइन ?**

अहिलेको आवश्यकता कम्युनिष्ट पार्टीकै हो। यदि, पार्टी बद्नाम वा कमजोर छ भने त्यसलाई सच्याउनुपर्छ। तर, नाम फेर्नु मात्र समाधान होइन। बागमती नदी बागमती भएको कारणले फोहोर भएको पनि होइन। नाम जे राखे पनि फोहोर सफा नगरेसम्म नदी सफा हुँदैन। सफा गर्न त फोहोर हटाउनै पर्छ। डा. बाबुराम भट्टराईजीले यसअघि यही सोचअनुसार अन्य घटकहरूसँग मिलेर नयाँ शक्ति पार्टी गठन गर्नुभएको थियो। तर, चल्न सकेन। त्यसकारण मूल समस्या नाम भन्दा काम र व्यवहारमै रहेको छ भन्ने मेरो बुझाई रहेको छ।

**० भर्खरै नेकपा एमालेको ११औं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ, नेकपा माओवादीबाट गएका र सोही पार्टीका अध्यक्ष केपी ओलीले त प्रचण्डको हालत म देखाइदिन्छु भन्नेसमेतका अभिव्यक्ति दिएको सुनियो नि ?**

नव निर्वाचित अध्यक्ष केपी शर्मा ओली कमरेडको शैली नै अरूलाई डोमिनेट गर्ने र चुनौती दिने खालका छन्। यी छुद्रवचन र विषयहरुमा उहाँ सिपालु पनि हुनुहुन्छ। उहाँले आफ्नै पार्टीभित्र पनि यस्तै गर्दै भन्दै आउनु भएको छ, त्यसैले केपी शर्मा ओलीको मुखबाट निस्किने शब्द, यो कुनै नयाँ होइन। हरेक विषयको सकारात्मकसँगै नकारात्मक पक्ष पनि हुन्छ। नेतृत्व केन्द्रित धेरै हुँदा त्यसलाई सही ढंगले व्यवस्थापन गर्न सकिएन भने समस्या आउन पनि सक्छ। तर, केपी ओलीको भनाइले अहिलेको अवस्थामा कुनै विशेष धक्का दिएर अप्ठ्यारो सिर्जना गर्ला जस्तो मलाई लाग्दैन।

**० जेनजी आन्दोलनलाई कतिपय ठूला राजनीतिक दलले विदेशी षड्यन्त्रको संज्ञा दिएका छन, यसबारे तपाईंको धारणा के छ ?**

यसको लामो श्रृंखला, तयारी र उद्देश्यका कुरा अलग विषय हुन्। तर, आन्दोलनको वास्तविक कारण बुझ्न सबैभन्दा पहिला विगतका आफूभित्रका कमजोरी र गल्तीहरू पहिचान गरेर सच्चिन जरुरी छ। बाहिरी शक्तिलाई दोष दिन सहज हुन्छ। तर, वास्तविक सुधार नेतृत्वको सोच, शैली त आफ्नो पार्टी र नेतृत्वभित्रबाटै सुरु गर्नुपर्ला नि। जेनजी आन्दोलनमा पनि आन्तरिक असहमति र व्यवस्थापनको कमजोरी स्वत देखियो। जसले अनावश्यक रुपमा ऐतिहासिक धरोहर, सरकारी कार्यालयर प्रहरीका ब्यारेकमा आगजनी, राज्यको सम्पत्तिको रुपमा रहेका सरकारी साधनमा पनि आगजनी तोडफोड, राष्ट्रिय उद्योगहरुमा खागजनी, र उद्योगी-व्यवसायी र नेताहरुको घरहरु जलाउने घटना गलत भएका हुन्। त्यसैले हामीले बाहिरी हस्तक्षेपको कुरा गर्नु अघि अव विगतका आफ्नै कमजोरी सुधार्न ध्यान दिएर सच्चिनु जरुरी छ। यसबाट मात्र देशमा दीर्घकालीन सुधार र स्थिर राजनीतिक वातावरण सुनिश्चित गर्न सकिन्छ।

**० अन्तमा, जेनजी आन्दोलनपछि मुलुकको राजनीतिक अवस्था तपाईं कसरी मूल्याक्तन गरिरहनु भएको छ ?**

विगतमा सरकारको नेतृत्व गरेका राजनीतिक दलहरूले गल्ती नगरेको भए कसैले आन्दोलन गरेर केही गर्न सक्दैनथ्यो। आन्दोलन र विद्रोह हुने भनेकै सत्ताको मैमत्तत्रा र कमजोरीबाट हुन्छ। अव त्यसको गम्भीर समीक्षा आवश्यक हुन्छ नै। जेनजी आन्दोलनको मुख्य विषय सामाजिक सञ्जाल बन्द, भ्रष्टाचार र कु-सुशासन नै प्रमुख कारण थिए। त्यसैले २०८२ भदौ २३ गतेको आन्दोलनको माग एकदम स्वभाविक र जायज थियो। तर, भदौ २४ गते देश नै ध्वँस बनाउने खराब चरित्र पनि प्रदर्शन भयो। जसले के देखाउँछ भने अरुलाई दोष दिनु भन्दा राज्यको सुरक्षा संयन्त्रको अवस्था, राष्ट्रिय सुरक्षा नीतिमा भएका आफ्नै गल्ती पहिचान गर्नुपर्छ। हामी विदेशी हस्तक्षेपको कुरा गर्छौं, घरभित्र झगडा हुँदा बाहिरियाहरुले फाइदा उठाउने कोसिस गर्छ नै। यस आन्दोलनमा पनि आन्तरिक असहमति र व्यवस्थापनको कमजोरी देखियो यसबाट सच्चिनु पर्ने पाठ पनि सिकाएको छ।



# नेपालको कूटनीति कमजोर हुँदा राहदानी पनि कमजोर !

# ई-पासपोर्टपछि पनि किन नेपाली भिसाको लाइनमा ?



शंकरमान सिंह

**सन् २०२५ को विश्वव्यापी राहदानी सूचकांकअनुसार नेपालको राहदानी कमजोर श्रेणीमा पर्छ। शक्तिशाली राहदानी भएका मुलुकका नागरिकले सयभन्दा बढी देशमा भिसा-रहित यात्रा गर्न पाउँदा नेपाली नागरिक भने सीमित देशमा मात्र यस्तो सुविधा पाउँछन् । अन्तर्राष्ट्रिय यात्राका क्रममा भिसा आवेदन, शुल्क, कागजी झन्झट र लामो प्रतीक्षा नेपाली यात्रुको साझा समस्या बनेको छ ।**

**परम्परागत राहदानी र सुरक्षा चुनौती**

परम्परागत कागजमा आधारित राहदानीहरू समयसँगै बढ्दो सुरक्षा जोखिमको सामना गरिरहेका छन् । यस्ता राहदानीहरू नक्कली बनाउन, विवरण परिवर्तन गर्न र दुरुपयोग गर्न तुलनात्मक रूपमा सजिलो हुन्छ । यसले पहिचान चोरी, कागजात जालसाजी र अनधिकृत आवागमनको जोखिम बढाएको छ । यही चुनौतीलाई सम्बोधन गर्न विश्वका धेरै देशहरूले डिजिटल प्रविधिमा आधारित ई-पासपोर्ट प्रणाली अवलम्बन गरेका छन् ।

**ई-पासपोर्ट के हो ?**

ई-पासपोर्ट (Electronic Passport) भनेको भित्रै इलेक्ट्रोनिक चिप जडान गरिएको आधुनिक राहदानी हो । यस चिपमा राहदानी धारकको महत्त्वपूर्ण बायोमेट्रिक विवरण सुरक्षित रूपमा भण्डारण हुन्छ । औंठाछाप, आइरिस स्क्यान, अनुहारको डिजिटल डाटा, नाम, जन्म मिति, ठेगाना र तस्बिर जस्ता विवरणहरू चिपमा डिजिटल हस्ताक्षरसहित सुरक्षित गरिन्छ ।

विश्वमा सबैभन्दा पहिले सन् १९९८ मा मलेसियाले ई-पासपोर्ट प्रणाली सुरु गरेको थियो । त्यसपछि सन् २००६ मा अमेरिकाले यो प्रणाली अवलम्बन गर्‍यो । आज विश्वका अधिकांश देशहरू ई-पासपोर्ट प्रणालीमा रूपान्तरण भइसकेका छन् ।

**ई-पासपोर्टका प्रमुख विशेषता**

ई-पासपोर्टको चिपमा करिब ६४ किलोबाइट मेमोरी क्षमता हुन्छ, जसले करिब ३० पटकसम्मको यात्रा विवरण सुरक्षित गर्न सक्छ । यसमा सुरक्षाका लागि एम्बोस्ड होलोग्राफिक छवि, धारकको रंगीन तस्बिर, डिजिटल हस्ताक्षर तथा बायोमेट्रिक र जनसांख्यिकीय विवरण समावेश हुन्छ। आइरिस र फिंगरप्रिन्ट जस्ता संवेदनशील डाटाले राहदानीलाई अत्यन्त सुरक्षित बनाउँछ ।

**ई-पासपोर्टका फाइदा**

ई-पासपोर्टले पहिचान ठगीको जोखिम उल्लेखनीय रूपमा घटाउँछ । बायोमेट्रिक पहिचान प्रविधिका कारण राहदानी धारकको पहिचान अत्यन्तै शुद्ध हुन्छ। नक्कली कागजात प्रयोग गरेर यात्रा गर्ने प्रयास सजिलै पत्ता लाग्छ ।

ई-पासपोर्ट परिवर्तन गर्न गाह्रो हुन्छ । चिपमा कुनै पनि किसिमको छेडछाड भएमा प्रणालीले तुरुन्तै प्रमाणीकरण असफल देखाउँछ । यसले अनधिकृत प्रवेश रोक्न मद्दत गर्छ । साथै, छिटो स्क्यानिङ प्रक्रियाले विमानस्थलमा यात्रुको पर्खाइ समय घटाउँछ ।

गोपनीयताको दृष्टिले पनि ई-पासपोर्ट सुरक्षित मानिन्छ । बलियो सुरक्षा प्रणाली र अन्तर्राष्ट्रिय मापदण्डअनुसार डाटा संरक्षण गरिने भएकाले नागरिकको व्यक्तिगत विवरण सुरक्षित रहन्छ ।

**नेपालको राहदानीको अवस्था** (२०२५)

सन् २०२५ को राहदानी सूचकांकअनुसार नेपालको राहदानी ९२औं स्थानमा छ । नेपाली राहदानीले करिब ३८ देशमा भिसा-रहित वा आगमनमा भिसा सुविधा दिन्छ। तर अधिकांश देशका लागि नेपाली नागरिकले अग्रिम भिसा लिनैपर्ने बाध्यता छ ।

**नेपालको राहदानी किन कमजोर ?**

नेपालको राहदानी कमजोर हुनुका पछाडि विभिन्न कारण छन्। पहिलो, कूटनीतिक पहुँच सीमित छ । नेपालले धेरै देशसँग भिसा-रहित यात्रा सम्झौता गर्न सकेको छैन। दोस्रो, आर्थिक र राजनीतिक स्थायित्व पनि राहदानी शक्तिसँग जोडिएको हुन्छ । अन्तर्राष्ट्रिय छवि, सुशासन, आर्थिक मजबुती र सुरक्षा अवस्थाले पनि राहदानीको विश्वसनीयता निर्धारण गर्छ ।

**नेपाली यात्रुका लागि सुझाव**

नेपाली नागरिकले विदेश यात्रा गर्दा गन्तव्य देशको भिसा आवश्यकताको जानकारी पहिल्यै लिनु आवश्यक छ । भिसा आवेदन प्रक्रिया समयमै सुरु गर्नु, भिसा-रहित वा आगमनमा भिसा सुविधा भएका देशहरूलाई प्राथमिकता दिनु व्यावहारिक उपाय हुन् ।

**राहदानीको कानूनी आधार**

राहदानी भनेको सरकारले जारी गर्ने आधिकारिक यात्रा कागजात हो, जसले धारकको पहिचान र राष्ट्रियता प्रमाणित गर्छ । नेपालमा राहदानी जारी र व्यवस्थापन राहदानी ऐन, २०७६ र राहदानी नियमावली, २०६७ अनुसार गरिन्छ । यी कानूनी प्रावधानहरूले परम्परागत र ई-पासपोर्ट दुवैको व्यवस्थापनलाई निर्देशित गर्छन् ।

**निष्कर्ष**

नेपालको राहदानी हाल कमजोर अन्तर राष्ट्रिय पहुँचमा सीमित भए पनि कूटनीतिक प्रयास, आर्थिक सुधार र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमार्फत यसको शक्ति बढाउन सकिन्छ। ई-पासपोर्टले सुरक्षा, दक्षता र विश्वसनीयता बढाएको छ । राहदानी केवल यात्रा कागज मात्र होइन-यो देशको प्रतिष्ठा र नागरिकको स्वतन्त्रताको प्रतीक पनि हो ।



**नेपालको राहदानी हाल कमजोर अन्तर्राष्ट्रिय पहुँचमा सीमित भए पनि कूटनीतिक प्रयास, आर्थिक सुधार र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमार्फत यसको शक्ति बढाउन सकिन्छ। ई-पासपोर्टले सुरक्षा, दक्षता र विश्वसनीयता बढाएको छ। राहदानी केवल यात्रा कागज मात्र होइन-यो देशको प्रतिष्ठा र नागरिकको स्वतन्त्रताको प्रतीक पनि हो।**

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

## जाडोका लागि आवश्यक यी हुन् रैथाने ज्ञान



जाडो बेलामा शरीरमा बढी ऊर्जा दिने खानेकुरा खाने गर्नुपर्छ। गहुँ, चामल तथा दाल, तरकारी खानुपर्छ/तातो खानेकुरा खाने गर्नुपर्छ ।

विशेषगरी बच्चाहरु र बुढाबुढीहरुलाई जाडोले तातो खानेकुरा र लुगा पनि न्यानो, तातो लगाउने गर्नुपर्छ ।

तराईमा शीतलहरले मान्छेको ज्यान जाने नभइ व्यवस्थापन गर्न नसक्दा मान्छेको ज्यान जाने हो । भान्सामा भएका तातो खानेकुरा खाने र न्यानो लुगा लगाइदिने कुरामा विशेष ध्यान दिनुपर्छ ।

टाउको र खुट्टाबाट चिसो चाँडो छिर्ने हुनाले हाम्रो हजुरबा, हजुरआमाले पहिलेदेखि नै "टाउको र खुट्टा तातो" बनाउनु पर्छ भन्ने गर्नुभएको हो । टाउको र खुट्टालाई चिसोबाट राम्रोसँग जोगाउनु पर्छ ।

विशेषगरी कोदोको सुप, फापरको सुप, गुन्द्रुक, भटमास, आलुको सुप जस्तो तातो झोलिलो तथा दाल, भात, तरकारी र रोगसँग लड्न सक्ने प्रतिरोध क्षमता भएका भिटामिन 'सी' युक्त खानेकुरा खाने गर्नुपर्छ । यसमा कागती, अमला, गुन्दुक जस्ता खानेकुरा घरमै उपलब्ध हुन्छ ।

गहत ऊर्जायुक्त, पोषणयुक्त तथा विभिन्न सूक्ष्म पोषक तत्त्वयुक्त हुन्छ यसको दाल बनाएर खाँदा हाम्रो खर्च पनि धेरै नहुने र जाडोमा धेरै नै फाइदा हुन्छ ।

हामीले पहिलेदेखि हेपेर "जात फाल्नु गहतको झोलमा भनेर गहत"लाई निकृष्ट खानेकुरा बनाएका छौं । तर, गहतलाई पिसेर सुप बनाएर खान सकिन्छ, । जुनसुकै खाद्य वस्तुमा मिलाएर खाए पनि गहतले फाइदा गर्छ । गहतलाई विशेष खानेकुरा अर्थात् सुपर फुड पनि भन्ने गर्छौं ।

अर्को कुरा जाडो मौसममा चिसो नलागोस् भनेर घरभित्र दाउरा, मकल, ग्याँस बालेर बस्दा हावा आउने-जाने ठाउँ नहुँदा समस्या पर्न सक्ने भाकोले सजग रहे बेस ।

जाडोमा हामीले घरकै तातो खानेकुरा जस्तै तातो दुध, कागती र मह हालेको चिया, दही, अमिलो मोही छ भने त्यसमा बेसन हालेर कडीको सुप बनाएर खान सकिन्छ । हामीसँग सहजै सस्तो रुपमा उपलब्ध हुने यति धेरै खानेकुरा छन् जुन बालबालिका, वृद्धवृद्धलाई खान दिँदा स्वास्थ्यमा धेरै नै फाइदा हुने गर्छ ।

दाल, दुध, आलु, हरियो सागसब्जी जेसुकैको पनि तातो झोलिलो (सुप) शरीरलाई भित्रबाट न्यानो बनाउने मात्र नभइ रोगसँग लड्ने क्षमता पनि दिन्छ ।

यति धेरै खानेकुरा छन् भन्दैमा गरिबसँग नहुन सक्छ त्यस्तालाई स्थानीय सरकारले व्यवस्था गर्ने गर्नुपर्छ । तराईमा आगो ताप्नका लागि दाउरा दिने, घुर बाल्ने व्यवस्था गर्ने, न्यानो कपडाहरु दिने गर्नुपर्छ । यस्तो व्यवस्था जाडो हुनु अगावै गर्नुपर्छ नत्र पछि दिन्छु भन्दा चिसोले वृद्ध तथा बालबालिका बिरामी हुने तथा मृत्यु नै हुने पनि हुन्छ ।

पुष, माघमा चिसो हुन्छ भन्ने हाम्रा स्थानीय सरकारलाई थाहा छ । तराईमा शीतलहर हुन्छ भन्ने थाहा छ । शीतलहरले मान्छे मर्ने होइन गरिबीले मर्ने हो ।

गरिबका लागि आय आर्जनको लामो कार्यक्रम होला तर, तत्कालका लागि चाहिने अत्यावश्यक वस्तुको व्यवस्थामा भने स्थानीय सरकारले ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

घरका आमा, श्रीमती, महिला दिदी-बहिनी बिरामी नपरुन् भन्नका लागि पनि पुरुषले घरमा भाँडा माझ्ने, तरकारी किनेर ल्याउने, केलाउने आदि गरेर सघाउन सक्छन् । बालबालिकालाई खाना खुवाइदिने, स्याहारसुसार गर्ने काममा सघाउँदा महिलाको काम आधा हुनजान्छ महिलाको स्वास्थ्य पनि सुरक्षित हुनजान्छ ।


सिमेन्ट लगाएको भान्सामा कतिपय महिलाले जुत्ता नलगाइ काम गर्दा बिरामी हुनसक्छन् । त्यसैले भान्सामा लगाउने जुत्ता लगाउने गर्नुपर्छ । बच्चाहरुको पनि हातखुट्टा तथा गाला, ओठ फुट्दा घरमा भएको चिल्लो पदार्थ लगाउने गर्नुपर्छ । तोरीको अथवा नरिवलको तेल तातो बनाएर बच्चाहरुलाई लगाइ दिन सकिन्छ ।

वृद्धवृद्धालाई पनि जाडोमा तोरीको तेल तातो बनाएर मसाज गर्न सकिन्छ । तोरीको तेलले नेपालीलाई एलर्जी हुन्छ भन्ने चाहिँ होइन । एकलाखमा एक जना हुनसक्ला त्यस्तो अवस्थामा अरु चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ ।

तोरीको तेलले हातखुट्टा मसाज गर्दा त्यसले रक्त सञ्चार राम्रोसँग हुन्छ । जसले ऊर्जाका साथै न्यानो पनि हुने गर्छ । सुतीको टोपी तथा मोजा लगाइदिँदा पनि जोगाउन धेरै नै मद्दत गर्छ ।

*-डा. अरुणा उप्रेती*

## राजा महेन्द्र : नेपालको 'ध्रुवतारा'



राजा श्री ५ महेन्द्र वीर विक्रम शाह नेपाली इतिहासका ती व्यक्तित्व हुन्, जसलाई केवल एक कालखण्डका शासकका रूपमा सीमित गरेर हेर्न सकिँदैन । उनी नेपालको राजनीतिक, कूटनीतिक र राष्ट्रिय चेतनाको केन्द्रबिन्दु-एक अर्थमा 'ध्रुवतारा' थिए ।

वि.सं. २०१७ सालदेखि वि.सं. २०२८ सालको माघ महिनासम्म करिब एक दशक नेपालका राजा रहेका महेन्द्रले सुरु गरेका विकासका आधारहरू आज पनि देशका विभिन्न क्षेत्रमा जीवित छन् । सडक, शिक्षा, प्रशासनिक संरचना, राष्ट्रिय योजना र राज्यको संस्थागत ढाँचा-यी सबै क्षेत्रमा उनका छापहरू स्पष्ट देखिन्छन् ।

राजा महेन्द्रको सबैभन्दा ठूलो योगदान नेपाललाई छिमेकी शक्तिहरूको 'बाघपञ्जा'बाट जोगाउँदै स्वतन्त्र र स्वाधीन राष्ट्रका रूपमा कायम राख्नु हो । त्यतिबेला क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्ति सन्तुलन अत्यन्त जटिल थियो । तर, सशक्त कूटनीति र दृढ राष्ट्रिय दृष्टिकोणका कारण नेपाल कुनै पनि शक्तिको उपनिवेशिक प्रभावमा पर्नबाट जोगियो ।

परराष्ट्र नीतिमा राजा महेन्द्रको कालखण्ड नेपालका लागि स्वर्णिम समय मानिन्छ। असंलग्न आन्दोलनमा नेपालको सक्रिय उपस्थिति, विश्वका शक्तिशाली राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको पहिचान विस्तार–यी सबै उपलब्धिहरू उनको दूरदृष्टिको परिणाम थिए । नेपालभित्र विश्वका विज्ञ, प्राविधिक र सहयोगी राष्ट्रहरू आएर विकासमा योगदान दिने वातावरण पनि तिनै दिनहरूमा निर्माण भएको हो ।

राष्ट्रिय स्वाभिमान र देशप्रेमको चेतना जगाउने काममा पनि राजा महेन्द्र अग्रणी रहे । नत्र त्यो समयसम्म नेपालमा भारतीय मुद्रा, भारतीय पाठ्यक्रम, भारतीय हुलाक टिकट र भारतीय राष्ट्रिय गानसम्मको प्रभाव व्यापक थियो । राज्यको आत्मसम्मान पुनःस्थापित गर्ने निर्णायक कदम राजा महेन्द्रकै नेतृत्वमा सम्भव भयो ।

बडामहाराज पृथ्वीनारायण शाहको स्वर्गारोहणपछि झन्डै १८६ वर्षको अन्तरालमा नेपालले पाएको वास्तविक र दृढ शासकका रूपमा राजा महेन्द्रलाई स्मरण गर्नुपर्ने हुन्छ । जम्मा एक दशक शासन गरे पनि उनले छोडेको वैचारिक, कूटनीतिक र राष्ट्रिय विरासत समयसँगै अझ स्पष्ट हुँदै गएको छ ।

राजा महेन्द्र केवल इतिहासको पाना होइनन् । उनी नेपालको ध्रुवतारा हुन्-जो समय बदलिए पनि दिशानिर्देशक बनेर रहिरहन्छन् । उनी नेपाली जनमानसमा कहिल्यै मर्ने छैनन् । उनका विचार, नीति र राष्ट्रप्रेम हजारौं वर्षसम्म स्मरणीय रहिरहनेछन् ।

*राजा महेन्द्रप्रति मेरा श्रद्धासुमन ।*
*सलाम छ, नेपालका ध्रुवतारा ।*

*-प्रेमसिंह बस्न्यात,*
*सहायक रथी, नेपाली सेना (अप्रा.)*

## गान्धीदेखि जेन-जीसम्म : खै त के परिवर्तन भयो ?



महात्मा गान्धीको आलोचना गर्ने व्यक्ति विश्वमा थोरै मात्र होलान् । तर, सन् २००९ मा सिंगापुरका प्रख्यात राजनेता ली क्वान यूसँग अमेरिकी पत्रकार टम प्लेटले लिएको एक अन्तरवार्तामा उनले भारतका महात्मा गान्धी र जवाहरलाल नेहरूले अंग्रेजहरूलाई धपाउनेजस्तो महान् कार्य गरे पनि पछि राज्यसत्ता सञ्चालन गर्ने मामिलामा दुवैले जनताले के चाहेको भन्ने कुरा बुझ्न नसकेको भन्दै आलोचना गरेका थिए ।


सायद वि.सं. २०४६ र २०६२/६३ सालमा हाम्रा ठूला पार्टीका शीर्ष तथा वरिष्ठ नेताहरूले व्यवस्था परिवर्तन गर्न सफल भए पनि जनताले के चाहेका थिए भन्ने कुरा नबुझेको आज स्पष्ट देखिन्छ । किनकि गत ३५ वर्षको उपलब्धिलाई अन्य मुलुकहरूसँग तुलना गर्दा त्यसलाई सन्तोषजनक मान्न सकिँदैन । यही असन्तुष्टिको परिणामस्वरूप जेन-जी आन्दोलन समेत देखिएको हो ।

वास्तवमा पुराना-नयाँ, ठूला-साना सबै राजनीतिक दलहरूले वर्तमान 'अन्तरिम काल'लाई एक अवसरका रूपमा लिनु आवश्यक छ । गत ३५ वर्षमा भएका कमी-कमजोरीहरूलाई गम्भीर रूपमा केलाउँदै अध्ययन र विश्लेषण गरी अब कहाँ-कहाँ के-के सुधार आवश्यक छ भन्ने कुरा स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ । साथै, निश्चित समयतालिका बमोजिम कुन-कुन काम सम्पन्न गरेर राष्ट्रलाई कसरी अगाडि बढाउने भन्ने विषयमा ठोस योजना सहित आ-आफ्नो चुनावी घोषणापत्र तयार पार्नु उचित हुन्छ ।

'अब हामी सुध्रन्छौं', 'राम्रो काम गर्छौं', 'भ्रष्टाचार नियन्त्रण गर्छौं', 'डेलिभरी दिन्छौं' वा 'जनताको सेवा गर्छौं' भन्ने भाषण मात्र पर्याप्त हुँदैन । जनताले अब नाराभन्दा नीति, आश्वासनभन्दा कार्ययोजना र भावनाभन्दा परिणाम खोजिरहेका छन् ।

*-सुगतरत्न कंसाकार*

## दुष्टले मरेपछि पनि दुःख दिन्छ !



कतै झगड भट्ट नामको एउटा निकै धूर्त, स्वार्थी र फटाहा मान्छे थियो. छुल्याहा स्वभावको उसले अरुलाई अनेक प्रकारले दुख दिन, चुक्ली लगाएर मान्छेलाई लडाउन र रमिता हेर्नमा खास आनन्द मान्थ्यो. वास्तवमा ऊ अरूको सुख र खुसी देख्नै नसक्ने परपीडक थियो ।

आफू मात्र बुद्धिमान छु भन्ने घमण्डले सबैलाई छुच्चो र चुत्थो भाषामा कटाक्ष गर्ने उसको नित्यकर्म नै थियो. उसको कसैसङ्ग मेल र मित्रता थिएन, सबै उसका दुश्मन थिए । समय बित्दै गयो र झगड भट्ट अब बुढो र बिरामी भयो । आफू अब नबाँच्ने देखेर उसले एउटा ठूलै नाटक गर्‍यो ।

सबै गाउँलेलाई जम्मा गरेर उसले रुँदै भन्यो- "मलाई माफ गर्नुहोस् मैले आजीवन तपाईंहरूलाई दुःख र सास्तीमात्र दिएँ । म महापापी हुँ । अब मर्ने बेलामा म प्रायश्चित गर्न चाहन्छु. नमिठो बोल्ने र दुख दिने मेरो यही दुष्ट मुख हो । मेरो अन्तिम इच्छा छ, कृपया म मरेपछि मेरो मुखमा किलो ठोकेर मात्र जलाउन लग्नुहोला । तब मात्र मेरो आत्माले शान्ति पाउने छ।"

उ मरेपछि सोझा गाउँलेले अन्तिम इच्छा अनुसार नै उसको मुखमा काठको ठूलो किला ठोकेर मसानघाट लगे । तर एकै छिनमा शवयात्रामा संलग्न सबै मलामीलाई प्रहरीले नियोजित हत्याको आरोपमा पक्राउ गरेर लग्यो ।

यस्ता दुष्टको सङ्गतबाट 'बच के रहना' जी !

*-बाबुलाल भण्डारी*

## रंग विरंग

## सुरू भयो एआई अदालत : जापानमा ऐतिहासिक प्रयोग



*डिसेम्बर २०२५ मा जापानले न्याय प्रणालीमा ऐतिहासिक कदम चाल्यो । टोकियोमा 'एआई सहायक अदालत'को औपचारिक परीक्षण सुरु भयो, जहाँ कृत्रिम बुद्धिमत्ताले मुद्दा विश्लेषण, कानूनी उदाहरण खोजी र फैसला लेखनमा न्यायाधीशलाई सहयोग गर्छ ।*

*यो एआईले ५० वर्षभन्दा बढीका फैसलाहरू अध्ययन गरेर कानूनी तर्क प्रस्तुत गर्छ । मानव न्यायाधीश अन्तिम निर्णयकर्ता रहने व्यवस्था भए पनि एआईको सुझावले फैसला छिटो र एकरूप हुने अपेक्षा गरिएको छ ।*

*पहिलो परीक्षण मुद्दा श्रम विवादसँग सम्बन्धित थियो, जसमा सामान्यतया वर्षौं लाग्थ्यो । तर, एआई सहयोगमा तीन महिनामै फैसला आयो । यसले मुद्दा थुप्रिने समस्यामा ठूलो राहत मिल्ने विश्वास गरिएको छ । तर, आलोचना पनि कम छैन । मानव अधिकारकर्मीहरू भन्छन्-न्याय केवल तथ्य र कानून होइन, संवेदना पनि हो । एआईले पीडाको अनुभूति गर्न सक्दैन ।*

*जापान सरकारले स्पष्ट गरेको छ-एआई न्यायाधीश होइन, सहायक मात्र हो । तर, विश्वले यसलाई भविष्यको न्याय प्रणालीको झलकका रूपमा हेरिरहेको छ ।*

## अन्धकारपछि उज्यालो : युरोपको 'ब्ल्याकआउट क्रिसमस'



*डिसेम्बर २०२५ को पहिलो साता युरोपका ठूला शहरहरू-पेरिस, बर्लिन, म्याड्रिड र मिलान-एकाएक अन्धकारमा डुबेका थिए । साइबर आक्रमणका कारण ऊर्जा व्यवस्थापन प्रणाली अस्थायी रूपमा ठप्प हुँदा करिब १२ घण्टा विद्युत् आपूर्ति बन्द भयो । क्रिसमसको तयारीमा रहेका शहरहरूमा अचानक बत्ती निभ्दा जनजीवन अस्तव्यस्त बन्यो ।*

*तर यही अन्धकारले अनपेक्षित दृश्य पनि जन्मायो । मोबाइल नेटवर्क कमजोर भएपछि मानिसहरू सडकमा निस्किए, क्याफे र चौकहरूमा भेला भए । मैनबत्तीको उज्यालोमा गीत गाइयो, सडक संगीतकारहरूले निःशुल्क प्रस्तुति दिए । सामाजिक सञ्जालमा "ब्ल्याक आउट क्रिसमस" ट्रेन्ड बन्यो ।*

*युरोपेली आयोगले साइबर सुरक्षालाई लिएर आपतकालीन बैठक बोलायो । प्रारम्भिक अनुसन्धानले ऊर्जा प्रणालीमा प्रयोग भएका पुराना सफ्टवेयर कमजोर कडी बनेको देखायो । यद्यपि २४ घण्टाभित्र विद्युत् आपूर्ति पूर्ण रूपमा पुनःस्थापना गरियो ।*

*विशेषज्ञहरू भन्छन्-यो घटना केवल साइबर खतरा होइन, डिजिटल निर्भरताको चेतावनी पनि हो । मानिसहरूले एक रात प्रविधिबिनाको जीवन अनुभव गरे, जसले 'मानवीय सम्पर्क' को महत्व झन् उजागर गर्‍यो । युरोपका धेरै शहरहरूले अब ' डिजिटल ब्ल्याकआउट अभ्यास' सुरु गर्ने घोषणा गरेका छन्, ताकि भविष्यमा यस्तो संकट आउँदा समाज तयार रहोस् ।*

## मरुभूमिमा हरियो चमत्कार : अफ्रिकामा सौर्य कृषि प्रयोग



*डिसेम्बर २०२५ मा अफ्रिकाको सहारा मरुभूमिबाट आएको समाचारले विश्वलाई चकित पार्‍यो। नाइजर र चाडको सीमावर्ती क्षेत्रमा पहिलो पटक सौर्य ऊर्जाबाट चल्ने 'डेजर्ट स्मार्ट फार्म' सफलतापूर्वक सञ्चालनमा आयो । मरुभूमिमा हरियो तरकारी र अन्न फल्न थालेपछि स्थानीय समुदाय मात्रै होइन, अन्तर्राष्ट्रिय संस्थाहरू पनि अचम्मित भए ।*

*यो परियोजनामा सौर्य प्यानल, समुद्री पानी नुनमुक्त गर्ने प्रविधि र एआई-आधारित सिँचाइ प्रणाली प्रयोग गरिएको छ । पानीको एक थोपा पनि खेर नजाने गरी डिजाइन गरिएको यो प्रणालीले मरुभूमिमा स्थायी खेती सम्भव भएको प्रमाणित गर्‍यो ।*

*स्थानीय किसान अली मोहम्मद भन्छन्, "हामी सधैं खाद्यान्न सहायता कुर्थ्यौं, अब आफैं उत्पादन गर्छौं ।" परियोजनाले हजारौं युवालाई रोजगारी दिएको छ र पलायन रोक्न मद्दत गरिरहेको छ ।*

*संयुक्त राष्ट्रसंघले यसलाई जलवायु अनुकूलनको 'मोडेल परियोजना' घोषणा गरेको छ । विशेषज्ञहरूका अनुसार, यदि यो प्रविधि विस्तार गर्न सकियो भने खाद्य संकट, बेरोजगारी र गरिबी घटाउन ठूलो योगदान पुग्नेछ । मरुभूमिमा उम्रिएको हरियाली केवल खेतीको सफलता होइन, आशाको संकेत बनेको छ ।*

# पाँच करोडको सुपारी तस्करी 'लाइन'को पर्दाफास :
# जेन-जी सरकारका पालामा पनि तस्कर चम्किए

● साँघु संवाददाता

**वीरगञ्ज । नेपाल–भारत सीमामा हुने सुपारी तस्करी कुनै एक कालखण्ड वा कुनै एक सरकारसँग मात्र जोडिएको समस्या होइन भन्ने तथ्य फेरि एकपटक सार्वजनिक भएको छ । २०८२ पुस ३ गते जिल्ला प्रहरी कार्यालय पर्साले करिब ४ करोड ७७ लाख ४० हजार रुपैयाँ बराबरको सुपारी चारवटा कन्टेनर ट्रकसहित नियन्त्रणमा लिएपछि, संगठित तस्करी संरचना अझै सक्रिय रहेको यथार्थ उजागर भएको हो ।**

जिल्ला प्रहरी कार्यालय पर्साले जारी गरेको प्रेस विज्ञप्तिअनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-२, जटही वाइपास रोडस्थित 'निशान्त सोनावती दाल प्याकेट उद्योग' परिसरमा छापा मारेको थियो । त्यहाँ भारततर्फ अवैध रूपमा पठाउने तयारीमा रहेको सुपारी अनलोड भइरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार सुपारी दुईवटा कन्टेनर ट्रकबाट अनलोड भइरहेको थियो भने अन्य दुईवटा कन्टेनर ट्रक तयारी अवस्थामा थिए । नियन्त्रणमा लिइएका सवारीसाधनमध्ये ना.७ ख. ७४२० नम्बरको टेलर ट्रक (कन्टेनर नं. ESCU९०००४७९) र ना.४ ख. ६८३२ नम्बरको १४ चक्के टेलर ट्रक (कन्टेनर नं. ESCU९९०००६०६) मा सुपारी लोड गरिएको अवस्थामा भेटिएको हो । ती कन्टेनरमा Express Way' लेखिएको भए पनि भन्सार प्रक्रिया पूरा नगरिएको पुष्टि भएपछि प्रहरीले नियन्त्रणमा लिएको हो ।

कन्टेनर खोली जाँच गर्दा करिब ८ हजार ५ सय बोरा सुपारी फेला परेको र प्रारम्भिक मूल्यांकनअनुसार यसको कुल मूल्य रु. ४,७७,४०,००० बराबर रहेको प्रहरीको भनाइ छ। सुपारीको आयात-निर्यातसम्बन्धी कुनै पनि वैध कागजात प्रस्तुत हुन नसकेपछि तस्करी भएको निष्कर्ष निकालिएको हो ।

घटनास्थलबाट सुपारी लोड-अनलोडमा संलग्न रहेको आरोपमा वीरगञ्ज महानगरपालिका-२० का ४५ वर्षीय राम भरोस महरा र ५१ वर्षीय रामप्रसाद यादवलाई नियन्त्रणमा लिइएको छ। उनीहरू दुवै जना प्रत्यक्ष रूपमा सुपारी व्यवस्थापन र अनलोड कार्यमा संलग्न रहेको पर्सा प्रहरीले जनाएको छ । यद्यपि, यस घटनामा संलग्न मुख्य लगानीकर्ता, योजनाकार तथा सीमापार सम्पर्ककर्ता भने अझै फरार रहेको आशंका गरिएको छ ।

बरामद सुपारी, कन्टेनर ट्रक र नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाइएको छ । अब राजस्व अनुसन्धान कार्यालयले सुपारीको उत्पत्ति, भन्सार छल्ने तरिका, तस्करी सञ्जालको वित्तीय स्रोत र कालोधनको प्रवाहबारे अनुसन्धान अघि बढाउने अपेक्षा गरिएको छ ।

यस घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ-सरकार फेरिए पनि सुपारी तस्करी किन रोकिएन ?

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारका पालामा सुशासन, पारदर्शिता र राज्य संयन्त्र सुदृढ हुने अपेक्षा गरिएको थियो । तर, पर्साको यो सुपारी प्रकरणले देखाएको छ कि सुपारी तस्करीको संरचना भने सरकार परिवर्तनसँगै कमजोर भएको छैन र तस्करहरु सीमा वारिपारिका तस्करहरु निरन्तर सक्रिय रहेको पुष्टि भएको छ ।

यसअघि पनि सुपारी तस्करीबाट आर्जन गरिएको कालोधन सेतो बनाउन नेपालमा हवाई सेवा कम्पनी खोलिएको, केन्द्रीय(संघीय) सरकार र सीमावर्ती क्षेत्रमा राजनीतिक र प्रशासनिक पहुँच भएका तस्करहरू सक्रिय रहेको तथा तस्करी सञ्जालले कन्टेनर, ट्रान्जिट र ढुवानी प्रणाली दुरुपयोग गरिरहेको तथ्य सार्वजनिक भइसकेका छन् । पर्साको पछिल्लो घटनाले ती पुराना आरोपहरूलाई पुनः पुष्टि गरेको छ ।

सुपारी तस्करी नेपालको सीमावर्ती जिल्लामा हुने सबैभन्दा व्यवस्थित अवैध व्यापारमध्ये एक मानिन्छ । भारतमा सुपारीमा लाग्ने उच्च भन्सार दर, नेपाल-भारत खुला सीमा, उच्च नाफा र नेपाल राज्यको कमजोर निगरानीका कारण सुपारी, केराउ जस्ता तस्करीको व्यापार वर्षौंदेखि निरन्तर चल्दै आएको छ । जबसम्म तस्करी सञ्जालको आर्थिक र राजनीतिक संरक्षण तोडिँदैन, यस्ता घटनाहरू दोहोरिरहने जानकारहरूको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले सुपारी तस्करी राज्यको राजस्वमाथिको संगठित आक्रमण भएको भन्दै यसमा संलग्न सबै तहका व्यक्ति पहिचान गरी कडा कारबाही गरिने बताएका छन् ।

लगभग १६ करोडभन्दा बढी मूल्यको सुपारी बरामद भएको यो प्रकरणले स्पष्ट सन्देश दिएको छ-राज्य संयन्त्र सक्रिय नहुने हो भने, सरकार जोसुकैको बने पनि, माफिया र तस्करीको 'लाइन' भने चलिरहन्छ ।

**सुपारी तस्करी : पञ्चायतदेखि जेन-जी सरकारसम्म नटुटेको 'लाइन'**

नेपाल-भारत सीमामा हुने सुपारी तस्करी कुनै नयाा घटना होइन । यो अवैध व्यापारको इतिहास पञ्चायतकालदेखि आजको जेन-जी सरकारसम्म फैलिएको छ । समयसागै सरकार फेरिए, राजनीतिक व्यवस्था बदि्लयो, संविधान लेखियो, आन्दोलन भए-तर सुपारी तस्करीको संरचना भने झन् व्यवस्थित हुँदै गएको देखिन्छ ।

**पञ्चायतकाल : 'साना व्यापारी'को आवरण**

पञ्चायतकालमा सुपारी तस्करी सीमावर्ती जिल्लामा साना व्यापारी र स्थानीय बिचौलियाको तहमा सीमित थियो । भारतमा सुपारीमा उच्च कर लाग्ने र नेपालतर्फ तुलनात्मक रूपमा सस्तो उपलब्ध हुने भएकाले तराई-मधेसका सीमावर्ती बजारहरू सुपारी ओसारपसारको केन्द्र बन्दै गएका थिए ।

त्यसबेला तस्करीलाई 'सानो अवैध कारोबार'का रूपमा हेरिन्थ्यो, राज्य संयन्त्रको ध्यान खासै आकर्षित हुन सकेन ।

**२०४६ पछि : बहुदलीय व्यवस्था र विस्तार**

२०४६ पछि बहुदलीय व्यवस्था आएसँगै खुलापन बढ्यो । व्यापार, यातायात र ढुवानी प्रणाली विस्तार भयो । यही विस्तारसँगै सुपारी तस्करी पनि व्यवस्थित सञ्जालमा रूपान्तरण हुन थाल्यो ।

अब सुपारी तस्करी केवल बोरा बोकेर सीमापार गरिने काम रहेन । ट्रक, कन्टेनर, गोदाम, भन्सार ट्रान्जिट प्रयोग हुन थाले । यही समयदेखि तस्करीमा राजनीतिक पहुँच भएका व्यक्ति र ठूला लगानीकर्ता जोडिन थालेको सुरक्षा निकायका पूर्व अधिकारीहरू बताउँछन् ।

### संघीयतापछि : संगठित अपराधको रूप

संघीयता कार्यान्वयनपछि प्रदेश, स्थानीय तह र प्रशासनिक संरचना बढे । तर, सुपारी तस्करी झन् संगठित अपराधको स्वरूप लिन पुग्यो ।

**अब सुपारी केवल अवैध व्यापार रहेन–**

- यो राजस्व छल्ने उद्योग बन्यो,
- कालोधन उत्पादन गर्ने माध्यम बन्यो,
- र, राजनीतिक संरक्षण खोज्ने आर्थिक शक्ति बन्न पुग्यो ।

यही कालखण्डमा सुपारीलगायतको तस्करीबाट आर्जन गरिएको कालोधनले

-होटल,

- वित्तीय कम्पनीहरु,

-उद्योग,

- र, हवाई सेवा कम्पनीसम्म सञ्चालन गरिएको तथ्य सार्वजनिक भए ।

**सरकार फेरिए पनि किन रोकिँदैन तस्करी ?**

हरेक सरकार सुपारी तस्करी नियन्त्रणको प्रतिबद्धता व्यक्त गर्छ । तर, व्यवहारमा तस्करी निरन्तर चलिरहनुको कारण एउटै छ- तस्करीको संरचना सरकारभन्दा शक्तिशाली र गहिरो छ ।

जानकारहरूका अनुसार सुपारी तस्करीमाः सीमापार नेटवर्क, दलहरु र शक्ति केन्द्रमा आर्थिक लगानीकर्ता, स्थानीय बिचौलिया, ढुवानी व्यवसाय, र राजनीतिक-प्रशासनिक पहुँच एक-अर्कामा गाँसिएका छन् । कुनै एक तह समातिंदा माथिल्लो तह सुरक्षित रहन्छ, जसका कारण तस्करी पुनः चल्न थाल्छ ।

**जेन–जी सरकार र पुरानै चुनौती**

जेन-जी आन्दोलनपछि बनेको सरकारले सुशासन र भ्रष्टाचारविरुद्ध कडा नीति लिने अपेक्षा गरिएको थियो । तर पर्सामा लगभग १६ करोडको सुपारी बरामद भएको घटनाले देखाएको छ-सुपारी तस्करीको 'लाइन' भने सरकार परिवर्तनसँगै बन्द भएको छैन । यो प्रकरणले प्रमाणित गरेको छ कि सुपारी तस्करी कुनै व्यक्तिको अपराध होइन, यो एउटा निरन्तर चलिरहेको प्रणालीगत समस्या हो ।

**निष्कर्ष**


**सुपारी तस्करीको इतिहास हेर्दा एउटा स्पष्ट निष्कर्ष निस्किन्छ–**

- सरकार फेरिंदा नारा बदलिन्छ,
- नीति बदलिन्छ,
- तर, तस्करीको संरचना भत्काउन नसक्दासम्म 'लाइन' चलिरहन्छ ।

सुपारी आज, सुन भोलि, डलर पर्सि-समस्या वस्तुमा होइन, संरचनामा छ ।

# नयाँ मन्त्री र भूमि व्यवस्था मन्त्रालयको बेथिति !

*साँघु संवाददाता*



प्रा. डा. कुमार इङनाम

*काठमाडौं । ०८२ मंसिर २८ गते प्रा. डा. कुमार इङनामले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी संहालेका छन् । मुलुकभरको जग्गा प्रशासनको जिम्मेवारी, गरिवी न्यूनीकरण र सहकारी संस्थाहरुको निगरानीको जिम्मेवारी बोकेको मन्त्रालयमातहत निकायमा दर्जनौ बेथितिहरु रहेका छन् । जसले गर्दा विगतमा मन्त्रालयको नेतृत्व गरेका मन्त्री र सचिवहरु विवादमुक्त बन्न सकेका छैनन् । अझ निवर्तमान सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले दर्जन भन्दा बढी आरोप खेप्दै मन्त्रालयबाट बाहिरिएका थिए ।*

*उनले अतिरिक्त लाभ हात पार्दै कर्मचारीको सरुवा, बढुवादेखि भू-माफियासँग मिलेमतो गरी सार्वजनिक जग्गा दर्तालगायतका कार्यहरु गरेको आरोप खेप्नु परेको थियो ।*

*उता, ०८२ भदौ २३-२४ गतेको जेनजी आन्दोलनका कारण तत्कालीन सरकार विस्तापित भएर अन्तरिम सरकार गठन भएको पनि तीन महिना भन्दा बढी समय बितिसकेको छ । तरपनि यसअघि मन्त्रालयको नेतृत्व गरेका पूर्व न्यायाधीशसमेत रहेका अनिल कुमार सिन्हाले पनि विवादमा तानिएका विभागको नेतृत्व गरिरहेका महानिर्देशक उनका मतियार बनेका कर्मचारीहरुलाईसमेत कारवाही गर्ने हिम्मत गर्न सकेनन् । ताकि सहसचिव एवं डीजी शिवप्रसाद रेग्मीलाई विभागको नेतृत्वमा निरन्तरता दिएकोमा मन्त्रालय र विभागमातहत कार्यरत कर्मचारीहरुले असन्तुष्टि जाहेर गर्दै आएको चर्चा थियो ।*

*कर्मचारीहरुले मात्र नभएर जेनजी अगुवाहरुलेसमेत मन्त्री सिन्हाप्रति गुनासो गरेपछि शिवप्रसाद रेग्मीलाई महानिर्देशकबाट हटाएर नयाँ सहसचिवलाई खटाउने तयारी गरेको चर्चा पनि थियो । यही बिचमा मन्त्री सिन्हाले संहालेको भूमि मन्त्रालयको नेतृत्व परिवर्तन भएर मन्त्री इङनामले संहाल्ने अवसर पाएका छन् । मन्त्री इङनामा कानूनका ज्ञाता साथै बुद्धिजीवीसमेत रहेकोले मन्त्रालयमातहत रहेका बेथितिहरुको अन्त्य होलाकि भन्ने अपेक्षा केही इमान्दार कर्मचारीहरुले गरेका छन् । त्यसको सुरुवात मन्त्री इङनामले कहाँबाट गर्नेहुन् भन्ने चासोसमेत मन्त्रालयमा बढ्दै गएको छ ।*

*महानिर्देशक रेग्मीले मालमोत कार्यालयहरुमा नयाँ कर्मचारीको सरुवा गर्दा बिना अतिरिक्त लाभ र कुनैपनि फाइल सदर नगर्ने आरोप खेप्दै आएका छन् । अझ महानिर्देशक रेग्मीलाई यसअघिको नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकारका बद्नाम मन्त्री अधिकारीले राम्रो शुभलाभ हात पारेर विभागमा खटाएको बताइन्छ । यही कारण पोखराको फेवा तालको सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्न उनले मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीको सरूवामा ठुलो सेटिङ गरेको आरोप खेप्दै आएका हुन् ।*

*निवर्तमान मन्त्री अधिकारी र महानिर्देशक रेग्मीलाई यति ठूलो आरोप लाग्दासमेत तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले कारवाही नगरी उन्मुक्ति दिएर निरन्तरता दिएको गुनासाहरु बाहिर आइरहेका छन् । महानिर्देशक रेग्मीले जेनजी विद्रोहीको भावनालाई आत्मसात गरि भूमि सुधार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट छिटोछरितो, प्रभावकारी र पारदर्शी सेवा प्रवाह गराउन असफल देखिएका छन् । त्यस्तै, आगजनी भएका केही मालपोत कार्यालयहरूबाट सेवा प्रवाह सुचारु गर्न ढिलाई गरेको आरोपसमेत खेपिरहेका छन् ।*

*उता, नक्कली कागजातका आधारमा सार्वजनिक र निजी जग्गा बिचौलियामार्फत दर्ता गर्ने प्रवृत्ति पनि ह्वात्तै बढ्दै गइरहेको बताइन्छ । जसलाई रोक्न पनि महानिर्देशक रेग्मीले नसकेको स्रोत बताउँछ । यसका साथै विभागले केही समयअघि गरेको कर्मचारीहरूको सरुवा र काज सरूवामासमेत दररेट तोकेर नै कार्यालय हेरी लेनदेन गरेको गुनासो प्राप्त भएको छ । यीमाथि उल्लेखित आरोपहरुको महानिर्देशक रेग्मीले व्यवहारबाट चिर्न पनि सकिरहेका छैनन् । सोही कारण नव नियुक्त मन्त्रीको यी विषयमा तत्काल ध्यान जान आवश्यक रहेको कर्मचारीहरु बताउछन् ।*

# पूर्व सचिवहरुविरुद्ध सर्वोच्चमा पुनरावेदन




*काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ मंसिर २८ गते प्रतिवादी डा.संजय शर्मासमेत रहेको सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरेको छ । आयोगले खानेपानी मन्त्रालयका तत्कालीन सचिवहरु डा. संजय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर, मेलम्ची खानेपानी विकास समितिका अध्यक्ष र मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेलविरुद्ध पुनरावेदनको निवेदन दिएको बताइन्छ ।*

*आयोगले २०८२ मंसिर २८ गते आइतवार माथि उल्लेखितसमेतका प्रतिवादीहरु उपर मेलम्ची खानेपानी विकास समितिले काठमाडौं उपत्यकामा पानी ल्याउन भनी हचुवाको भरमा बिना विश्लेषण माइल स्टोल तय गरेको आरोप लगाउँदै रिट निदेदन दायर गरेको थियो । यसअघि विशेष अदालतले गरेको फैसलाविरुद्ध आयोगले सर्वोच्चमा पुनरावेदन गरेको सहायक प्रवक्ता एवम् उपसचिव गणेश बहादुर अधिकारीले जानकारी दिएका हुन् । ठेक्का सम्झौता तथा मौजुदा कानूनको परिधि भित्र नरही निर्माण व्यवसायीको क्षमता तथा नगद प्रवाह कमजोर भएको र आयोजनाको प्रगति सुस्त भएको थाहा हुँदाहुँदै मन्त्रालय, विकास समितिका तत्कालीन अधिकारीहरुले सम्झौता गरेको आयोगको ठहर छ । सो प्रावधान तथा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्थाको विपरीत निर्माण व्यवसायीलाई आर्थिक लाभ हुने गरी काम कारबाही गरेको, सम्झौता विपरीत तथा कानूनले तोकेभन्दा बढी ठेकेदारलाई दुई किस्तामा अतिरिक्त मोबिलाईजेसन पेश्की दिएको आयोगको आरोप रहेको छ ।*

*त्यसैगरी सम्झौताको प्रावधानबमोजिम परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीको लागि पेश गरेपछिका कुनै पनि बिलमा समायोजन गरी प्रोभिजनल भूक्तानी वापतको रकम असुली नगरेको आयोगको भनाई रहेको छ । उता, प्रत्येक मूल्याङ्कन बिलबाट कट्टी गरी असूल उपर गर्नुपर्ने दायित्व परामर्शदाता तथा व्यवस्थापन पक्षले निर्वाह नगरेको आरोपसमेत आयोगले पुनरावेदनको निवेदनमा उल्लेख गरेको छ । त्यसो हुँदा सरकारी सम्पत्ति हानिनोक्सानी तथा निर्माण व्यवसायीलाई लाभ पुऱ्याई भ्रष्टाचार गरेको आयोगले ठहर गरेको छ ।*

*यही कारण आयोगले प्रतिवादीहरुलाई फरक फरक बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सर्वोच्चमा पुनरावेदन गरेको जानकारी दिएको छ । साथै, आयोगल सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी बिगो असुलीको माग दावी गरेको छ ।*

*सोही ऐनको दफा २४ बमोजिम थप सजाय गरी पाउन समेतको मागदाबी लिई यसअघि विशेष अदालतमा आयोगले आरोपपत्र दायर गरेको थियो । जसमा विशेष अदालतले २०८१ भदौ १६ को फैसलाबाट आंशिक सफाई दिएको थियो । उक्त फैसलाउपर चित्त नबुझेको भन्दै मंसिर २८ गते सर्वोच्चमा पुनरावेदनको निवेदन दर्ता गरेको आयोगद्वारा जारी बिज्ञप्तिमा जनाइएको छ ।*

***पूर्वसचिव कार्कीविरुद्ध पनि मुद्दा दायर***

*०८२ पुष २ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पूर्वसचिव अर्जुनबहादुर कार्कीलगायत तीनजनाविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । व्यूरोले नेपाल ट्रस्टका तत्कालीन सचिव कार्की, सहसचिव लेखबहादुर कार्की र थमसेर्कु डेभलपर्सका सञ्चालक सोनाम शेर्पामाथि ठगी र आपराधिक लाभको आरोपमा मुद्दा दायर गरेको बताइन्छ । नेपाल ट्रस्टको दरबारमार्गस्थित दुई रोपनी जग्गा लिजमा दिने निर्णय गर्दा ठगी भएको आशंकामा उनीहरु मुद्दा दायर गरिएको व्यूरो स्रोतले जानकारी दिएको छ ।*

*उनीहरूले नेपाल ट्रस्टलाई ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार ९ सय ९४ रुपैयाँ ३१ पैसा दिने प्रस्ताव स्वीकार गर्न सिफारिस गरेको थियो । तरपनि एक अर्ब ५९ करोड ४० लाख ५२ हजार २ सय ४ रुपैयाँ ६० पैसामा सम्झौता गरेको र उक्त सम्झौता नियम संगत नदेखिएकोले ठगी भएको आशंका सीआईबीको रहेको छ । नेपाल ट्रस्टले सात वर्षअघि दरबारमार्गस्थित जग्गा थमसेर्कुलाई लिजमा दिने निर्णय गर्दा अनियमितता भएको प्रश्न बाराम्बार उठदै आएको थियो । अनियमितता र भ्रष्टाचारको पर्याप्त प्रमाण हुँदाहुँदै त्यसबखत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सात वर्षअघि मिलेमतोमा फाइल तामेलीमा राख्ने निर्णय गरेको थियो । निर्णयमा तत्कालीन सचिव र सहसचिव कार्कीद्वय संलग्न रहेको अनुसन्धानबाट खुलेको छ । यही कारण व्यूरोले ठगी र आपराधिक विश्वासघातको आरोपमा मुद्धा दायर गरेको बताइएको छ ।*

# सचिवहरूको सरुवा
## कसलाई न्याय कसलाई अन्याय ?

काठमाडौं । २०८२ मंसिर २३ गते सरकारले विभिन्न मन्त्रालय र निकायमा कार्यरत आठ जना सचिवहरूको जिम्मेवारी हेरफेर गरेको थियो । यसअघि निर्वतमान मुख्यसचिव एकनारायण अर्यालले अन्यायपूर्वक सचिव कमल पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्तमा थन्काएका थिए । त्यसपछि उनीमाथि अन्याय गरेको चर्चा सिंहदरवारमा चल्दै आएको थियो । तर, वर्तमान मुख्यसचिव सुमनराज अर्यालको जोडबलमा उनलाई सरकारले तथ्यांक कार्यालयमा सरुवा गरेर न्याय गरेको चर्चा छ ।

तथ्यांकका सचिव मधुसुदन बुर्लाकोटीलाई भने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय खटाइएको छ । उनी वरिष्ठ सचिव भएतापनि खरो, कानून भन्दा बाहिर गएर निर्णय नगर्ने कठोर स्वभावका कारण यसअघिका सरकारहरुले उचित जिम्मेवारी नदिएको आरोप लाग्ने गरेको थियो । तर, यसपटक उनलाई उद्योगतर्फको सचिवको जिम्मेवारीमा खटाइएको छ । उक्त मन्त्रालयका सचिव कृष्णबहादुर राउतलाई भने हाल कामको बोझ भएको निर्वाचन आयोगमा सरुवा गरिएको छ । निर्वाचन आयोगमा कार्यरत सचिव महादेव पन्थलाई भने प्रधानमन्त्री कार्यालयमा सरुवा गरी अतिरिक्तमा थन्क्याइएको छ ।

निवर्तमान खानेपानी मन्त्री प्रदीप यादवको रोजाईमा परेर यसअघि मन्त्रालयमा भित्र्याइएकी सचिव प्रमीला देवी बज्राचार्यलाई भने कामकाज नभएको हाइ काढेर दिन बिताउनु पर्ने नेपाल ट्रस्टको कार्यालयतर्फ सरुवा को छ । जबकि, उनी वरिष्ठ सचिव रहेकोले मुख्यसचिवको दावेदार रहेकी थिइन । त्यति हुँदाहुँदै पनि सरकारले बढुवा त परै जावोस् सेवा निवृत्तको मुखमा रहेकी र सचिवको लागि काम र आकर्षण नभएको नेपाल ट्रस्टको कार्यालयमा लखेटेर अन्याय गरेको बताइन्छ। सो कार्यालयमा कार्यरत विवादस्पद सचिव रामआधार साहलाई भने पुनः खानेपानी मन्त्रालयको जिम्मेवारीमा सरुवा गरिएको छ । उनी 'शुभलाभ' प्रेमी भएकाले विगतमा विवादित र बद्नाम सचिवको पंक्तिमा रहँदै आउका छन् ।

सरकारले वन तथा वातावरण मन्त्रालयका सचिव राजेन्द्रकुमार मिश्रलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सरुवा गरेको छ । कृषि मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मालाई भने वन मन्त्रालयमा खटाइएको छ । जबकि, यी दुईजना सचिवलाई पटक पटक यिनै मन्त्रालयमा खटाएर सरकारले हैरानी दिएको गुनासाहरु सुनिन्छ ।

# सम्पत्ति शुद्धीकरण अनुसन्धानमा प्रहरी कटौती :
# ग्रे-लिस्टको संघारमा राज्यको आत्मघाती निर्णय ?

● साँघु संवाददाता

**नेपाल अहिले आर्थिक र संस्थागत रूपमा अत्यन्त संवेदनशील मोडमा उभिएको छ । अन्तर्राष्ट्रिय समुदायको निगरानीमा रहेको देश, FATF का मापदण्ड पूरा गर्न संघर्षरत सरकार र ग्रे–लिस्टको जोखिम हटाउनुपर्ने दबाबबीच सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्रहरी दरबन्दी कटौती गर्ने तयारीले गम्भीर प्रश्नहरू जन्माएको छ ।**

नेपाल सरकारद्वारा वि.सं. २०६८ असार ३१ गते स्थापना गरिएको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग राज्यको आर्थिक सुरक्षाको केन्द्रीय संयन्त्र हो । कालोधन, अवैध वित्तीय कारोबार, आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय सहयोग र विनाशकारी हातहतियार विस्तारमा संलग्न आर्थिक गतिविधिको अनुसन्धान गर्नु यसको मूल जिम्मेवारी हो । यस्तो संवेदनशील निकायबाट नेपाल प्रहरीको न्यूनतम् तर महत्वपूर्ण अनुसन्धान जनशक्ति फिर्ता गरिनु केवल प्रशासनिक निर्णय मात्र होइन, नीतिगत संकेत पनि हो ।

हाल विभागमा नेपाल प्रहरीबाट १ जना एसपी, १ डीएसपी, ३ निरीक्षक, २ नायब निरीक्षक र २ सहायक निरीक्षक परिचालित छन् । स्रोतका अनुसार, यी सबै दरबन्दी क्रमशः प्रहरी प्रधान कार्यालयमै फिर्ता गर्ने गृहकार्य भइरहेको छ । संख्यात्मक रूपमा सानो देखिए पनि यो टोली विभागको फिल्ड अनुसन्धान, निगरानी, सूचनासङ्कलन र अभियोजन सहयोगको मेरुदण्ड मानिँदै आएको छ ।

प्रश्न उठ्छ- आर्थिक अपराध जटिल बन्दै गएको बेला अनुसन्धानमा सहयोगी जनशक्ति किन घटाइँदैछ ? कालो धन संग्रहका लागि नेपाल अहिले अवैध हुण्डी, सुन तस्करी, सुपारी-चिनी जस्ता वस्तु तस्करी, डिजिटल फ्रड र सीमापार वित्तीय अपराधको चपेटामा छ । यी अपराध केवल कागजी अनुसन्धानबाट नियन्त्रण हुँदैनन् । प्रहरीको अनुसन्धान अनुभव, निगरानी क्षमता र नेटवर्क बिना सम्पत्ति शुद्धीकरण अनुसन्धान अपुरो हुन्छ । यही कारण विश्वका अधिकांश देशमा वित्तीय अपराध अनुसन्धान निकायमा प्रहरी, अभियोजनकर्ता र वित्तीय विज्ञको संयुक्त संरचना अनिवार्य मानिन्छ ।

सरकारी पक्षले भने यस निर्णयलाई प्रशासनिक पुनर्संरचना र जनशक्ति व्यवस्थापनको रूपमा व्याख्या गरिरहेको छ । प्रहरी संगठनमा अन्यत्र जनशक्तिको चाप रहेको र विभागमा न्यूनतम् संरचना राखेर अन्य संयन्त्रमार्फत काम अघि बढाउने तर्क प्रस्तुत गरिएको छ । तर, यो तर्क अल्पकालीन व्यवस्थापन सोच बाहेक दीर्घकालीन रणनीति जस्तो देखिँदैन ।

FATF ले मूल्याङ्कन गर्दा कानूनी संरचना मात्र होइन, कार्यान्वयन क्षमता हेर्छ । अनुसन्धानको गति, अभियोजनको संख्या, सजायको दर र अन्तर्राष्ट्रिय समन्वय-यी सबैमा प्रहरीको भूमिका प्रत्यक्ष हुन्छ । यदि विभागको अनुसन्धान क्षमता कमजोर देखियो भने त्यसको असर ग्रे-लिस्टबाट मुक्त हुने नेपालको प्रयासमै पर्न सक्छ । विभाग र कर्मचारीहरुको सुरक्षाका दृष्टिले पनि प्रहरी जनशक्ति रहनु जरुरी मानिएको हुन सक्छ ।

अझ गम्भीर कुरा के छ भने, प्रहरी दरबन्दी फिर्ता हुनु गलत सन्देश पनि हो । यसले आर्थिक अपराध नियन्त्रण राज्यको प्राथमिकतामा छैन भन्ने संकेत दिन सक्छ । यस्तो सन्देश माफिया, तस्कर र कालोधन सञ्चालकका लागि मनोवैज्ञानिक उत्साह बन्न पनि सक्छ ।




नेपालले बुझ्नुपर्ने कुरा स्पष्ट छ-आर्थिक अपराध आज राष्ट्रिय सुरक्षासँग जोडिएको विषय हो । कमजोर अनुसन्धान भनेको कमजोर राज्य हो । जनशक्ति कटौती गरेर होइन, क्षमता विस्तार गरेर मात्र राज्य बलियो हुन्छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्रहरी दरबन्दी कटौतीको निर्णय औपचारिक रूपमा कार्यान्वयनमा आएपछि त्यसले अनुसन्धानको प्रभावकारिता, अभियोजनको संख्या र अन्तर्राष्ट्रिय विश्वासमा कस्तो असर पार्छ भन्ने कुरा समयले देखाउनेछ । तर, अहिले नै उठेको प्रश्न गम्भीर छ- ग्रे-लिस्टको संघारमा उभिएको नेपाल राज्यले अनुसन्धान कमजोर बनाउने जोखिम किन लिँदैछ ?

# अर्थात् : जेमन्त



**– शरदराज गौतम –**

*गधा धोएर गाई हुँदैन भन्ने आहानमा
आजको दिनमा आएर,
मूलभूत र मौलिक चुक फेल पर्न सक्छ ।
गाई र गधा दुबैको उपयोगिताको सन्दर्भ
पृथक र अछुत छन् ।
यद्यपि यसले दिने गरेका सच्चाईहरु निम्छरो छन् ।
गधा आफैमा यो धर्तिको सार्वभौम प्राणी हो ।
यसलाई धोई पखाली गर्नुमा
उखान प्रयोगकर्तामा पूर्वाग्रह देखिन सक्छ ।
होइन भने, विभेदकारी मनोदशा ।
गधालाई धुनु र गाई बनाउनुसित
हाम्रा सांस्कृतिक अन्तर्यसित चुक भएको छ ।
दुध दिंदा गाई सर्वश्रेष्ठ मान्ने हो भने
वा भारी बोकिहिंड्नेलाई निर्धो मान्ने हो भने ।
दुबै अर्न्तज्ञानसित यो धर्तिको सम्बन्ध हुन सक्तैन ।
हुनु पनि हुन्न ।
धर्तिको उत्पति क्रममा वा मानवीय विकास क्रममा
गधा गधा नै उचित छ ।
गाई गाई नै ।
तर पनि हाम्रो सांस्कृतिक चेतले भनिरहन्छ ।
गधालाई जति धोए पनि गाई हुन सक्तैन ।
यो उखानलाई नेपालका कम्युनिष्टहरुमा जोडेर हेर्नु
मेरो विचारमा अनुचित हो ।
त्यो सरासर गाली मात्र हो ।
गधालाई अनुचित सिद्ध गर्नु हो ।
एमालेको एग्घारौं महाधिवेशनको बन्द सत्रमा
ल क्याम्पस अघिल्तिरको पेटीमा बसेर
एउटा चिर्कोट लेख्नुस्, कि
धरोधर्म तपाईंलाई पहिलो शब्द नै धुनु भनेर लेख्न आउने छ ।
त्यो गधा धुनुस् कि, एमाले ।
गाई दुबै हुन सक्तैनन् ।
बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीमा
एमालेलाई घिसारेर ल्याउने कुरा
महाभारतको भीष्म प्रतिज्ञा जस्तै हो ।
गलत हुन्छ, गधालाई धुने कुरा ।
गलत हुन्छ, गधालाई गाईको प्रक्षेपण गर्ने कुरा ।
त्यसैले मैले,
यो अन्तर्यमा गंभीर चुक फेला पार्न सकिन्छ भनेको ।
एमाले एग्घारौं महाअधिवेशनमा आई पुग्दा
स्टालिन शैलीको ढेंचु ढेंचु संगगानमा ओर्लिएको छ ।
जो जो दुध थाप्न भनि तसला बोकि गएका हुन्
तिनले मात्र निराश पर्नुपर्ने हुन्छ ।
म पटक्कै निराश छुइन ।
बरु, गधाहरुको लर्को सानो देखेर चकित मात्रै परेको हुँ ।
गधाहरु लामो लर्कोमा भारी ओसार्न पोख्त हुन्छन् ।
एग्घारौं महाअधिवेशनले गधा शक्तिलाई
सौर्यवान बनाउला, चिन्ता त्यतापट्टी होइन ।
चिन्ता कति मात्रै हो भने
ढोक्सा बोकेर दुध ओसार्छु भन्नेहरु
नेपाली समाजमा कयौं दशक मानक भइरहने छन् ।
र, फेरि एउटा सिङ्गो पुस्ता कुनो परेर भनि रहनेछन्
धत, गल्ती पो भएछ ।
त्यसैले भनिएको हो, सच्याउनु हुन्न ।
गधालाई गधा नै भइरहन दिनु उचित हुन्छ ।
भारी बोकाएर सुविधा लिनेसित
दुध दुहुने साख नै खोज्नु हुन्न ।
विश्व इतिहासमा रोम जलेको घटनालाई
महाविनाशकारी आगलागी भनेर पुकारिन्छ ।
यै महाविनाशकारी आगलागीमा
सम्राट नेरो बाँसुरी बजाएर
आफ्नो उन्माद गाइ बस्छन् ।
मुलुकमा भारि बोकेर हिंड्नेहरु
नेरोका बाँसुरी धुनमा
आफूभित्रको उन्माद बजाई बसेका छन् ।
ल क्याम्पसको पेटीमा बसेर
चिर्कोटमा लेखी बस्नुस्, कि
तपाईंलाई एमालेको उन्मादले
ल्याउन खोजेको विध्वंसका दिव्यदृष्टि
झलझल्ती मिल्नेछ ।
गधालाई धुँदैनन्, के ।
बरु, भारी बोकाउन सिकाउँछन् ।*

## निर्वाचन कि...

समूहहरूले परिचालन र प्रयोग गरेको हुन सक्छ । जसरी आन्दोलनमा पानी बाँड्न गएका सुदन गुरुङले छलाङ मारेका छन्, त्यसैगरी कतिपय समूहहरूले उनीहरूलाई प्रयोग गरिरहेका हुन सक्छन् । उनीहरू प्रयोग भएको ज्वलन्त उदाहरण त गृहमन्त्री ओमप्रकाश अर्यालले नै आफूहरूलाई दिएको वचन पूरा नगरेको र धोका दिएको भनी उनीहरूले आरोप लगाइरहेका छन् ।

**जेनजी आन्दोलनको औपचारिक विभाजन**

यसैबीच, दर्जनौ जेनजी दावी गर्नेहरू मध्ये एक असन्तुष्ट समूहले काठमाडौंमा कार्यक्रम आयोजना गरी संयुक्त जेनजी आन्दोलन घोषणासभामार्फत जेनजीको माग 'चुनाव होइन, सुशासन हो' भन्ने उद्घोष गरेका छन् । उनीहरूले वितरण गरेको एक पर्चामा सुशासनको प्रत्याभूति, जेनजीका माग कार्यान्वयन, घाइतेहरूको सम्बोधन र त्यसपछि मात्र चुनाव भनी आफ्नो 'बटम लाइन' सार्वजनिक गरेका छन् । यसरी हेर्दा अब जेनजीहरूबीच औपचारिक रूपमा फुट भएको सार्वजनिक भएको छ ।

**दुई फरक नेतृत्व, दुई फरक रणनीति**

एउटा खेमाको नेतृत्व सुदन गुरुङले गरेको देखिन्छ । उनको पक्षले यही सरकारलाई मानेर जाने तर प्रतिनिधि सभा पुनर्स्थापनाप्रति पनि लचिलो बन्ने नीति लिएको छ । त्यस समूहलाई रवि लामिछाने र बालेन शाहले समेत समर्थन गरेको छ ।

अर्को समूहको नेतृत्व सम्भवतः मिराज ढुंगानाले गर्नेछन् । उनीहरूको माग हालको अन्तरिम सरकारको बहिर्गमन र सर्वदलीय-सर्वपक्षीय सम्मेलनमार्फत नयाँ सरकार गठन, जेनजीका माग सम्बोधन र निर्वाचनको नयाँ खाका कोर्ने रहेको पाइन्छ । यस समूहले केही समयदेखि यस दिशामा गृहकार्य गरिरहेको थियो, जुन अहिले सार्वजनिक रूपमा आएको छ । यस समूहको पछाडि एक सशक्त राजनीतिक र गैर-राजनीतिक शक्ति सक्रिय रहेको देखिन्छ, जसले वर्तमान सरकार ढालेर सर्वदलीय-सर्वपक्षीय सरकारको वकालत गरिरहेको थियो ।

**निर्वाचन मिति सर्न सक्ने सम्भावना**

यदि यस्तो अवस्था रहिरह्यो भने २०८२ फागुन २१ गतेका लागि तोकिएको निर्वाचनको मिति केही समय पछि सर्न सक्छ । हाल अनुमान गरिएअनुसार योजनाहरू कार्यान्वयन हुँदै गएमा र तत्कालै सर्वदलीय एवं सर्वपक्षीय सरकार बनेमा २०८३ वैशाख वा जेठको पहिलो हप्तासम्ममा निर्वाचन हुन सक्छ । यदि यो घटनाक्रम अलि ढिलो विकसित भएमा २०८३ मंसिर महिनामा मात्र निर्वाचन हुने अवस्था रहन्छ ।

**दलहरूको फरक-फरक अडान**

जेनजीको सुदन गुरुङ समूहले प्रतिनिधि सभा पुनर्स्थापनाको मागमा सकारात्मक धारणा राखेको छ भने मिराज ढुंगानाको पक्षले जेनजीका माग कार्यान्वयन र सुशासनको प्रत्याभूतिको कुरा उठाएको छ । यी दुवै पक्षको मागलाई गहिरिएर विश्लेषण गर्ने हो भने यसले अन्ततः प्रतिनिधि सभा पुनर्स्थापनाको मुद्दालाई नै टेवा पुऱ्याउने देखिन्छ ।

यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने २०८२ पुस ४ गते धरौटीमा थुनामुक्त भएका छन् । उनले चितवनमा बोल्दै वर्तमान सरकारलाई पूर्ण समर्थन रहेको र निर्वाचन एवं जेनजीका मागका बारेमा सकारात्मक धारणा राखेका छन् । रास्वपा घोषित मितिमै निर्वाचन गराउने पक्षमा उभिएको छ । उता, काठमाडौंमा आयोजित सभामा नेकपाका संयोजक प्रचण्डले निर्वाचन सार्ने हल्लाको विरोध गर्दै कुनै पनि हालतमा घोषित मितिमै निर्वाचन हुनुपर्ने अडान प्रस्तुत गरेका छन् । यसरी हेर्दा रास्वपा र नेकपा फेरि पनि निर्वाचनकै पक्षमा देखिएका छन् ।

**सरकारको कमजोरी र अनिश्चित भविष्य**

यसको विपरीत, जेनजीका अगुवाहरूले भने निर्वाचनलाई भन्दा आफ्ना माग र बचाउलाई बढी महत्त्व दिएका छन् । अन्तरिम सरकारले निर्वाचन गराउने दाबी गरे पनि हालसम्म निर्वाचनको ठोस वातावरण बनाउन सकेको छैन । सुरुमा केही राजनीतिक नेताहरूलाई स्थानहद र विदेश भ्रमणमा रोक लगाइएको थियो । तर, एमालेको महाधिवेशन पश्चात् केपी ओलीले नेतृत्वलाई सरकारले छोएमा देश ठप्प पारिदिने र सरकार नै ढाल्ने चेतावनी दिएपछि सरकार रक्षात्मक बनेको देखिन्छ । हाल जाँचबुझ आयोगको म्याद थपेर सरकार सुरक्षित बस्न खोजेको आभास हुन्छ ।

**देखिएका चार विकल्प**

**समग्रतामा अहिले चारवटा विकल्पहरू देखिएका छन्–**

१) फागुन २१ मै यही सरकारद्वारा निर्वाचन
२) सर्वदलीय सरकार बनाएर २०८२ फागुन २१ मै निर्वाचन
३) संसद् पुनर्स्थापना पश्चात् संविधान संशोधनमार्फत जेनजीका माग सम्बोधन
४) सर्वदलीय सरकार गठन र त्यसपछि निर्वाचन

यीमध्ये सर्वाधिक उपयुक्त विकल्प वर्तमान अन्तरिम सरकारलाई सर्वदलीय एवं सर्वपक्षीय सरकारमा परिणत गरी घोषित मितिमै निर्वाचन सम्पन्न गर्नु हो । तर, वर्तमान सरकारले त्यसका लागि आवश्यक पहलकदमी लिएको देखिँदैन ।

**प्रधानमन्त्री र मन्त्रीहरूको राजनीतिक अक्षमता**

प्रधानमन्त्री सुशीला कार्की राजनीतिक दलका शीर्ष नेताहरूसँग सम्पर्क र संवाद नगर्ने पक्षमा देखिनुहुन्छ भने सरकारका मन्त्रीहरूमा समेत राजनीतिक सोच र पहुँचको अभाव खड्किएको छ । उनीहरू दैनिक प्रशासनिक प्रक्रियामा मात्र अलमलिएको अवस्था छ । यदि मन्त्रीहरूमा राजनीतिक सुझबुझ हुन्थ्यो भने अहिलेसम्म निर्वाचनको माहोल बनिसक्ने थियो । यसले गर्दा जेन-जीको नाममा गठन भएको सरकार न जेन-जीलाई समेटेर अघि बढ्न सक्यो न त राजनीतिक दलहरुलाई नै साथमा लिएर हिड्न सक्यो । सरकार असफलताका मुख्य कारण यिनै हुन् ।

कतिपय मन्त्रीहरू त निर्वाचन लम्बिएर थप अनिश्चिततामा खेल्न पाइने मानसिकता बोकेर बसेको महसुस हुन्छ । उनीहरू निर्वाचनभन्दा पनि आफ्नो मन्त्री पद लम्ब्याएर सुरक्षित अवतरणको पर्खाइमा देखिन्छन् । यदि अन्तरिम सरकार निर्वाचनप्रति गम्भीर भएन र उपयुक्त वातावरण बनाउन सकेन भने निर्वाचनको म्याण्डेट पाएर गठन भएको सरकार असफल हुने र यसको आयु समाप्त हुने निश्चित छ । आजको २९ दिनका दिन अर्थात् २०८२ माघ ६ गते प्रतिनिधि सभाका सदस्यका लागि उम्मेदवारी दिने कार्यक्रम रहेको छ । सम्भवतः २०८२ पुसको अन्तिम हप्तासम्ममा यसको छिनोफानो गर्नै पर्ने अवस्था छ ।

## कांग्रेस : महाधिवेशन...

*पुनर्स्थापनाको बाटोमा मुलुकलाई लैजान खोजेपछि देउवाको मुड चेन्ज भएको पनि बताइन्छ । त्यसरी मुड चेन्ज भएकै कारण अहिले कांग्रेस र एमाले मिलेर संसद पुनर्स्थापनाको बाटोमा लागेको देखिन्छ ।*

*ओलीले देउवालाई सहमत गराएको कारण संसद पुनर्स्थापना हुने भएपछि आफू प्रधानमन्त्री हुने मुडमा पनि देउवा रहेका छन् । अनि, अहिले महाधिवेशन गर्दा थप किचलो हुने र आफू प्रधानमन्त्री हुने बाटो बन्द हुने भएकोले पनि देउवा अहिले महाधिवेशन गर्ने मुडमा नदेखिएको चर्चा भइरहेको हो । २०८२ पुस अन्तिममा महाधिवेशन गर्ने र त्यसपछिको २०८२ फागुनमा चुनाव भएमा देउवा सभापति हुने छैनन् । त्यस्तो अवस्थामा सभापति अर्को व्यक्ति हुने र प्रधानमन्त्री पनि अर्को नै हुने अवस्था आउनेछ । त्यसैले, देउवा अहिले पुनर्स्थापनाको बाटोमा जाँदा आफू प्रधानमन्त्री हुन सकिने बुझाइमा रहेका छन् । त्यही बुझाइका कारण पुनर्स्थापनाको बाटोमा लागेको बताइन्छ । र, महाधवेशन पनि सार्ने गरी छलफल अघि बढेको हो । २०८२ पुस ५ गते शनिबार यो विषयमा नेताहरुले छलफल गरेका थिए । सभापति देउवाकै आव्हानमा भएको छलफलमा महाधिवेशन सार्ने विषयमा छलफल भएको स्रोतहरुले उल्लेख गरेका छन् ।*

## जेन–जी बलप्रयोग...

विषय भएकाले आयोगलाई सहयोग गर्नु नैतिक र संस्थागत दृष्टिले उपयुक्त ठानिएको स्रोतको भनाइ छ । जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक, प्रशासनिक र सुरक्षा सम्बन्धी बहसको केन्द्रमा रहेको यो आयोगको प्रतिवेदनले आगामी दिनमा राज्यको जवाफदेहिता, सुरक्षा निकायको कार्यप्रणाली र मानवअधिकार संरक्षणका सवालमा महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## ओलीले नेतृत्व...

अध्यक्ष ओलीले पोखरेललाई शपथ ग्रहणको बेलामा बोलाएनन् । उल्टै पार्टीभित्र गुट सकिएको भन्दै पोखरेलहरुप्रति कटाक्ष गरेका थिए । पराजित पोखरेललाई साथै राखेर शपथ ग्रहण गरेको भए निर्वाचनको मुखमा पार्टीमा हार्दिकता हुने टिप्पणी एमाले नेताहरुले गरिरहेका छन् । त्यतिमात्र होइन, केन्द्रीय कमिटीको बैठकमा समेत पोखरेललाई बोलाइन । सामूहिक म्यासेज गरिएपनि ओलीले अहिलेसम्म एक कल फोनसमेत नगरेको नेताहरुले बताएका छन् ।

अनि विगतमा पार्टीको सक्रिय राजनीतिबाट विदा लिएका नेताहरुलाई सम्मानजनक विदाई गर्ने चलन थियो । भरतमोहन अधिकारी, सिद्धिलाल सिंहलागयतका नेताहरुलाई सम्मानजनक विदाई गरिएको थियो । अहिले मुकुन्द न्यौपान, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, केशव बडाललगायलतका नेताहरुलाई औपचरिक रुपमा विदाइसमेत नगरिएको गुनासो एमालेमा बढेको छ । त्यसैले, अहिले एमालेमा असन्तुष्टि बढ्न थालेको छ । त्यो असन्तुष्टिले चुनावलाई प्रभाव पार्ने आंकलन पनि भइरहेको छ ।

**रिमालको हारले एमालेभित्र शोक व्याप्त**

एमालेमा विष्णु रिमालको पराजयले निकै तनाव थपेको छ । घमण्डी र सत्ताको मात चढेका रिमाल उपमहासचिवमात्र होइन, केन्द्रीय सदस्यमा समेत पराजित भएका थिए । रिमालको पराजयलाई महासचिव शंकर पोखरेलले गम्भीर रुपमा लिएको उल्लेख गरेका छन् । एमालेको महासचिवमा निर्वाचित भएलगत्तै पोखरेलले महाधिवेशनका सन्देशहरु सार्वजनिक गरेका थिए ।

ती सन्देशहरुको एउटा बुँदामा रिमालको पराजयको विषय समेटिएको छ । त्यो पराजयले एमालेभित्र होहल्ला गर्ने र चर्चा गर्नेहरु निर्वाचित भएको भन्दै योगेश भट्टराई लक्षित टिप्पणी गरेका थिए । भट्टराई मिडियामा अध्यक्ष ओलीविरुद्ध खरो टिप्पणी गर्ने नेता हुन् । अनि, भट्टराई निर्वाचित हुँदा कार्यकर्तामा भिज्न नसकेका रिमाल पराजित भए । एउटै पदमा उनीहरुको प्रतिस्पर्धा थियो । त्यसैले, रिमालको पराजयले योगेश भट्टराईहरुको राजनीतिक बलियो बन्न थालेको संकेतको रुपमा पनि बुझिएको छ । त्यसरी बुझाउन खोजेर एमाले महासचिव पोखरेलले रिमालको पराजयले पार्टीलाई क्षति पुगेको भनेका छन् । त्यतिमात्र होइन, पार्टीको आन्तरिक व्यवस्थापनमा रिमालको योगदान निकै रहेको र व्यवस्थापन गर्ने मान्छेलाई नबुझेर हल्ला गर्नेलाई जिताएको पनि आरोपित गरेका छन् । त्यतिमात्र होइन, भीडले जिताएको आरोप पनि लगाएका छन् । प्रतिनिधिलाई 'भीड' भनेका पोखरेल आखिर त्यही 'भीड'बाट निर्वाचित भएका थिए ।

## केन्द्रमा एकता...

त्यस्तो फाइदा अन्य प्रदेशमा हुने भनेकोले पनि मर्ज नभएको आंशका गरिएको छ ।

त्यसो त, अहिले नै मर्ज गर्दा आउँदो २०८२ फागुनको चुनाव प्रभावित हुने पनि आंकलन रहेको छ । सगठनहरु मर्ज गर्ने केन्द्रीय सदस्यहरुको संख्या टुंगो लगाउँदा असन्तुष्टि बढ्ने त्यो असन्तुष्टिले २१ फागुनको चुनाव प्रभावित हुन सक्ने पनि आंकलन गरिएको छ । प्रचण्ड र माधव नेपालको त्यही बुझाइका कारण पनि अहिले मौन जस्तो देखिएको र चुनाव सरेको अवस्थामा चाहिँ के गर्ने भन्ने अन्यौल देखिएको पनि चर्चा छ ।

त्यसो त, माओवादी केन्द्रमा नेताहरु अहिले नै पनि असन्तुष्ट रहेका छन् । केन्द्रीय कमिटीमा नपरेको झोँक उनीहरुले पोखिरहेका छन् । त्यही झोँकका कारणले पनि समस्या सिर्जना भएको नेताहरुले बताइरहेका छन् । एकीकृत समाजवादीले केन्द्रीय सदस्यहरु थप गरेको र त्यसरी थपिएका केन्द्रीय सदस्यहरु जुनियर भएका कारण माओवादी नेताहरु अहिले नै असन्तुष्ट देखिएका हुन् । माओवादीभित्रको असन्तुष्टि बढेमा जनार्दन शर्माले फाइदा लिनसक्ने भन्दै प्रचण्डले अहिले सबै नेतालाई जिम्मेवारीविहन बनाएर चुनावमा खटाउन खोजेको देखिन्छ । त्यसो त, प्रदेश इन्चार्जहरु पनि प्रचण्ड र माधव नेपालले तय गर्न सकेका छैनन् । उनीहरुवीच भागबण्डा नमिलेको पनि बताइन्छ । सुदूरपश्चिममा भीम रावललाई इन्चार्ज बनाउनेबाहेक अन्य प्रदेशको हकमा सहमति जुटेको छैन ।

## माउन्टेन...

खारेज गरेपछि काउन्सिललाई थप शक्तिशाली बनाएको छ ।

**के भएको थियो ?**

पूर्वप्रधानमन्त्री एवम् तत्कालीन जनता समाजवादी पार्टीका नेता डा. बाबुराम भट्टराईको मानमर्दन भएको भन्दै माउन्टेन टेलिभजनविरुद्ध प्रेस काउन्सिलमा उजुरी दर्ता गरिएको थियो । माउन्टेन टेलिभिजनमा २०७७ असार ३१ गते राजनीतिक ब्यूरोको नाममा एक रिपोर्ट प्रसारित भएको थियो । जसमा पूर्व प्रधानमन्त्री डा.भट्टराईलाई भारतको प्रवक्ता लगायतका आपत्तीजनकक सामाग्रि प्रयोग गरिएको थियो । उक्त विषयमा गम्भीर ध्यानाकर्षण भएको भन्दै 'कारवाही गरिपाउँ' भनेर काउन्सिलमा उजुरी दर्ज भएको थियो । उजुरी लिएर भट्टराईका प्रेस सल्लाहकार विश्वदीप पाण्डे काउन्सिलमा पुगेका थिए । 'समाचार रिपोर्ट बनाउँदा पालना गर्नुपर्ने पत्रकारिताको न्यूनतम र आधारभूत सिद्धान्त तथा आचारसंहिता समेतको पालना नगरी बनाइएको उक्त रिपोर्ट अत्यन्त आपत्तीजनक छ,' कारबाहीको माग गदै उजुरीमा भनिएको थियो ।

भट्टराईको अपमान र मानमर्दन गर्ने र रिपोर्ट प्रसारण गर्ने माउन्टेन टेलिभिजन, टेलिभजनका समाचार प्रमुख वा जिम्मेवार व्यक्ति, रिपोर्ट लेख्ने पत्रकारलगायत संलग्नहरु सबैमाथि हदैसम्मको कानूनी कारवाही गर्न पाण्डेले उजुरीमा माग गरेका थिए । यस विषयमा प्रेस काउन्सिलका तत्कालीन कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठको संयोजक रहेको आचार संहिता उप समितिले उक्त रिपोर्ट पत्रकार आचारसंहिता विपरीत भएकोले कानून अनुसार कारवाही प्रक्रिया अघि बढाएको थियो । प्रेस काउन्सिल नेपालले माउन्टेन टेलिभिजनलाई कालोसूचीमा राख्ने निर्णय लिएको थियो । माउण्टेन टेलिभिजनबाट २०७७ असार ३१ गते पूर्व प्रधानमन्त्री डा.भट्टराई लक्षित गरी सामाग्री प्रसारित भएका थियो । प्रसारित सामाग्रीका शब्दहरुमाथि काउन्सिलले त्यतिबेला गंभीर आपत्ति जनाएको थियो ।

तथ्यगत पुष्टि बेगर एकोहोरो, अशिष्ट एवं अमर्यादित रुपमा सार्वजनिक शिष्टाचार र व्यक्तिको मर्यादामा प्रतिकूल असर पर्ने गरी सम्प्रेषित उक्त सामाग्रीमा प्रयोग भएका शब्दावलीहरु पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन, २०७६) प्रकिकुल सामाग्री के, कसरी सम्प्रेषण हुन गएको हो ? भन्दै शुरुमा टेलिभिजनलाई स्पष्टीकरण सोधियो । तर चित्तबुझ्दो उत्तर नआएपछि काउन्सिलले कारबाही प्रक्रिया अगाडी बढाएको जिकिर सर्वोच्चमा लिएको थियो । काउन्सिलले उक्त सामाग्रीको सन्दर्भमा क्षमायाचना सन्देश प्रशारण गर्न भनिएकोमा समेत टेलिभिजन मार्फत प्रशारण गरिएन । टेलिभजनले नक्कली फुटेज एडिट गरी उपलब्ध गराएको भन्दै काउन्सिललाई समेत झुठा विवरण पेस गरेको जिकिर सर्वोच्चमा लिइएको थियो । काउन्सिलले पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६ ) को दफा ७ (१) (ज) बमोजिम कालोसूचीमा राखी थप कारवाही अगाडि बढाएको थियो । उक्त कारबाही गैरकानूनी र पूर्वाग्रहपूर्ण रहेको दाबी टेलिभजनले लिएको थियो ।

सर्वोच्च अदालतबाट पूर्ण फैसला आउन बाँकी रहे पनि तत्काललाई माउण्टेन टेलिभजनको दाबी खारेज भएको छ । काउन्सिलविरुद्ध परेको रिटमा अन्तिम निर्णय भएकोले अब फैसला पुनरावलोकनको बाहेक अरु कानूनी उपचारका ठाउँ नभएको प्रेस काउन्सिल पक्षधर कानूनव्यवसायीले बताए । उक्त फैसलाले निर्वाध प्रेस स्वतन्त्रताको उपयोग गर्दा पत्रकार आचारसंहिता पालनाको विषयलाई पनि भुल्न नहुने एउटा मानक नजिर स्थापित गरिदिएको छ ।

## मन्दीले हल्लियो...

छन् । यता, अनलाइनखबरबाट पत्रकार सहदेव चौधरीले विदा लिएका छन् । उनले अनलाइनखबर छाडेपछि सामाजिक सञ्जालमा आक्रोश ओकलेका छन् । यसले उपरी हाकिम र आफ्नै सहकर्मीबाट पेलानमा परेको हो कि भन्ने गन्ध आएको छ । अनलाइन् छाडेलगत्तै उनले फेसबुकमा यस्तो आक्रोश पोखेका छन्-'भनिन्छ नि ! समय ईश्वर हो, एक दिन सबैले समयले हिंडाएको बाटोमा हिंड्नैपर्छ । त्यसकारण कसैले पनि घमण्ड नगरे हुन्छ । दिन सबैको आउँछ ।'

मिडिया छाड्ने लहरमा न्यूज-२४ दैनिकमा कार्यरत पत्रकार भाषा शर्मा पनि कार्यरत संस्थालाई चार महिनामै छाडेर नेपाल न्यूज डटकम अनलाईनमा पुगेकी छिन् । उनी नागरिक दैनिक छाडेर न्यूज-२४ दैनिकमा पुगेकी थिइन् । त्यसअघि उक्त दैनिकमा प्रधान संपादक रहेका तीर्थ कोइरालाले सामाजिक सञ्जालमा 'इतिहासकै सबै भन्दा छोटो कार्यकाल' लेख्दै पत्रिकाबाट विदा भएका थिए । कोइरालापछि न्यूज-२४ दैनिकको प्रधान सम्पादकमा नवराज चालिसे नियुक्त भएका छन् । चालिसे न्यूज-२४ टेलिभिजनबाट पत्रिकामा सरेका हुन् । यसैगरी पत्रकार कृष्ण ढुंगाना पुनः नेपालखवर अनलाईनको समाचार संपादकमै फर्किएका छन् । ढुंगानाले केही समय अघि नेपाल न्यूज डटकम छाडेर बसेका थिए । ढुंगाना भन्दा अघि पत्रकार कलेन्द्र सेजुवालले नेपाल न्यूज डटकमलाई बाईबाई गरेका थिए । पत्रकार ढुंगाना नेपाल खवर पुग्दा पत्रकार सीताराम बराल बाहिरिएको खवर छ । यद्यपि, बराल कहाँ जाने भनेर टुंगो लागिसकेको छैन ।

यता, खवरहव अनलाइनको संपादक छाडेर बाहिरिएका अरुण बरालसँगै पत्रकार विजय देवकोटा पनि नयाँ खुलेको 'जसनेपाल' अनलाइनमा पुगेका छन् । बरालले न्याय र कानूनका समाचार, विचार एवम् दर्शनलाई प्रधानता दिने हिसाबले खोलिएको जस नेपालको संपादकीय नेतृत्व सम्हालेका छन् । पत्रकारले एउटा मिडिया छाडेर 'वललो घरको नरे पल्लो घर सरे' गर्दैगर्दा टेलिभिजन पत्रकार राजीव खत्री भने राजनीतिमा हाम्फालेका छन् । उनी न्यूज-२४ टेलिभिजनबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिमा होमिएका हुन् । यही मेसोमा रातोपाटीको ओपेड सम्पादक ध्रुवसत्य परियार पनि बाहिरिएका छन् । कृष्ण ढुंगाना भन्दा केही अघि महेन्द्रनगरका अर्का पत्रकार बच्चु विश्वकर्मा पनि नेपालखवर प्रवेश गरेको बताइएको छ ।

## प्रहरी : जेन–जी...

दानबहादुर कार्की जस्ता कडा मिजास र व्यवसायिक प्रमुख रहेकाले रिक्त पदहरूमा बढुवा प्रक्रिया यथाशीघ्र अघि बढाएर फोर्सलाई चलायमान बनाउने दिशामा सक्रिय रहेकाले ढिलोमा २०८२ पुस ११ गतेभित्रै ११ जना एसपीको एसएसपीमा बढुवा सिफारिस हुने तयारी भइरहेको छ ।

## जेन–जी सम्झौता :...

**अन्य राजनीतिक शक्तिको अनुपस्थिति**

अर्कातिर, सम्झौताले स्वतन्त्र विज्ञ, जेन-जी र युवालाई समेटेर संविधान संशोधन सुझाव आयोग गठन गर्ने प्रस्ताव गरेको छ, तर अन्य राजनीतिक दल र शक्तिलाई समेट्ने कुनै स्पष्ट प्रस्ताव गरेको छैन । यसले सम्झौताका पक्षहरूले अन्य राजनीतिक दल र शक्तिहरूलाई आयोगबाट बाहिर राख्ने परिकल्पना गरेका हुन् कि भन्ने प्रश्न उठ्छ । यदि अरू पक्षको आवाज र सुझावलाई स्थान नदिई आफैं बसेर संविधान संशोधन वा कार्यान्वयनका उपाय खोज्ने सोच बनाइएको हो भने त्यसलाई समावेशी प्रक्रिया मान्न गाह्रो पर्छ ।

**संकुचित सुझावले समस्या बल्झिने जोखिम**

सरकार र सम्झौता वार्तामा सहभागी जेन-जी प्रतिनिधिहरूले अहिलेको सरकार र प्रस्तावित जेन-जी परिषद्को सुझाव मात्रै लिने सोच बनाएर अघि बढेका हुन् भने त्यसले समस्या समाधानभन्दा थप बल्झाउने सम्भावना बढी देखिन्छ ।

**सम्झौतामा उल्लिखित मुख्य प्रावधानहरू**

सम्झौतामा सुशासन कायम गर्न, संविधानको प्रभावकारी कार्यान्वयन गर्दै संवैधानिक, कानुनी तथा संस्थागत सुधारका विषय पहिचान, अध्ययन र विश्लेषण गरी प्रतिवेदन पेश गर्न स्वतन्त्र विज्ञ, जेन-जी र युवा सहित सरोकारवाला रहने गरी "उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग" गठन गर्ने उल्लेख छ । संविधान कार्यान्वयनका दस वर्षको सिंहावलोकन गरी उपलब्धि र कमीकमजोरी पहिचान गर्ने तथा कार्यान्वयनको प्रभावकारिताका लागि ठोस सुझाव दिने कुरा पनि सम्झौतामा समेटिएको देखिन्छ ।

**संरचना, भ्रष्टाचार र प्रतिनिधित्व**

सम्झौताअनुसार उक्त आयोगले सुशासन कायम गर्न, अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार निवारण गर्न, स्वार्थको द्वन्द्व समाधान गर्न, संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउने उपाय खोज्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकांक्षाको समीक्षा गरी समयानुकूल संविधान संशोधनका लागि सुझाव दिनेछ भन्ने उल्लेख गरिएको छ । सम्झौतापत्रमा राष्ट्रप्रमुख, तीनै तहका सरकारका कार्यकारी प्रमुख तथा मन्त्रिपरिषद्का सदस्यको कार्यकाल दस वर्षभन्दा बढी नहुने गरी दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका जनप्रतिनिधिका उम्मेदवारका लागि न्यूनतम उमेर २१ वर्ष राख्ने विषय समेत समेटिएको सार्वजनिक भएको छ ।

**स्वायत्त संस्थाको प्रश्न**

न्यायपालिका, संवैधानिक परिषद्, संवैधानिक आयोग र न्याय परिषद्लाई दलीय हस्तक्षेपबाट मुक्त राखी स्वायत्त र स्वतन्त्र ढङ्गले काम गर्न सक्षम बनाउने तथा राज्य संरचनामा युवाको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न आयोगको संरचना तथा पदाधिकारी नियुक्ति प्रक्रियामा सुधार गर्ने कुरा पनि सम्झौतामा परेको देखिन्छ । पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित गर्न सम्झौताबमोजिम गठन हुने जेन-जी परिषद्ले सल्लाहकारको भूमिका निर्वाह गर्ने व्यवस्था पनि समेटिएको छ ।

**स्पष्टता नदेखिएको कार्यान्वयन**

कार्यकारी प्रमुखले दस वर्षभन्दा बढी पदमा बस्न नपाउने व्यवस्था, न्यायपालिका र संवैधानिक निकायलाई स्वतन्त्र र निष्पक्ष बनाउने तथा निर्वाचन सबैका लागि पहुँचयुक्त र भयमुक्त बनाउने सहमतिलाई समयानुकूल चाहनाका रूपमा लिन सकिए पनि, अहिलेको संविधानको कार्यान्वयन मात्र प्रभावकारी बनाएर यी लक्ष्यहरू कसरी हासिल हुन्छन् भन्ने विषयमा सम्झौता स्पष्ट देखिँदैन ।

**अन्तिम प्रश्न**

यही अस्पष्टताका कारण सरकार र जेन-जीबीचको सम्झौता साँच्चिकै परिवर्तनको आधार बन्छ कि "हात्ती आयो हात्ती आयो फुस्सा"मै सीमित हुन्छ भन्ने गम्भीर प्रश्न उठ्नु स्वाभाविक देखिन्छ ।

## सुरक्षा...

असम्भव हुने अवस्था छ । सुरक्षा निकायहरूको मनोबल खस्किएको, आगजनीबाट क्षतिग्रस्त प्रहरीका संरचना पुनर्निर्माण नहुनु, जलेका सवारी साधन प्रतिस्थापन नहुनु र लुटिएका हतियारको सट्टा नयाँ आपूर्ति नहुनुले सुरक्षा चुनौती थपिएको छ । यही सन्दर्भमा राष्ट्रिय सुरक्षा परिषदको निर्णयअनुसार सरकारले नेपाली सेनाका ६ जना उपरथीको जिम्मेवारी हेरफेर गरेको छ, जसअन्तर्गत तीनवटा पृतनाका प्रमुख सरुवा भएका छन् ।

## मन्त्रीलाई...

संचालन गर्दै आएको दावी गर्ने गरेका छन् । उनले नै यी दुई मन्त्रीको बिचमा 'सेतु' को भूमिका निर्वाह गर्दै कोषमा सुवेदीलाई पुन नियुक्ति गर्न सफल भएको चर्चा छ । २०८२ पुस २ गते सुवेदीको कार्यकाल सकिने थियो । तर, सुवेदीसँगै राम्रै शुभलाभ लिएर उनीहरुलाई चित्त बुझाएर पुनर्नियुक्ति दिलाउन सफल भएको दावी स्रोतले गरेको छ । कोषमा दोश्रोपटक नियुक्ति पडकाउन सफल भएका सुवेदीको मासिक तलव नै डेढ देखि २ लाखसम्म हुने बताइन्छ ।

अझ बेलाबखत हुने विदेश भ्रमण र रारा राष्ट्रिय निकुञ्जहरुबाट हुने आम्दानीका कारण सो पद नियुक्तिका लागि अझ आकर्षक मानिन्छ । मासिक १० लाख भन्दा बढी कमाई हुने भएकोले एक वर्षको तलव र आम्दानी खर्च गरेर उनले पुन नियुक्ति पड्काएको चर्चा मन्त्रालय परिसरमा सुनिने गरेको छ । आफूलाई पूर्व वन मन्त्री ऐनबहादुर शाहीले नै २०८२ साउन १ गतेदेखि लागू हुने गरी पाँच वर्षका लागि नियुक्ति दिएको दाबी सुवेदीले गर्दै आएका छन् । उनले आफू २०८८ सालसम्म पदमा सुरक्षित रहेको भन्दै कर्मचारीहरूलाई सुवेदी र न्यौपानेले दबाब र धम्की दिने गरेको गुनासो बाहिर सुनिन्छ ।

कार्यकाल सकिनै लाग्दा व्यक्तिगत रूपमा कर्मचारीहरूलाई भेटेर नयाँ नियुक्ति पत्र आफूसँग रहेको बताउन थालेपछि कार्यालयको वातावरण त्रासपूर्ण बनेको थियो । सदस्य सचिव सुवेदीले २०८२ साउन १ गतेको नियुक्ति पत्र कोषको आधिकारिक दर्ता किताब (रजिस्टर) मा दर्ता भएको दाबी पनि गरेका छन् ।

तर, दर्ता किताबमा भने कतै दर्ता भएको देखिँदैन । उनले जानाजानी खाली ठाउँ छाड्न र पछि मिलाउने गरी कीर्ते गर्न खोजेको आशंका गरिएको छ । जुन कार्यमा कोषका वरिष्ठ प्रशासकीय अधिकृत ज्ञानेन्द्र शाहले सहजीकरण गरेको आरोप लाग्ने गरेको छ ।

कानूनअनुसार प्रधानमन्त्री सो कोषको संरक्षक हुने र संरक्षकले अध्यक्ष नियुक्त गर्ने व्यवस्था छ । अध्यक्षले नै सदस्य सचिव नियुक्त गर्ने अधिकार राख्ने भएपनि सुवेदीले पूर्व वनमन्त्री शाहीलाई नै अध्यक्ष कायम रहेको देखाउन खोजेका छन् । हालसम्म पनि कोषको आधिकारिक वेबसाइटमा पूर्वमन्त्री शाहीकै तस्बिर यथावत राखिएको छ । जसअनुसार सरकारले नयाँ अध्यक्ष नतोकेको अवस्थाको फाइदा उठाउँदै सुवेदीले पूर्वमन्त्री शाहीबाट ब्याक डेटमा नियुक्ति लिएको देखाएर पदमा टाँसिरहने रणनीति लिएको बताइन्छ । यदि नयाँ अध्यक्ष नियुक्ति भएको खण्डमा भने पुरानो पत्र देखाउने रणनीतिमा उनी लागेको चर्चा छ । सुवेदीले आफ्नो पद जोगाउन तथा पूर्वमन्त्री शाहीलाई खुसी पार्न उनका नाता गोतालाई प्रश्रय दिएको आरोप पनि खेप्दै आएका छन् । उनले यसअघि नै मन्त्री शाहीका भतिजी तथा नातागोता पर्ने एक दर्जनभन्दा बढी व्यक्तिलाई कोषमा नियुक्ति दिएको बताइन्छ । प्रकृति संरक्षण कोष ऐन, २०३९ मा भएको व्यवस्था बमोजिम बोर्डले उनलाई पुन सदस्य सचिव पदमा नियुक्त गरेको भनाईहरु बाहिर आएको छ ।

## सरुवा प्रेमी...

एकैपटक ६० जना सहसचिवहरुको सरुवाको निर्णय गरेको थियो । जसमा चार महिना अघि मात्र कोशी प्रदेशको योजना आयोगबाट वन तथा वातावरण मन्त्रालयमा भित्रिएका मिमांश अधिकारीकोसमेत सरुवामा परेका छन् । जबकि सो मन्त्रालयको कार्यभार संहाल्न आइपुगेका मन्त्री माधव चौलागाईंले एक हप्ता नबित्दै जिल्लाबासी (जुम्ला निवासी) सहसचिव भुपेन्द्र थापालाई सरुवा गरेर ल्याउन अधिकारीको सरुवा गरेको बताइन्छ । सहसचिव अधिकारीलाई भने राष्ट्रिय योजना आयोगमा लखेटेर प्रशासन महाशाखा प्रमुखमा सहसचिव थापालाई भित्र्याइएको छ ।

अन्तरिम सरकारको ध्यान चुनाव गराउनेबाहेक अर्को कुनै नरहेको दावी प्रधानमन्त्री सुशीला कार्की र मन्त्रीहरु मुखले चाहिं गर्दै आएका छन् । जसले गर्दा सरकारको ध्यान चुनाव केन्द्रित भन्दा पनि कर्मचारी सरुवातिर नै केन्द्रित भएको स्वत पुष्टि भएको छ । अर्को रोचक विषय श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयको कार्यभार संहालेको एकहप्ता नबित्दै मन्त्री राजेन्द्र सिंह भण्डारीले बैदेशिक रोजगार विभागमा सुधारको काम गरिरहेका महानिर्देशक कमल भट्टराईलाई जिम्मेवारीबाट हटाएका छन् ।

जबकि, वरिष्ठ सहसचिव भट्टराई २०८२ माघ महिनाको तेश्रो हप्तामा सचिव बढुवाको लाइनमा रहेका छन् । सचिव बढुवापछि सरकारले पदस्थापनाको लागि प्रदेश मन्त्रालयको प्रमुख सचिवमा खटाउने गरेको छ । तर, डेढ वा दुई महिनापछि स्वत प्रदेशमा खटाइने भएपनि पुस ३ गते बिहीवारको मन्त्रिपरिषद बैठकले उनलाई मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा कामकाजका लागि खटाएको छ ।

विभिन्न मन्त्रालय, विभाग, कार्यालय र निकायमा कार्यरत रहेका कर्मचारीलाई विश्वासमा लिएर काम गर्नुपर्ने दायित्व अन्तरिम सरकारको हो । तर, निर्वाचित सरकारले झैं आफू अनुकूल निर्णय गर्दै कार्की सरकारले कर्मचारीहको मनोबल गिराउने गरी सरुवा गरेको भन्दै केहीले असन्तुष्टि जाहेर गरेको बुझिएको छ । अझ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा सरकारले सरुवाको प्रस्ताव गरेका यस्ता विषयमा मुख्यसचिव सुमनराज अर्यालले थप विचार गरेर मात्र प्रमाणित गर्नुपर्ने थियो । तर, उनले पनि सरकारको कार्यालय सहयागी झैं गरी तत्काल निर्णय प्रमाणित गरेर पुस ४ गते शुक्रवार नै सूची सार्वजनिक गरेका थिए ।

उता, आफू अनुकूलका सचिवहरु नहुँदा सरुवा र नियुक्तिमा असर पुगेको भन्दै मन्त्रीहरुले धमाधम सचिव भित्र्याउनेक्रम पनि रोकिएको छैन । प्रधानमन्त्री स्वयम्ले यसअघि संहालेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पशुपति विकास कोषको सदस्य सचिव नियुक्तिमा तत्कालीन सचिव हरिप्रसाद मैनाली बाधक बनेपछि उनलाई हटाएर मुकुन्द निरौलालाई भित्र्याइएको थियो ।

## पशुपतिमा...

२०८२ भदौ २७ गते वर्तमान सरकार गठन भए पनि लामो समयसम्म कोषको रिक्त पदमा नियुक्ति हुन सकेको थिएन । प्रधानमन्त्री स्वयंले सम्हालेको मन्त्रालयअन्तर्गतको कोषमा समेत सदस्य-सचिव नियुक्त गर्न नसकिएको भन्दै सरकारको आलोचना बढ्दै गएको थियो । यहीबीच प्रधानमन्त्री कार्कीले आफू अनुकूल व्यक्ति नियुक्त गर्न खोज्दा तत्कालीन सचिव हरिप्रसाद मैनाली बाधक बनेका थिए । त्यसपछि प्रधानमन्त्रीले सार्वजनिक खरिद तथा अनुगमन कार्यालयमा कार्यरत सचिव मुकुन्द निरौलालाई मन्त्रालयमा सरुवा गर्दै मैनालीलाई सो कार्यालयमा पठाएकी थिइन् । आफूले चाहेको नियुक्तिमा तीव्र विरोध हुने देखेपछि प्रधानमन्त्री कार्कीले मन्त्रालयको कार्यभार मन्त्री सिन्हालाई सुम्पिएको र त्यसलगत्तै ६७ वर्षीय व्यक्तिलाई पशुपति विकास कोषको सदस्य-सचिवमा नियुक्त गरिएको छ । कोषको अध्यक्ष विभागीय मन्त्री रहने कानूनी व्यवस्था रहेकाले मन्त्री सिन्हाले मन्त्रालय सम्हाले लगत्तै आफ्ना सहपाठी प्रकाशमणि शर्मालाई सदस्य-सचिवमा मनोनयन गरेका थिए । ०८२ मंसिर २८ गते मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री सिन्हाले भोलिपल्टै मंसिर २९ गते सोमबार मापदण्ड मिचेर शर्मालाई सदस्य-सचिव पदमा नियुक्त गरेको स्रोतको दावी छ । जबकि संस्कृति मन्त्रालयद्वारा तय गरिएको मापदण्ड अनुसार ६५ वर्ष नाघेका व्यक्तिलाई सदस्य-सचिव नियुक्त गर्न नमिल्ने व्यवस्था छ । तर, जेन-जी आन्दोलन र शहीदहरूको बलिदानबाट बनेको सरकारले ६७ वर्षीय व्यक्तिलाई नियुक्त गरेपछि सिंहदरबार परिसरमै सरकारको निर्णयलाई लिएर आलोचना चुलिएको सुनिन्छ । शर्माको नियुक्ति कानून विपरीत भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गर्ने तयारीसमेत भइरहेको स्रोतको भनाइ छ । रिट दायर भएर अन्तरिम आदेश भएमा उनी सदस्य-सचिवको हैसियतमा काम गर्न नपाउने सम्भावना पनि रहेको बताइन्छ ।

**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं**

- आगो तथा हिटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
- कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार